ॐ नमः शिवाय
शिव पूजा विधि सहित

रूद्रीको पुस्तक

(नेपालीमा अर्थ खुलाइएको)



मदनप्रसाद अर्याल

ॐ नमः शिवाय

शिव पूजा विधि सहित

रुद्रीको पुस्तक

(नेपालीमा अर्थ खुलाइएको)

प्रस्तुति

मदनप्रसाद अर्याल

बालाजु बाइपास, काठमाण्डौं - १६

फोन नं. ४३५१०१२, ४३५००८२

प्रकाशक तथा वितरकः

राम बहादुर के.सी.
नैकाप, पुरानो भञ्ज्याङ
फोन :- ४-३०१८४४

संस्करणः

चौथो २०६२ जेष्ठ

मूल्यः ने. रु. १५०/- भा. रु. ९५/-

लेखन सहयोगीः

पं. पुण्यप्रसाद भण्डारी (साहित्याचार्य)
चन्दनपुर, संखुवासभा

ॐ नमः शिवाय

लेखकको निवेदन

धार्मिक महानुष्ठानहरू मध्ये शिवको पूजा र रुद्रानुष्ठानको गरिमा अत्यधिक छ । रुद्रानुष्ठान तीन प्रकारका छन्:– होमात्मक, जपात्मक र अभिषेकात्मक । होमात्मक अनुष्ठान गर्दा कुण्ड- मण्डप- रचना- स्वाहान्त- मन्त्र विधि आदिको अनिवार्यताले अनुष्ठान–प्रयोजन र सम्पन्न गर्नेलाई हम्मे पर्ने जान्छ । यसैले जपात्मक र अभिषेकात्सक दुई किसिमका रुद्रानुष्ठान सरल र उपयोगी छन् । यी दुईमध्ये पनि अभिषेकात्मक विधि बढी मात्रामा प्रयोगमा आएको छ । रुद्रि पाठ वा रुद्राभिषेक यसै विधि अन्तर्गत पर्दछ । पाशुपत क्षेत्र भनी कहलिएको विश्वको एकमात्र हिन्दु राष्ट्र नेपालमा भगवान् शंकर सदाशिवको पूजा आराधना गर्ने व्यापक प्रचलन भए अनुसार पशुपतिनाथको मन्दिर जस्ता शिवालयहरू र स्वनिवास स्थानहरूमा रुद्राभिषेक अनुष्ठान (रुद्रि पाठ) गर्ने गराइने गरिन्छ । ब्राह्मणहरूद्वारा गराइने यस अनुष्ठानलाई सजिलो पार्न र यजुर्वेदका दुर्बोध्य मन्त्रहरू संकलित भएको रुद्रिको सरल नेपालीमा अन्वयार्थ र भावार्थ समेत खुलाइएको यो पहिलो पुस्तक हो भन्नु अत्युक्ति हुँदैन ।

सन्दर्भ ग्रन्थ सूचिमा उल्लेखित पुस्तकहरूको सहारा लिई यो रुद्रिको पुस्तक तैयार पारिएको हुँदा ती सवै पुस्तकका रचनाकार हरूप्रति आभारी छु। पुस्तक लेखनको प्रारम्भदेखि सहयोग गर्दै आउँनु भएकोमा पं. पुण्यप्रसाद भण्डारीजी (चन्दनपुर) लाई हार्दिक धन्यवाद छ। पुस्तकको तयारी र लोकार्पण गर्न विशेष जोड गर्नुहुने श्री रामजी प्रसाद कोइराला (प्रमुख अध्यागमन कार्यालय, पोखरा) लाई पनि धन्यवाद दिन्छु।

प्रथम संस्करण हुने बखतमा नै पुस्तक आद्योपान्त पढी त्रुटीहरू औंल्याई संशोधन र शब्द चयन समेत गरिदिनु भएकोमा विद्वान् श्री पुरूषोत्तम सापकोटाजी (रेडियो नेपाल) लाई धन्यवाद छ। दोस्रो संस्करण प्रकाशन गर्दा नेपालमा प्रचलनमा रहेको रुद्रीको अनुक्रम खास गरी शान्ति पाठलाई पछिल्लो अंशको रूपमा समायोजन गर्न सुझाव दिनु हुने विद्वान् श्री रामजी प्रसाद अर्यालज्यूलाई धन्यवाद दिन चाहन्छु। यो तेस्रो संस्करण प्रकाशन गर्दा मेरा वाल सखा रक्षा मन्त्रालय सह-सचिव श्री कलाधर शर्मा पौडेल (शुक्लयजुर्वेदाचार्य) ले आद्योपान्त हेरी असुद्धि सच्चाइ, दिनुभएकोमा उहाँलाई धन्यवाद छ। यजुर्वेदका दुरूह मन्त्रहरूलाई सरल नेपालीमा भावार्थ प्रस्तुत गर्ने जमर्को गर्दा अनगिन्ति त्रुटिहरू र कतै कतै अर्थ नमिलेको पनि हुन सक्लान् यसको लागि सम्पूर्ण पाठक वर्गसँग त्रुटीहरू औंल्याई सुझाव प्रदान गर्नको लागि पुनः निवेदन गर्दै प्राप्त सुझाव बमोजिम आगामी संस्करणमा सुधार समेत गर्न प्रतिवद्ध छु। अन्तमा साम्वसदाशिव भगवन् श्री पशुपतिनाथमा भक्तिपूर्वक यो "रुद्रिको पुस्तक पुष्प" समर्पण गर्दछु।

२०६० श्रावण अर्यालि
बालाजु वाइपास, काठमाडौं - १६

मदन प्रसाद अर्यालि

(मदनप्रसाद अर्यालि)

विषय सूची

१.	लेखकको निवेदन	
२.	श्री पशुपत्यष्टकम्	(क)
३.	श्री शिवपञ्चाक्षरस्तोत्रम्	(ख)
४.	प्रणाम प्रार्थना	(ग)
५.	रुद्रीको लागि चाहिने सामग्रीहरु	(घ)
६.	रुद्रा १ भिषेकका प्रकारहरु र पाठविधि	(ङ)
७.	साम्बसदाशिव पूजा विधि	१-२५
८.	षडङ्गन्यास	२६
९.	रुद्री पाठ	
	(क) प्रथम अध्याय	२९
	(ख) द्वितीय अध्याय	३६
	(ग) तृतीय अध्याय	४९
	(घ) चतुर्थ अध्याय	६०
	(ङ) पञ्चम अध्याय	७०
	(च) षष्ठ अध्याय	११३
	(छ) सप्तम अध्याय	११७
	(ज) शान्ति पाठ	१२१
१०.	सन्दर्भ ग्रन्थहरु	
११.	रचनाकारको परिचय (पछिल्लो कभर पेजको भित्री भाग)	

श्री पशुपत्यष्टकम्

पशुपतिं द्युपतिं धरणीपतिं भुजगलोकपतिं च सतीपतिम् ।
प्रणतभक्तजनार्तिहरं परं भजत रे मनुजा गिरिजापतिम् ॥१॥

न जनको जननी न च सोदरो न तनयो न च भूरिबलं कुलम् ।
अवनि को ऽ पि न कालवशं गतं भजत रे मनुजा गिरिजापतिम्॥२॥

मुरजडिण्डिमवाद्यविलक्षणं मधुरपञ्चमनादविशारदम् ।
प्रमथभूतगणैरपि सेवितं भजत रे मनुजा गिरिजापतिम् ॥३॥

शरणदं सुखदं शरणान्वितं शिव शिवेति शिवेति नतं नृणाम् ।
अभयदं करुणावरुणालयं भजत रे मनुजा गिरिजापतिम् ॥ ४॥

नरशिरोरचितं मणिकुण्डलं भुजगहारमुदं वृषभध्वजम् ।
चितिरजोधवलीकृतविग्रहं भजत रे मनुजा गिरिजापतिम् ॥५॥

मखविनाशकरं शशिशेखरं सततमध्वरभाजि फलप्रदम् ।
प्रलयदग्धसुरासुरमानवं भजत रे मनुजा गिरिजापतिम् ॥६॥

मदमपास्य चिरं हृदि संस्थितं मरणजन्मजराभयपीडितम् ।
जगदुदीक्ष्य समीपभयाकुलं भजत रे मनुजा गिरिजापतिम् ॥७॥

हरिविरञ्चिसुरासुरपूजितं यमजनेशधनेशनमस्कृतम् ।
त्रिनयनं भुवनत्रितयाधिपं भजत रे मनुजा गिरिजापतिम् ॥८॥

पशुपतेरिदमष्टकमद्भुतं विरचितं पृथिवीपतिसूरिणा ।
पठति संश्रृणुते मनुजः सदा शिवपुरीं वसते लभते मुदम् ॥९॥

श्री शिवपञ्चाक्षरस्तोत्रम्

नागेन्द्रहाराय त्रिलोचनाय
भस्माङ्गरागाय महेश्वराय ।
नित्याय शुद्धाय दिगम्बराय
तस्मै 'न' काराय नमः शिवाय ॥१॥

मन्दाकिनीसलिलचन्दनचर्चिताय
नन्दीश्वरप्रमथनाथमहेश्वराय ।
मन्दारपुष्पबहुपुष्पसुपूजिताय
तस्मै 'म' काराय नमः शिवाय ॥२॥

शिवाय गौरीवदनाब्जभृङ्ग
सूर्याय दक्षाध्वरनाशकाय ।
श्रीनीलकण्ठाय वृषध्वजाय
तस्मै 'शि' काराय नमः शिवाय ॥३॥

वसिष्ठकुम्भोद्भवगौतमाय-
मुनीन्द्रदेवार्चितशेखराय ।
चन्द्रार्कवैश्वानरलोचनाय
तस्मै 'व' काराय नमः शिवाय ॥४॥

यक्षस्वरूपाय जटाधराय
पिनाकहस्ताय सनातनाय ।
दिव्याय देवाय दिगम्बराय
तस्मै 'य' काराय नमः शिवाय ॥५॥

पञ्चाक्षरमिदं पुण्यं यः पठेच्छिवसन्निधौ ।
शिवलोकमवाप्नोति शिवेन सह मोदते ॥६॥

प्रणाम प्रार्थना

चन्द्रोद्भासितशेखरे स्मरहरे गंङ्गाधरे शङ्करे ।
सर्पैर्भूषितकण्ठकर्णविवरे नेत्रोत्थवैश्वानरे ॥
दन्तित्वक्कृतसुन्दराम्बरधरे त्रैलोक्यसारे हरे ।
मोक्षार्थं कुरु चित्तबृत्तिमचलामन्यैस्तु किं कर्मभिः ॥

ब्रह्मानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिम् ।
द्वन्दातीतं गगनसदृशं तत्त्वमस्यादिलक्ष्यम् ॥
एकं नित्यं विमलमचलं सर्वधी साक्षिभूतम् ।
भावातीतं त्रिगुणरहितं सद्गुरुं तं नमामि ॥

ईश्वरो वरदो नित्यं वृषगामी त्रिशूलधृक् ।
त्रिनेत्र दक्षमथनो रुद्र शान्तिर्ददातुमाम् ॥

रुद्रीका लागि चाहिने सामाग्रीहरु

अवीर	ल्वाङ्	नैवेद्य	रुद्राक्षमाला
केशरी	अलैची	पान	फूलको माला
जौं, तिल, कुश	कपूर	सुपारी	गङ्गाजल (अभिषेकको लागि
अक्षता	अत्तर	धान	जनै
चन्दन	धूपबत्ती	चामल	रातो कपडा
भस्म	गोमूत्र	कुशासन	सेतो कपडा
सिन्दूर	गोबर	पञ्चपात्र	पाटको कपडा
फूलहरू	दूध	आचमनी	पहेंलो कपडा
फलहरू	दही	जलपात्र	काँचो धागो
दूबो	मह	थाली	धोती
बेलपत्र	घ्यू	कटौरा	गम्छा
धतुराको फूल	चिनी	त्रिखुट्टी	गन्जी
तुलसी पत्र	ऋतुफल	शिवलिङ्ग	दक्षिणा, रकम

११

रुद्राऽभिषेकका प्रकारहरू
र
पाठ विधि :

* १ अध्यायदेखि ५ अध्यायका १६ मन्त्रसम्म पूरा पाठ गर्ने ।
* त्यसपछि ५ अध्यायका १ देखि ६६ मन्त्र पूरा पाठ गर्ने ।
* पुन: ५ अध्यायका १ देखि १६ मन्त्र पाठ गर्ने ।
* अनि ६ अध्यायका ८ मन्त्र पाठ गर्ने (यति गर्दा एक आवृत्ति हुन्छ) ।
* १ आवृत्ति पाठ गरी सकेर ७ अध्यायवाट स्वस्ति प्रार्थना मन्त्रहरू पूरा पाठ गरेपछि षडङ्ग रुद्री पाठ हुन जान्छ ।
* ११ आवृत्ति पाठ गर्दा रुद्री पाठ हुन जान्छ
* १२१ रुद्री पाठ गर्दा १ लघु रुद्री हुन्छ ।
* १,३३१ रुद्री पाठ गर्दा १ महा रुद्री हुन्छ ।
* १४,६४१ रुद्री पाठ गर्दा १ अति रुद्री हुन्छ ।

(रुद्री पाठको प्रारम्भ र अन्तमा षडङ्गन्यास गर्नुपर्छ ।)

अथ पूजाविधिः

स्नान गरेर शुद्ध भई वस्त्र पहिरिएर शुद्ध आसनमा वस्नु । आचमन गर्नु यज्ञ (पूजा) गर्ने ठाउँ पवित्र (शुद्ध) हुनु अनिवार्य छ ।

पञ्चगव्य निर्माण:

गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ॥
ईदृशं पञ्चगव्यं च पवित्रं कायशोधनम् ॥
गायत्र्यादाय गोमूत्रं गन्धद्वारेति गोमयम् ॥
आप्यायास्वेति वै क्षीरं दधिक्राब्णेति वै दधि ॥
घृतं मिमिक्षेति घृतं देवस्येति कुशोदकम् ॥
दशबारं तु गायत्र्या प्रणवेन पुनः पिबेत् ॥

गोमूत्र राख्ने मन्त्रः

ॐ भूर्भुवः स्वः तत्सवितुर्व्वरेण्यं भर्गोदेवस्य धीमहि । धियो यो नः प्रचोदयात् ॥

चन्दन राख्ने मन्त्रः

ॐ गन्धद्वारान् दुराधर्षां नित्यपुष्टाङ्करीषिणीम् ॥
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥

दूध राख्ने मन्त्रः

ॐ आप्यायस्व समेतुतेविश्वतः सोमवृष्ण्यम् भवावाजस्य संगथे ॥

दही राख्ने मन्त्रः

ॐ दधिक्राब्णो ऽ अकारिषञ्जिष्णोरश्वस्य वाजिनः ।
सुरभिनो मुखाकरत्प्रणऽआयू ꣳ षि तारिषत् ॥

घ्यू राख्ने मन्त्रः

ॐ तेजोसिशुक्रमस्यमृतमसिधामनामासि प्रियन्देवांनामनाधृष्टन्देवयजनमसि ॥

कुश राख्ने मन्त्रः

ॐ देवस्यत्वासवितु प्प्रसवेशिवनोर्ब्बाहुभ्याम्पूष्णोहस्ताभ्याम् ॥

(त्यसपछि दशपटक गायत्री मन्त्र पढेर तलको मन्त्रले प्राशन गर्नु)

यत्वगस्थिगतं पापं देहे तिष्ठति मामके ।
प्राशनात् पञ्चगव्यस्य दहत्यग्निरिवेन्धनम् ॥

कर्मपात्र बनाउने विधिः

ॐ यदेवा देवहेडनन्देवासश्चकृमावयम् ॥
अग्निर्मातस्मादेवसो विश्वान्मुञ्चत्व ८ हसः ॥
ॐ यदि दिवा यदिनक्तमेना ८ सि च कृमावयम् ॥
वायुर्मातस्मादेनसो विश्वान्मुञ्चत्व ८ हसः ॥
ॐ यदिजाग्रद्यदिस्वप्न ऽ एना सि चकृमाव्वयम् ॥
सूर्योमा तस्मादेनसो वश्वान्मुञ्चत्व ८ हसः ॥

(यी मन्त्र पढी तामाको थालीमा कुशलाई टुक्रा पारेर हाल्ने)

कर्मपात्र बनाउने :

तामाको थालीमा हातले छोएर देवताको आव्हान गर्नु कुशले बनाइएको पवित्रलाई कर्मपात्रमा राख्ने मन्त्र–

ॐ पवित्रेस्थोवैष्णव्यौसवितुर्व्वःप्रसवऽउत्पुनाम्यच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभिः ॥
तस्य ते पवित्रपते पवित्रपूतस्य यत्कामः पुने तच्छकेयम् ।

कर्मपात्रमा जल हाल्ने मन्त्रः

ॐ शन्नो देवीरभिष्टय ऽ आपो भवन्तु पीतये शंयोरभिस्रवन्तुनः ।

चन्दन राख्ने मन्त्र :

ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्टाङ्करीषिणीम् ।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥

जौ राख्ने मन्त्र:

ॐ यवोसि यवयास्मद्द्वषोयवयारातीः ॥
दिंवेन्त्वान्तरिक्षायत्वा पृथिव्यैत्वा शुन्धन्ताँल्लोकाः पितृषदना पितृषदनमसि ॥

तिल राख्ने मन्त्र :

ॐ तिलोसि सोमदैवत्यो गोसवो देवनिर्मितः ॥
प्रत्नमद्भिः पृक्तः स्वधया पितॄँल्लोकान्पृणाहि नः ।

अक्षता राख्ने मन्त्र :

ॐ अक्षन्नमीमदन्त ह्यवप्रिया॒अधूषत ॥
अस्तोषत स्वभानवो विप्रानविष्टया मतीषोजान्विन्द्र ते हरी ॥

फूल राख्ने मन्त्र :

ॐ श्रीश्च ते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रूपमश्विनौ व्यात्तम् ॥
इष्णन्निषाणामुम्म॒इषाण सर्व्वलोकम्म॒इषाण ॥

(अव कर्मपात्र तयार भयो त्यसवाट तीनवटा कुशका टुक्रा र जल लिई आफ्ना शिर र पूजा स्थान तथा पूजा सामानमा तलको मन्त्र पढी अभिषेक (छर्कने) गर्ने ।)

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थांगतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।
ॐ पुण्डरीकाक्षः पुनातु ॥ *(३ पटक भन्ने)*

(त्यही कुशलिई प्रतिज्ञा सङ्कल्प गर्ने र प्रायश्चित्त गोदान पनि गर्ने)

ॐ अपसर्पन्तु ये भूताः भूमिमाश्रिताः ।
ये भूताः विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥
अपक्रामन्तु भूतानि पिशाचाः सर्वतोदिशम् ।
सर्वेषामविरोधेन शिवकर्म समारभे ॥

शिवको स्तुति गर्दै तलका क्रमले आफ्नो रक्षा गर्नुः

ॐ ईश्वराय नमः (पूर्वपट्टि) । ॐ आग्नेयेश्वराय नमः (आग्नेयमा) ।
ॐ यमेश्वरायनमः (दक्षिणमा) । ॐ निऋतीश्वराय नमः (नैऋत्यमा) ।
ॐ वरुणेश्वराय नमः (पश्चिममा) । ॐ वायव्येश्वराय नमः (वायव्यमा) ।
ॐ सोमेश्वराय नमः (उत्तरपट्टि) । ॐ ईशानेश्वराय नमः (ईशान पट्टि) ।
ॐ आकाशेश्वराय नमः (आकाशपट्टि) । ॐ अनन्तेश्वराय नमः (भुईमा) ।
ॐ सर्वेश्वराय नमः *(सर्वैतिर) सर्स्यू छर्नु पर्दछ ।*

प्राणायाम गर्ने मन्त्र :

ॐ नमो भगवते रुद्राय (पूरक ३६, कुम्भक १२ रेचक १२ प्राणायाम) गर्नुपर्छ ।

ब्राह्मण वरणम् :

(कुश, तिल, जौ, जल, फूल, चन्दन, अक्षता, सुपारी, पान, वस्त्र, जनै, रूपियाँ औठी आदि द्रव्य लिई पूर्वपट्टि फर्कि पश्चिम फर्केका ब्राम्मणहरूलाई निमन्त्रणा गर्दै तलका संकल्प पढ्ने ।)

हरिः ॐ तत्सत्, तत्सत्, तत्सत् ॐ विष्णु ३ अद्य श्रीमद्भगवतो महापुरूषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकल जगत् सृष्टिकारिणो श्री व्रह्मणो द्वितीयपरार्ध्दे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमेयुगे प्रल्हादाधिपत्ये मनौ सप्तमे सत्यत्रेताद्वापरान्ते वौद्धावतारे कलौ कलियुगस्य प्रथमचरणे जम्वूद्विपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तर्गते....अमुक देशे....अमुक प्रदेशे....अमुकनदी तीर्थादि सन्निधौ....अमुकस्थाने इह पुण्यभूमौ षष्ठीसम्वत्सराणां मध्ये....अमुकनाम संवत्सरे श्री सूर्ये....अमुकायनगते.... अमुकऋतौ मासानामुत्तमे....अमुकमासे....अमुक पक्षे....अमुकवासरान्वितायां.... अमुक तिथौ यथानामनक्षत्र योगलग्नकरणमुहुर्तान्वितायां....अमुकराशिस्थिते श्री सूर्ये....अमुक राशिस्थिते चन्द्रमसि....अमुकराशिस्थिते देवगुरौ अन्येषु शेषेषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु एवं ग्रहगणविशेषणविशिष्टायां अद्येह....अमुक गोत्रः....अमुक प्रवरः.... अमुकनामाऽहं मम.... सकुटुम्वस्यायुरारोग्यैश्वर्योत्तरहर्षविजयोदयपूर्वकदारिद्रय, दुःखदुर्भिक्षदौर्मनस्यदौर्भाग्योपसर्ग महामारीत्रासोल्कापात निघात भूकम्पादि सूचितदोषोपशान्त्यर्थ दुःस्वप्नसुस्वप्नतावाप्तिपूर्वकवालग्रहदशान्तर्दशागोचरदशा दोषोपशान्त्यर्थं वाह्याभ्यन्तरज्वरातिसारापस्मारश्वासकासादिसमस्तरोगाणां झटितिनिवृत्तिपूर्वकमारोग्यावाप्तयेश्रीसाम्वसदाशिवप्रीतये दीपकलश-गणेशपूजन-

रक्षावन्धनपूजन सूर्यादिनवग्रह-पूजनपूर्वक श्रीसाम्वसदाशिवोपरि अविच्छिन्नजलधारया (दुग्धधारयावा) अभिषेककर्तुं तथा श्रीमहाकाली श्रीमहालक्ष्मी-श्रीमहासरस्वती प्रसादसिध्दय यथासंख्यकावृत्ति मार्कण्डेयपुराणान्तर्गतसप्तशतीस्तोत्र पाठकर्मकर्तुं तथा अस्मिन्कर्मणि परमेश्वरप्रीतिद्वारासर्वाभ्युदयावाप्तये पुण्याहवाचनं च कर्तुं....अमुक गोत्रम् वा गोत्रान्.... व्राह्मणं वा व्राह्मणान् एभिश्चन्दनपुष्पाक्षतताम्वूलयज्ञोपवीतद्रव्याभरणादिभिस्त्वां वा युष्मान्, अहं वृणे (भनी सामान भूँईमा राख्नु पर्छ र प्रत्येक व्राह्मणलाई टीका लगाई वरण सामग्री दिनु पर्दछ) ।

पुण्याह वाचनम् :

चन्दन, अक्षता, फूल, पान, सुपारी (सिगो), द्रव्य (रूपैयाँ) वस्त्र आदि हातमा लिई तीन, चार, पाँच व्राह्मणलाई टिका लगाई हातमा फल लिई तलका वाक्य पढ्ने ।

अद्येह ऽ मुक गोत्रो ऽ मुक प्रवरो ऽ मुकनामाहं मम, अमुककर्मणि (भनेको ठाउँमा के कर्म गर्ने हो । उदाहरणका लागि (रूद्राभिषेक कर्मणि, वा सप्तशती पाठकर्मणि वा अन्य कुनै कर्म छ त्यो उच्चारण गर्ने) पुण्याहवाचनार्थं नानानामगोत्रान् शर्मणो व्राह्मणान् एभिश्चन्दनपुष्पाक्षतताम्वूल पूगीफलं द्रव्य वस्त्रालंकारादिभिः युष्मानहं वृणे, वा पुण्याहं वाचयिष्ये (भनी सामान व्राह्मणलाई दिने) अनि हातमा फल लिई २ हात जोड्दै तलको वचन भन्ने ।

हरिः ॐ तत्सत ३, ॐ विष्णुः ३ (इत्यादिदेश काल संम्फेर) ॐ अद्येहऽमुक....गोत्रस्यामुक.....मम अमुककर्मणि "भो व्राह्मणाः पुण्याहं भवन्तो व्रुवन्तू" भनी ३ पटक उच्चारण गर्दै हात जोड्ने । व्राह्मणहरूले तलको मन्त्र पढ्ने ।

> ॐ पुण्याहम्, ॐ पुण्याहम्, ॐ पुण्याहम् । ॐ पुनन्तुमा देवजनाः पुनन्तु मनसाधियः ॥
> पुनन्तु विश्वाभूतानि जातवेदः पुनीहिमा ॥

पुन : पूर्ववत् (फेरी त्यस्तै कुशजल फल लिई हात जोड्दै)

ॐ अद्येत्यादि...मम...अमुक कर्मणिः "भो व्राह्मणाःस्वस्ति भवन्तो व्रुवन्तु" *(३ पटक)* ।

व्राह्मणहरू :

स्वस्तिर्याअविनाशाख्या पुण्या कल्याणकृद्यतः ॥
विनायकप्रिया नित्यं स्वस्तयस्ता भवन्तु मे ॥ *ॐ स्वस्तिः ३ पटक भन्ने ।*

ॐ स्वस्तिनऽइन्द्रोवृद्धश्रवाः स्वस्तिनः पूषाविश्ववेदाः ।
स्वस्तिनस्ताक्ष्योऽअरिष्टनेमिःस्वस्तिनो बृहस्पतिर्दधातु ॥

पुनः (फेरी) ॐ अद्येत्यादि मम अमुक कर्मणि "भो ब्राह्मणाः ऋद्धिं भवन्तो ब्रुवन्तु" ३ पटक भन्ने ।

ब्राह्मणहरू :

ॐ ऋध्दयन्ताम्, ओं ऋध्दयन्ताम्, ओं ऋध्दयन्ताम्
ॐ सत्रस्य ऋद्धिरस्यगन्म ज्योतिरमृताऽअभूम ।
दिवं पृथिव्याऽअध्यारूहामाबिदाम देवान्त्स्वर्ज्योतिः ॥

पुनः (फेरी) ॐ अद्येत्यादि.....मम.....अमुक कर्मणि "भो ब्राह्मणाः वृद्धिं भवन्तो ब्रुवन्तु" (३ पटक भन्नें)

विष्णुना चाभ्यनुज्ञाता देवजातिसमन्विता ॥
हरन्ती सर्व पापानि बृद्धिर्भवतु सा मम ॥ "ॐ वृद्धि" ३ पटक भन्ने ।

ॐ ज्यैष्ठ्यञ्चमऽआधिपत्यञ्चमे मन्युश्चमेभामश्चमेमश्चमेम्भश्चमेजेमाचमे महिमाचमेवरिमाचमेप्रथिमाचमेवर्षिमाचमेद्राधिमाचमेवृद्धञ्चमे वृद्धिश्चमेयज्ञेन कल्पन्ताम् ॥

पुनः (फेरी) ॐ अद्येत्यादि.....मम.....अमुक कर्मणि ॥ भो ब्राह्मणाः कल्याणं भवन्तो ब्रुवन्तु" ३ पटक भन्ने ।

पृथिव्यामुद्धृतायां तु यत् कल्याणं पुरा कृतम् ॥
ऋषिभिर्देवगन्धर्वैस्तत् कल्याणं ब्रुवन्तु मे ॥

ब्राह्मणहरू : "ॐ कल्याणम्" ३ पटक भन्ने

ॐ यथेमांवाचंकल्याणीमावदानिजनेभ्यः ॥ ब्रह्मराजन्याभ्याᳬशूद्राय चार्यायचस्वायचारणायच ॥ प्रियोदेवानांदक्षिणायैदातुरिहभूयासमयम्मेकामः समृद्ध्यतामुपमादो नमतु ॥

पुनः (फेरी) ॐ अद्येत्यादि....मम....अमुक कर्मणि भो ब्राह्मणाः शान्तिं भवन्तो ब्रुवन्तुं ३ पटक

शङ्खासुरादिनाशेन या शान्तिस्तु धरातले ॥
तथा शुद्धिर्हि देवानां सा शान्तिस्तु भवेन् मम ॥

ब्राह्मणहरू : *ॐ शान्तिः ॐ शान्तिः ॐ शान्तिः ।*

ॐ द्यौः शान्तिन्तरिक्ष ६ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः ॥ वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्व्व ६ शान्तिः शान्तिरेवशान्तिः सामा शान्तिरेधि ॥

पुनः (फेरी) ॐ अद्येह....मम....अमुक कर्मणि भो ब्राह्मणाः श्रियं भवन्तो ब्रुवन्तु ३ पटक

श्रीकल्याणमवाप्नोति चिरञ्जीवी भवेन्नरः ॥
सर्वव्याधिविनिर्मुक्तस्तस्य श्रियं ब्रुवन्तु मे ॥

ब्राह्मणहरू : *ॐ श्रीः ॐ श्रीः ॐ श्रीः ।*

ॐ मनसः काममाकूतिंवाचः सत्यमशीय ॥ पशूनां रूपमन्नस्यर सोयशः श्री श्रयताम् ॥

(तलको मन्त्र पढ्दै पहिले दिइएको फूल दूवो र सुपारी टीका लगाई यजमानलाई दिने ।)

ॐ मन्त्रार्थाः सफलाः सन्तु पूर्णाः सन्तुमनोरथाः॥
शत्रूणां बुद्धि नाशोऽस्तु मित्राणामुदयोऽस्तु वः ॥
भद्रमस्तु शिवं चास्तु महालक्ष्मी प्रसीदतु ॥
रक्षन्तु त्वां सदादेवा आशिषः सन्तु सर्वदा ॥

अर्घ बनाउने सामान : *(दीपपूजा अघि नै तयार गर्ने)*

(जल, दूध, कुश, दहि, अक्षता, जौ, तिल, सर्ष्यू, दूवो, फल, यी चीजले बनेको अष्ट अष्टाङ्ग अर्घ्य भनिन्छ) ।

पञ्चामृत बनाउने सामान

दूध, दही, घिउ, मह, शख्खर (चिनी) मिसाईएको पञ्चामृत हुन्छ ।

(वस्त्र र नरिवल फल कुनै भाँडामा अगाडि राखेर दूईहात जोडी तलका श्लोक पढी गणेशलाई अर्पण गर्नु) ।

अथ दीपपूजनम्

अर्घस्थापन पूजन गर्ने र पञ्चामृत तयार गरेर दीपप्रज्वलन (दियो बाल्ने)

मन्त्रः ॐ स्थिरोभववीडवङ्ग्ऽआशुर्भववाज्यर्वन् ॥
पृथुर्भवसुखदस्त्वमग्नेः पुरीषवाहणः ॥
नमो ऽ स्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरुबाहवे ॥
सहस्रनाम्ने पुरूषाय शाश्वते सहस्रकोटियुगधारिणे नमः ॥

आवाह्न गर्ने :

ॐ दीपनारायणाय इह आगच्छ इह तिष्ठ मम पूजां गृहाण ।
ॐ दीपनारायणाय नमः ।

(पाद्य, अर्घ्य, आचमनीय, पञ्चामृत, शुद्धोदक, चन्दन, अक्षता, फूल, धुप, दीप, नैवेद्य, भेटी चढाएर बत्तीलाई पूजा गर्ने)

प्रार्थनाः

(चन्दन, अक्षता, फूल लिएर हात जोड्दै)
शुभं भवतु कल्याणमारोग्यं शुखसम्पदः ॥
कर्मणां साक्षिरूपस्त्वं दीपज्योतिर्नमोऽस्तुते ॥

अथ कलशपूजनम्

ईशानपट्टि नकुच्चिएका धातुको वा माटाको घडा घैला सिंगारी धानमाथि चामल, चामलमाथि कलशलाई कपडाले वेरेर राख्नुपर्छ । कलश चोखो जलले भर्नु पर्छ । आँप, वर, पीपलका पात दुवो तुलसीदल वा पत्र पञ्चपल्लव, पंचामृत कलशभित्र हाल्नु पर्छ । कर्मपात्रवाट कुशका टुक्रा फूल पानी समेत हातमा लिएर कलशका मुखमा छोएर यसमा पूजा हुने देवताहरूको आवाहन गर्नुपर्छ ।

भूमिशोधनम्: *(कलश स्थापना गरेको भूमिमा छुने)*

ॐ भूरसि भूमिरस्यदितिरसिविश्वधाया विश्वस्य भुवनस्य धर्त्री ॥
पृथिवींयच्छपृथिवीन्दृ ६ पृथिवीम्माहि ६ सी : ॥

धान्यस्थापनम्: *(धान छुने)*

ॐ धान्यमसिधिनुहिदेवान्प्राणायत्वोदानायत्वाव्यानायत्वा ॥
दीर्घामनुप्रसितिमयुषेधान्देवोव: सविताहिरण्यपाणि: प्रति
गृब्भ्णात्वच्छिद्रेणपाणिनाचक्षुषेत्वामहीनाम्पयोसि ॥

कलशस्थापनम् : *(कलशमा छुने)*

ॐ इमम्मेवरूणश्रुधीहवमद्याचमृडय । त्वामवस्युराचके ॥

कलशमा जल भर्ने :

ॐ वरूणस्योत्तम्भमसि वरूणस्य स्कम्भसर्जनीस्यो वरुणस्य ऽ ऋतसदन्यसि वरूणस्य ऽ ऋतसदनमसि वरूणस्य ऽ ऋतसदनमासीद ॥

सर्वौषधी :

याऽओषधी: पूर्वा जातादेवेब्भ्यस्त्रियुगंपुरा ।
मनैनुवब्भ्रूणामह ६ शतन्धामानिसप्तच ॥

पंचरत्नानि :

हिरण्यगर्भ: समवर्तताग्रे भूतस्यजात: पतिरेक ऽ आसीत् ॥
सदाधार पृथिवीन्द्यामुतेमाङ्कस्म्मै देवाय हविषाविधेम ॥

पूगीफलादीनि:

ॐ या: फलिनीर्याऽअफलाऽअपुष्पायाश्च पुष्पिणी ६ ॥
बृहस्पति प्रसूस्तानीमुञ्चन्त्व ६ हस ॥

यवान् (जौ) :

ॐ ओषधय: समवदन्त सोमेन सहराज्ञा ॥
पस्मै कृणोतिब्राह्मणस्त ६ राजन्पारयामसि ॥

गन्धम् (चन्दन) :

गन्धद्वारादुरांधर्षां नित्यपुष्टांकारीषिणीम् ॥
ईश्वरीं सर्वभूतानां तामिहोपव्हयेश्रियम् ॥

दूर्वा (दूबो):

ॐ काण्डात्काण्डात्प्ररोहन्तीपुरूष ६ पुरूषस्परि ॥
एवानो दूर्व्वेप्प्रतनुसहस्रेणशतेन च ॥

सप्तमृद : *(सात ठाउँको चोखो माटो)*

ॐ स्योनापृथिविनोभवनानृक्षरानिवेशनी । यच्छानः शर्म्मसप्रथाः ॥

पञ्च पल्लव : *(आँप, वर, पिपल, डुम्री, चाप, यी पाँच पल्लव)*

ॐ अश्वत्थेवोनिषदनंपर्णेवोवसतिष्कृता ।
गोभाजऽइत्किलासथयत् सनवथपूरूषम् ॥

दध्यक्षतैर्भूषणम् : *(दही र अक्षताले कलशलाई रंगाउने)*

ॐ प्रजापतेनत्वदेतान्यन्योविश्वारूपाणिपरिताबभूव ॥
यत्कामास्तेजुहुमस्तन्नोऽअस्तुवय ७ स्यामपतयोरयीणाम् ॥

वस्त्रयुग्मेनवेष्टनम् : *(रातो सेतो जोडी कपडाले कलश वेरिदिने)*

ॐ बृहस्पते ऽ अतिपदर्यो ऽ अर्हाद्युमद्विभातिक्रतुमज्जनेषु ॥
यदीदयच्छवसऽऋतप्रजाततदस्माऽसुद्रविणन्धेहिचित्रम् ॥

आम्रपल्लव : *(आँपका पात कलशको मुखमा राख्ने)*

ॐ अम्बेऽअम्बिकेम्बालिकेनमानयतिकश्चनः ॥
ससस्त्यश्वकः सुभद्रिकाङ्काम्पीलवासिनीम् ॥

वरूणमावाह्यपूजयेत् : *(कलशमा वरूणको आवहान गरी पूजा गर्ने*

ॐ तत्वायामिब्रह्मणावन्दमानस्तदाशास्तेयजमानोहविर्भिः ॥
अहेडमानो वरूणेहवोध्युश ६ समान ऽ आयु ६ प्रमोषी ६ ॥

गंगादितीर्थान्यावाहयेत् :

(गङ्गा आदि तीर्थहरूको आवाहन गरी चन्दन अक्षता फूलले कलशमा पूजा गर्ने)

ॐ सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ॥
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ॥

कलशंस्पृष्ट्वा, अभिमन्त्रयेत् : *(कलश छोई रहने)*

ॐ कलशस्य मुखे विष्णुः कण्ठे रूद्रः समाश्रितः ॥
मूलेत्वस्यस्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ॥
कुक्षौ तु सागराः सर्वे सप्तद्वीपा वसुन्धरा ।
ऋग्वेदोऽथ यजुर्वेदः सामवेदोऽप्यथर्वण : ॥
अङ्गैश्च सहिताः सर्वे कलशन्तु समाश्रिताः ॥

प्रार्थनाः *(हात जोरेर प्रार्थना गर्ने)*

देवदानवसंवादे मथ्यमाने महोदधौ ॥
उप्तन्नेऽसि तथा कुम्भ विधृतो विष्णुना स्वयम् ॥
त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः ॥
त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणाः प्रतिष्ठिताः ॥
शिवः स्वयं त्वमेवासि विष्णुस्त्वं च प्रजापतिः ॥
आदित्या वसवो रूद्रा विश्वेदेवाः सपैतृकाः ॥
त्वयि तिष्ठन्ति सर्वेऽपि यतः कामफलप्रदाः॥
त्वत्प्रसादादिमं यज्ञं कर्तुमीहे जलोद्भव ॥
सान्निध्यं कुरू देवेश ! प्रसन्नो भव सर्वदा ॥
(यो मन्त्र भनिसकेपछि कलशलाई ढोगीदिनु)

अथ गणेश पूजनम्

(गणेशको पुजाका लागि तलको संकल्प गर्ने)

ॐ अद्येह मम गृहे रूद्राभिषेककर्मणि निर्विघ्नपरिसमाप्त्यर्थं रूद्राभिषेक कर्माङ्गतया श्रीगणेशपूजनमहं करिष्ये । *(भनी संकल्प गर्नु)*

आवाहनम् :

(चन्दन, अक्षता, फूल, दूवो लिई गणेशलाई छोई तलको मन्त्रले आह्वान गर्ने)

ॐ गणानांत्वागणपतिध्दवामहेप्प्रियाणान्त्वाप्प्रियपतिध्दवामहे निधिनान्त्वानिधिपति ध्दवामहेव्वसोमम ॥ आहमजानिगर्व्भधमात्वमजासिगर्व्भधम् ।

हे हेरम्बत्वमेह्येहि अम्बिकात्र्यम्बकात्मजः ॥
सिद्धिबृद्धिपतेत्र्यक्षलक्षलाभयुतः शिव ॥
नागस्य नागहारत्वं गणराज चतुर्भुज ॥
भूषितैः स्वायुधैर्दिव्यैः पाशाङ्कुशपरश्वधैः ॥
आवाहयामि पूजार्थ रक्षार्थ च मम क्रतो : ॥
इहागत्य गृहाण त्वं पूजां क्रतुं च रक्ष माम् ॥

ॐ भू र्भुवः स्वः गणपते सिद्धिवुद्धिसहित सायुध सवाहन साङ्ग सपरिवार इह आचच्छ इह तिष्ठ मम (यजमानस्य) पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव, ॐ भू र्भुवः स्वः गणपतये सिद्धि वृद्धि सहिताय सायुधा सवाहनाय सपरिवाराय इदमासनं समर्पयामि ॐ गणपतये नमः (१) आवाहनम् (२) आसनम्, (३) पाद्यम (४) अर्घ्यम्, (५) स्नानम्, (६) पंचामृतस्नानम्, (७) शुद्धोदकस्नानम्, (८) वस्त्रम्, (९) यज्ञोपवीतम, (१०) चन्दनम्, (११) दूर्वाक्षतान्, (१२) धूपम्, (१३) दीपम्, (१४) नैवेद्यम्, (१५) आचमनीयजलम्, (१६) ताम्बूलम् (१७) दक्षिणाद्रव्यम् (१८) पादवन्दनम् ।

रक्ष रक्ष गणाध्यक्ष रक्ष त्रैलोक्य रक्षक ॥
भक्तानामभयङ्कर्ता त्राता भव भवार्णत् ॥
द्वैमातुर कृपासिन्धो षाण्मातुराग्रज प्रभो ॥
वरदस्त्वं वरं देहि वाञ्छितं वाञ्छितार्थद ॥
अनेन फलदानेन फलदोऽस्तु सदा मम ॥

गणेश प्रार्थना

सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो निघ्ननाशो गणाधिपः ॥
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।

द्वादशोतानि नामानि यः पठेच्छृणुयादपि ॥
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
संग्रामे संकटे चैव विघ्नस्तस्य नजायते ॥
वक्रतुण्ड महाकाय सूर्यकोटि समप्रभः ।
निर्विघ्नं कुरू मे देव प्रसन्नो भव सर्वदा ॥

रक्षाबन्धन तयार गर्ने

(तामाको भाँडामा रक्षा डोरीलाई रंगाई त्यसमा दूवो, सर्स्यू, जौ, चन्दन, गोवर (गाईको), दही हालेर ईशान कलशको फेदमा राखेर रक्षावन्धन राखेको पात्रलाई पनि हातले छोएर तलको नारायण कवच पढ्नु) ।

नारायण कवच

पूर्वे रक्षतु गोविन्द आग्नेयां धरणीधरः ॥
याम्यां रक्षतु वाराही नारसिंहस्तु नैर्ऋते ॥
वारूण्यां केशवो रक्षेद् वायव्यां मधुसूदनः ॥
उत्तरे श्रीधरो रक्षेदैशान्यां तु गदाधरः ॥
ऊर्ध्वं गौवर्धनो रक्षेदधस्तात्तु महीधरः ॥
एवं दशदिशो रक्षेद् वासुदेवो जनार्दनः ॥
यज्ञाग्रं रक्षताच्छक्तःपृष्ठे वै पद्यमुत्तमम् ।
वामपार्श्वे गदा रक्षेद् दक्षिणे च सुदर्शनं ॥
उपेन्द्रः पातु ब्रह्माणमाचार्य पातु वामनः ॥
ऋग्वेदमच्युतो रक्षेद् यजुर्वेदमधोक्षजः ॥
कृष्णो रक्षतु सामानमथर्वाणं च माधवः ॥
उपविष्टाँश्च विप्राँस्ताननिरुद्धोऽभिरक्षतु ॥
यजमानं सपत्नीकं पुण्डरीकाक्ष रक्षतु ॥
रक्षाहीनं च यत्स्थानं तत्सर्व रक्षताद्धरिः ॥
वेदमन्त्रैस्तु कर्तव्या रक्षा शुभ्रैस्तु सर्षपैः ॥
कृत्वा पोटलिकां पूर्वं बध्नीयात् दक्षिणे करे ॥

रक्षाबन्धनको पूजा

ॐ रक्षोहणं वलगहनं वैष्णवीमिदमहन्तं वलगमुत्किरामि यम्मे निष्ट्यो यममात्योनिचखानेदमहन्तंवलगमुत्किरामियम्मेसमानोयमसमानो निचवानेदमहन्तं वलगमुत्किरामिपमम्मेसवंन्धुर्षमसवन्धुर्निचखानेदमहन्तं वलगमुत्किरामियम्मेसजातोयमसजातो निचखानेत्कृत्याङ्किरामि ।

स्वराडासिसपन्नहा सत्रादाडस्यभिमातिहा जनराडसि रक्षोहा सर्वराडस्यमित्रहा ॥

ॐ रक्षोहणोवोवलगहनः प्प्रोक्षामिव्वैष्णवान्क्षोहणोवोवलगहनो वनयामिवैष्णवान्रक्षोहणोवोवलगहनोवस्तृणामिव्वैष्णवान्रक्षोहणोवावलगहनं उपदधामिवैष्णवीरक्षोहणौवां वलगहनौ पर्यूहामिवैष्णवीवैष्णवमममसिवैष्णवाः स्त्थ ।

ॐ सप्तऽऋषयः प्रतिहिताः शरीरेसप्तरक्षन्तिसदमप्रमादम् ॥ सप्तापः स्वपतोलोकमीयुस्तत्रजागृतोऽअस्वप्नजौसत्र सदौ च देवौ ॥

कलशस्कन्धप्रदेशेपूजयेत्:

ॐ गणपत्यादि पञ्चायतनेभ्यो नमः ॐ सूर्यादि नवग्रहेभ्यो नमः ॥ ॐ विनायकादिपञ्चलोकपालेभ्यो नमः ॥ ॐ ईश्वराद्यधिदेवेभ्यो नमः ॥ ॐ अग्न्यादिप्रत्यधिदेवेभ्यो नमः ॥ ॐ इन्द्रादिदशदिक्पालेभ्यो नमः ॥ ॐ ध्रुवाद्यष्टवसुभ्यो नमः ॥ ॐधात्रादिद्वादशादित्येभ्यो नमः ॥ ॐवीरभद्राद्येकादशरूद्रेभ्यो नमः ॥ ॐ गौर्यादिषोडशमातृभ्यो नमः ॥ ॐ आवहादि सप्तमरुद्भ्यो नमः ॥ ॐ विनायकाय नमः ॥ ॐ व्रह्मणे नमः ॥ ॐ विष्णवे नमः ॥ ॐ रूद्राय नमः ॥ ॐ अर्काय नमः ॥ ॐ वनस्पतये नमः ॥

(गणपत्यादिपञ्चायतनदेवता-सूर्यादिनवग्रह-विनायकादिपञ्चलोकपाल ईश्वरादि अधिदेवता, अग्न्यादि प्रत्यधिदेवता, इन्द्रादि दशदिक्पाल, ध्रुवादि अष्टवसु, धात्रादि वाऱ्ह सूर्य, वीरभद्रादि एघार रूद्र, गौरी आदि सोऱ्ह मातृका, आवहादि सात वायु, विनायक, व्रह्मा, विष्णु, रूद्र सूर्य वनस्पतिको आवहादि सोऱ्ह उपचारले पूजा गरी धूप, वत्ती नैवेद्य चढाई हात जोडी प्रार्थना गर्नुपर्छ) ।

मन्त्र : *(प्राथना गर्ने)*

सूर्यः सौर्यमथेन्दुरिन्द्रपदवीं सन्मंगलं मङ्गलः
सद्बुद्धिंच बुधो गुरूश्च गुरूतां शुक्रः सुखं शं शनिः ॥
राहुर्बाहुबलं करोतु सततं केतुः कुलस्योन्नतिं
नित्यं प्रीतिकरा भवन्तु मम ते सर्वेऽनुकूलाः ग्रहाः ॥

ततो प्रधानदेवता : *(साम्वसदाशिवं पूजयेत्)*

(साम्वसदा श्रीशिवलाई पूजा गर्नका लागि ठूलो पात्र (आरी) वा खडकुलाका बीचमा शिवको लिङ्ग सहितभएको शिवलाई राखी तलका विधि अनुसार क्रमैले पूजा गर्नुपर्छ) ।

अथ ध्यानम् : *(हातमा फूल लिई शिवको ध्यान गर्ने) पूर्वाङ्ग पूजा*

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्वलाङ्ग परशुमृगवराभीतिहस्तं प्रसन्नम् ॥
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥
(यति भनी फूल शिवजीमा चढाउनु)

आवहानम् : *(पून: फूल लिई हात जोर्ने)*

ॐ नमस्ते रूद्रमन्यवऽउतोत इषवेनमः ॥ बाहुभ्यामुततेनमः ॥
एह्येहि गौरीश पिनाकपाणे । शशाङ्कमौले वृषभाधिरूढ ।
देवादेवेश महेश नित्यं गृहाण पूजां भगवन्नमस्ते ॥
(यति भनी हातमा लिएको फूल शिवमा चढाउँने)

आसनम् : *(अव कुशको टुक्राको आसन शिवमा चढाउने)*

ॐ यातेरुद्रशिवातनूरघोरापापकाशिनी ।
तयानस्तन्वांशन्तमयागिरिशन्ताभिचाकशीहि ॥
रम्यं सुशोभनं दिव्यं सर्वसौख्यकरं सुभम् ॥
आसनं च मया दत्तं गृहाण परमेश्वर ॥

पाद्यम्:

(पाद्य भनेको शुद्ध सफा र तातो अनि अत्तर आदि सुगन्धले युक्त जल पाउ (गोडा) धुनका निमित्त पञ्चपात्रमा राखिन्छ सवै जल चढाउनु पर्छ)

ॐ यामिषुङ्गिरिशन्तहस्तेविभर्ष्यस्तवे ॥
शिवाङ्गिरित्रताङ्कुरुमाहि ६ सीः पुरुषञ्जगत् ॥
उष्णोदकं निर्मलं च सर्वसौगन्ध्य-संयुतम् ॥
पादप्रक्षालनार्थाय दत्तं ते प्रतिगृह्यताम् ॥

अर्घ्यम् :

(दही, जौ, तिल, दूवो, चन्दन, अक्षता, फूल, फल अर्घौतांमा राखी जल हाली बनाएको वस्तुलाई अर्घ्य भनिन्छ)।

ॐ शिवेनवचसात्वागिरिशाच्छावदामसि ॥
यथानः सर्वमिज्जगदयक्ष्म ६ सुमनाऽअसत् ॥

अर्घ्य गृहाण देवेश गन्धपुष्पाक्षतैर्युतम् ॥
करूणाकर देवेश प्रसन्नो भव सर्वदा ॥

आचमनीयम् :

(यो चीज सम्पूर्ण तीर्थवाट ल्याइएको जलमा सुगन्धि चीज मिसाई पञ्चपात्रमा राखिन्छ। शिवलाई आचमन गर्न चढाउनु पर्छ)।

ॐ अद्ध्यवोचदधिवक्ताप्प्रथमोदैव्योभिषक् ॥
अहींश्चसर्वाञ्जम्भयन्त्सर्वाश्चयातुधान्योधराचीः परासुव ॥

सर्वतीर्थसमायुक्तं सुगन्धिविमलं जलम् ।
आचम्यतां मया दत्तं चन्द्रशेशर शङ्कर ॥

स्नानीयम् :

(स्नान गराउने जल, गङ्गा, सरस्वती, रेवा पयोष्णी, नर्मदा आदि तीर्थस्थलवाट वगेकी नदीको पवित्र जलले युक्त पञ्चपात्रमा राखिन्छ। शिवलाई त्यही जल स्नानका निमित्त चढाउनु पर्छ)

ॐ असौयस्ताम्रोऽअरुणऽउतबब्भ्रुःसुमङ्गलः ।
येचैन ६ रुद्राऽअभितोदिक्षुश्रिताः सहस्रशोवैषा ६ हेडऽईमहे ।
गङ्गा-सरस्वती-रेवा-पयोष्णी-नर्मदा जलै : ॥
स्नापितोऽसि मया देव ततः शान्तिं कुरूष्व मे ॥

पञ्चामृतम् तत्रादौ पयसा :

(पञ्चामृतमा पहिले दूधले शिवलाईं स्नान गराउनु पर्छ)
ॐ पयः पृथिव्यांपयऽओषधीषुपयो दिव्यन्तरिक्षेपयोधाः ॥
पयस्वतीः प्रदिशः सन्तुमह्यम् ॥

कामधेनु समुद्भूतं सर्वेषां जीवनं परम् ॥
पावनं यज्ञहेतुश्च पयः स्नानार्थमर्पितम् ॥

शुद्धोदक स्नानम्: *(शुद्ध जलले शिवलाई स्नान गराउने)*

ॐ आपोऽअस्मान्मातरः शुन्धयन्तुघृतेननोघृतत्वः पुनन्तु ॥
विश्व ६ हिरिप्प्रम्प्रवहन्तिदेवीरुदिदाभ्यः शुचिरापूत ऽ एमि ॥

दध्नाः *(दहिले स्नान गराउने शिवलाई)*

ॐ दधिकाब्णोऽअकारिषञ्जिष्णोरश्वस्यब्वाजिनः ॥
सुरभिनोमुखाकरत्प्रणऽआयु षितारिषत् ॥
पयसस्तु समुद्भूतं मधुराम्लं शशिप्रभम् ॥
दध्यर्पितं मया देव स्नानाय प्रतिगृह्यताम् ॥

शुद्धोदकः *(शुद्ध जल)*

ॐ आपोऽअस्मान्मातरः.................................

घृतस्नानम्: *(घिउले शिवलाई स्नान गराउने)*

ॐ घृतम्मिमिक्षेघृतमस्ययोनिर्घृतेश्रितोघृतम्वस्यधाम ॥
अनुष्वधमावह मादयस्वस्वाहा कृतंवृषभव्वक्षिहव्यम् ॥

नवनीतसमुत्पन्नं सर्वसन्तोषकारकम् ॥
घृतं तुभ्यं ददाम्येतत् स्नानाय प्रतिगृह्यताम् ॥

शुद्धोदक स्नानम् : *(शुद्ध जलले स्नान गराउने)*

ॐ आपोऽअस्मान्:.................................

मधुः *(महले स्नान गराउने)*

ॐ मधुव्वाताऽऋतायतेमधुक्षरन्ति सिन्धवः ॥ माध्वीर्नः सन्त्वोषधीः ॥ मधुनक्तमुतोषसोमधुमत्पार्थिव ६ रजः ॥ मधुद्यौरस्तुनः पिता ॥ मधुमान्नो वनस्पतिर्मधुमांऽअस्तु सूर्यः ॥ माध्वीर्गावोभवन्तुनः ॥

तरुपुष्पसमुद्भूतं सुस्वादु मधुरं मधु ॥
तेजपुष्टिकरं दिव्यं स्नानार्थ प्रतिगृह्यताम् ॥

शुद्धोदक स्नानम् :

ॐ आपो ऽ अस्मान्.................

शर्करा स्नानम् :

ॐ अपा ६ रसमुद्वयस ६ सूर्येसन्त ६ समाहितम् ॥ अपा ६ रसस्य योरसस्तंवोगृहव म्युत्तममुपयामगृहीतोसीन्द्रायत्वाजुष्टंगृह्णाम्येषतेयोनिरिन्द्रायत्वाजुष्टतमम् ॥

इक्षुसारसमुद्भूता शर्करा पुष्टिकारिका ॥
मलापहारिणी दिव्या स्नानाय प्रतिगृह्यताम् ॥

शुद्धोदक स्नानम् :

ॐ आपो ऽ अस्मान्..................

गन्धोदक स्नानम्ः *(चन्दन र जल मिसाई चढाउने)*

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ॥ ईश्वरीं सर्वभूतानां तामिहोपव्हयेश्रियम् ॥

मलयाचलसम्भूतं चन्दनागरुवासितम् ॥
सलिलं देवदेवेश स्नानार्थ प्रतिगृह्यताम् ॥

उद्वर्तनस्नानम्ः *(सुगन्धिद्रव्य र चन्दन मिलाई शिवलाई चढाउने)*

ॐ अंशुनातेऽअंशु ६ पृच्यतांपरुषाः परु ॥ गन्धस्तेसोममवतुमदाय रसोऽअच्युतं६ ॥

नाना सुगन्धिद्रव्यं च चन्दनं रजनीयुत्तम् ॥
उद्वर्तनं मया दत्तं गृक्षण शशिशेखर ॥

शुद्धजलं :

ॐ आपोऽअस्मान् ....

अव चन्दन, अक्षता, फूल, विल्वपत्र धूप, दीप, नैवेद्य आदि नाम मन्त्रसले चंढाउने।

॥ इति पूर्वाङ्गपूजा॥

रूद्राभिषेक

ॐ साम्वसदाशिवाय नमः- यो मन्त्रले चन्दन, अक्षता, विल्वपत्र (वेलपत्र) धूप, वत्ती नैवेद्यहरू अर्पण गरी रूद्राभिषेक शुरू गर्नुपर्छ। रूद्राभिषेक गर्दा तामाको भाँडाको पानी शिवजीका शिरको वीचमा जल पर्ने गरी प्वाल पारेको भाँडो (पात्र) र अर्को त्यस पात्रवाट झरेको जल जम्मा हुने ठूलो ताम्रपत्र वा अन्य कुनै पात्र राखी रूद्राभिषेक शुरू गर्नु पर्छ।।

ध्यानम्:

(रूद्राभिषेक शुरू गर्नुभन्दा पहिले तलको श्लोक पढी स्तुति गर्नुपर्छ)

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं ।
रत्नाकल्पोज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम् ॥
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानम् ।
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥

हरि ॐ गणानान्त्वावाट रूद्राभिषेक शुरू गरी संकल्प (प्रतिज्ञा) गरे जति आवृत्ति पाठ गरी शान्ति पाठपढिसकेपछि अनि पुनः उत्तराङ्ग पूजा गर्नुपर्छ।

उत्तराङ्गपूजा

(उत्तराङ्ग पूजामा जोडी वस्त्र, जनै सुपारी, चन्दन अक्षता, फूल, वेलपत्र धूप वत्ती नैवेद पान मसला दक्षिणा, क्षमायाचना र आरती गर्नुपर्छ ।)

वस्त्रम्: *(सर्व प्रथम जोडी वस्त्र शिवजीलाई अर्पण गर्नुपर्छ ।)*

ॐ असौयोवसर्पतिनीलग्रीवोघिलोहितः ॥
उतैनङ्गोपाऽअदृश्रन्नदृश्रन्नुदहार्य ठ सदृष्टोमृडयातिनः ॥
(सर्वभूताधिके सौम्ये लोकलज्जानिवारणे ॥
मयोपपादिने तुभ्यं वाससी प्रतिगृह्यताम् ॥)

– वस्त्रं समर्पयामि ॥

आचमनीय जलम्:

सर्वतीर्थसमायुक्तं सुगन्धि विमलं जलम् ॥
आचम्यतां मया दत्तं चन्द्रशेखर शङ्कर ॥

यज्ञोपवीतम् :

नवभिस्तन्तुभिर्युक्तं त्रिगुणं देवतामयम् ॥
उपवीत चोत्तरीयं गृहाण परमेश्वर ॥

नमोऽस्तुनीलग्रीवाय सहस्राक्षायमीढुषे ॥
अथोयेऽअस्य सत्वानोहन्तेभ्योकरन्नमः ॥

आचमनीय जलम्:

सर्वतीर्थ समायुक्तं सुगन्धिं विमल जलम् ॥
आचम्यतां मया दत्तं चन्द्रशेखर शङ्कर ॥

चन्दनम्:

ॐ प्रमुञ्चधन्वनस्त्वमुभयोरात्न्योर्ज्याम् ॥
याश्चतेहस्तऽइषवः पराताभगवोव्वप ॥

श्रीखण्डं चन्दनं दिव्यं गन्धाढ्यं सुमनोहरम् ॥
विलेपनं सुरश्रेष्ठ चन्दनं प्रतिगृह्यताम् ॥

- चन्दनं समर्पयामि ॥

भस्म :

ॐ प्रसद्य भस्मनायोनिमपश्चपृथिवीमग्ने ।
स ६ सृज्यमातृभिष्ट्वं ज्योतिष्भान् पुनरासदः ॥
श्री भगवते साम्वसदाशिवाय नमः

-भस्मं समर्पयामि ॥

अक्षतान्: *(अक्षता चढाउने)*

ॐ अक्षन्नमीमदन्तहृयवप्प्रिया ऽअधूषत अस्तोषतस्वभा
नभोविप्प्रानविष्टयामतीयोजान्विन्द्रतेहरी ॥

अक्षताश्च सुरश्रेष्ठ कुङ्कुमाक्तान् सुशोभनान् ॥
मया निवेदितान् भक्त्या गृहाण परमेश्वर ॥

- अक्षतान् समर्पयामि ॥

पुष्पाणि: *(फूलहरू शिवजीलाई चढाउनु पर्छ)*

ॐ विज्ज्यन्धनुः कपर्दिनोविशल्ल्योवाणवाँ ऽउत ॥
अनेशन्नस्यवो ऽइषव ऽआभुरस्यनिषङ्गधिः ॥

माल्यादीनि सुगंधीनि मालत्यादीनि वै प्रभोः ॥
मया ऽऽनीतानि पुष्पाणि पूजार्थ प्रतिगृह्यताम् ॥

-पुष्पाणि समर्पयामि ॥

विल्वपत्राणि: *(वेलपत्रहरू शिवजीलाई चढाउनु पर्छ)*

ॐ शिवोभवप्रजाभ्योमानुषीभ्यस्त्वमङ्गिर ।
माद्यावापृथिवी ऽअभि शोचिर्म्मान्तरिक्षम्माव्वनस्पतीन् ॥

त्रिदलं त्रिगुणाकारं त्रिनेत्रं च त्रिधायुधम् ॥
त्रिजन्मपापसंहारमेकविल्वं शिवार्पणम् ॥

- विल्वपत्रं समर्पयामि ॥

धतुर फलपुष्पाणिः

ॐ व्कार्षिरसि समुद्रस्य त्वक्षित्या ऽउन्नयामि । समापोऽअदभिरग्मत समोषधीभितेषधीं : ॥ श्री भगवते साम्बसदाशिवाय नमः, धत्तुरफलानि समर्पयामि ॥

धुपम्ः

(धूप सल्काई शिवजीका अगाडि दुई हातले समाती घुमाउनु पर्छ)

ॐ यातेहेतिर्मीढुष्टमहस्तेवभूवतेधनुः ॥
तयास्मान्विश्वतस्त्वमयक्ष्मया परिभुज ॥
वनस्पतिसोद्भुतो गन्धाढ्यो गन्ध उत्तमः ॥
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥

- धूपमाघ्रापयामि ॥

दीपमः *(वत्ती वाली भगवान शिवलाई देखाउनु पर्छ)*

ॐ परितेधन्वनोहेतिरस्मान्वृणक्तुविश्वतः ॥
अथोयऽइषुधिस्तवारेऽ अस्मन्निधेहितम् ॥
आज्यं च वर्तिसंयुक्तं बन्हिना योजितं मया ॥
दीपं गृहाण देवेश त्रैलोक्यतिमिरापहम् ॥

–दीपं दर्शयामि ॥

नैवेद्यम्ः

ॐ अवतत्त्यधनुष्ट्व ६ सहस्राक्षशतेषुधे ॥
निशीर्यसल्ल्यानाम्मुखाशिवोनः सुमनाभव ॥
शर्करामृतसंयुक्तं मधुरं स्वादु चोत्तमम् ॥
उपहारं समानीतं नैवेधं प्रतिगृह्यताम् ॥

- नैवेद्ययामि ॥

आचमनीयः

(नैवेध चढाएपछि एक आचमनि जल चढाउनु पर्छ तलको श्लोक पढ्दै)

संर्वतीर्थ समायुक्तं सुगन्धिं विमलं जलम् ॥
आचम्यतां वगन्नाथ मया दत्तं हि भक्तितः ॥
एलोशीरलवङ्गादिकर्पूरादिसुवासितम् ॥,
प्राशनायाऽहृतं तोयं गृहाण परमेश्वर ॥

- आचमनीयम् समर्पयामि ॥

तास्बूलम्:

(पान, सुपारी, ल्वाङ्ग,अलैंची, सुकुमेल, काजु, छोहरा, पेस्ता वदाम दालचिनी, आदि चढाउनु पर्छ)

ॐ नमस्त्तऽआयुधायानातताय धृष्णवे ॥
उभाभ्यामुतते नमो वाहुव्भ्यान्तवधन्वने ॥
पूगीफलं महद्दिव्यं नागबल्लीदलैर्युतम् ॥
एलाचूर्णादि संयुक्तं ताम्बूलं प्रतिगृह्यताम् ॥

– पूगीफलं च समर्पयामि ॥

दक्षिणाम्: *(परमेश्वर शिवलाई दक्षिणा चढाउनु पर्छ)*

ॐ हिरण्यगर्भः समवर्तताग्रेभूतस्यजातः पतिरेक ऽ आसीत् सदाधार
पृथिवीन्द्यामुतेमाङ्कस्मैदेवाय हविषा विधेम ॥
हिरणयगर्भगर्भस्थं हेमवीजं विभावसोः ॥
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ॥

– दक्षिणाद्रव्यं समर्पयामि ॥

कर्पूरारार्तिक्यम्:

(अव कपूर र धेरै वत्ती आरतीमा राखी उठेर भगवान शिवलाई आरती घुमाउदै आरती गर्नुपर्छ)

ॐ इद ऽहविःप्रजननम्मेऽअस्तुदशवीर ६ सर्वगण ६ स्वस्तये ॥
आत्मसनिप्रजासनिपशुसनिलोकसन्यभयसनि ॥
अग्नि ६ प्रजाम्वहुलाम्मे करोत्वन्नं पयोरेतोऽअस्मासुधत्त ॥
कदलीगर्भसंभूतं धनसारं मनोहरम् ॥
आरार्तिक्यमहं कुर्वे पश्य मे वरदोभव ॥

– (आरार्तिक्यं दर्शयामि ॥)

प्रदक्षिणाः

(पूरै यज्ञलाई दाहिने पार्दै घुम्ने पूरै यज्ञ प्रदाशिणा गर्न सम्भव नभए भगवान शङ्करलाई दाहिने पारि अर्धप्रदक्षिणा गर्नुपर्छ । अर्धप्रदक्षिणा भनेको शिवजी राखिएको लिङ्गको चढाएको जल झर्ने टुप्पो न नाघी त्यहाँसम्म पुगी पुनः फर्केर यतावाट पनि

लिङ्गको टुप्पोसम्म पुगी प्रदक्षिणा गर्नुलाई अर्धप्रदक्षिणा भनिन्छ। यो शिव पुराणमा उल्लेख छ।)

ॐ मानोहान्तमुंतमानोऽअर्भकंमानऽउक्षन्तमुतमानऽउक्षितम् ॥
मानोवधिः पितरम्मोतमातरम्मानः प्रियास्तन्वोरुद्ररीरिषः ॥

यानिकानि च पापानि जन्मान्तरकृतानि च ॥
तानि सर्वाणि नश्यन्तु प्रदक्षिण पदे पदे ॥

– प्रदक्षिणां समर्पयामि ॥

पुष्पाण्यादाय बद्धाञ्जलिः पठेत् :

(फूलहरू दुवै हातमा लिई अञ्जलि बाँधेर तलका मन्त्रहरू पढेर सकेपछि परमेश्वर शिवलाई अञ्जलीको फूल चढाउने।)

ॐ मानस्तोकेतनयेमानऽआयुषिमानो गोषुमानोऽअश्वेषुरीरिषः ॥
मानोव्वीरान्द्रभामिनोवधीर्हविष्मन्तः सदमित्वाहवामहे ॥

नानासुगन्धिपुष्पाणि देशकालोद्भवानि च ॥
पुष्पाञ्जलि मयादत्तं गृहाण परमेश्वर ॥
आवाहनं न जानामि न जानामि विसर्जनम् ॥
पूजां चैव न जानामि प्रसीद परमेश्वर ॥
विधिच्युत भक्तिहीनमुपचारविवर्जितम् ॥
यत्पूजितोऽसि भगवंस्तेनापीशप्रसीदसि ॥
ग्रहपीडाः प्रशाम्यन्तु भूतबाधा विनश्यतु ॥
ज्वरादयोऽखिलारोगाः विनश्यन्तु त्वदिच्छया ॥
शिवशङ्कर विश्वात्मन् भूतेश्वर दयामय ॥
भवत्स्मरणमात्रेण रक्ष नः पक्षवर्जितान् ॥

– पुष्पाञ्जलीं समर्पयामि ॥

अभिषेक गर्ने।

भूयसी दक्षिणा :

(रूद्राभिषेक आदि गरिएका कर्मको ब्राह्मणहरू र अन्य कन्या कुमार दुःखी दरिद्री समेतलाई दिइने दक्षिणा दान निम्न संकल्प अनुसार गर्ने।)

ॐ अद्येत्यादि मम श्री साम्वसदाशिवप्रीतिद्वारा नानाविधव्याधि प्रशमनपूर्वक निरुपद्रवायुष्यता ऽ वाप्तये (यथा संख्याकावृत्या कृतस्य रूद्राभिषेक कर्मण: साङ्गतायै इमां दक्षिणां (यथा नाम दैवतम्) अरु सप्तशती, वेद मृत्युञ्जय् शनि मृत्युञ्जय आदि पाठ भए त्यस्को वचन मिलाई) रूद्राध्याय पाठकर्तृभ्यो नानानामगोत्रेभ्यो व्राह्मणेभ्यो कन्याकुमारीकाभ्यश्च यथाभागं विभज्य युष्मानहं संप्रददे । ॐ तत्सन्नमम ॥

(अव यज्ञपरिपूर्ण भएको भगवान शिवलाई अर्पण गर्न वनाएको कर्मपात्रमा वाँकी रहेका कुशका टुक्रा कर्मपात्रको जल र आफूले लगाएको पवित्र समेत फुकाली हातमा लिई तलको मन्त्र पढी जलकुश पवित्र भूमिमा राखी त्यो जल शिरमा लगाउनु पर्छ) ।

ॐ कायेन वाचामनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा निसृति:स्वभावात् ॥
करोमियद्यत्सकलं परस्मै नारायणयेति सर्मपयेतत् ॥

- ॐ तत्सत् शिवार्पणमस्तु ॥

यस्यस्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ॥
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ॥

- ॐ साम्वसदाशिवार्पणमस्तु ॥

॥ इति संक्षिप्त शिवार्चनपूजाविधि: ॥

अथ षडङ्गन्यासः

मनो॒ जूति॑र्जुषतामाज्य॑स्य बृह॒स्पति॑र्य॒ज्ञमि॒मं त॑नो॒त्वरि॑ष्टं य॒ज्ञ९

स॒मि॒मं द॑धातु । विश्वे॑ दे॒वास॑ऽइह मा॑दयन्ता॒मो३म्प्रति॑ष्ठ

ॐ हृदयाम नमः ॥ १ ॥

मनको समान वेग भएका सूर्यदेव यस घृत आहुतिलाई सेवन गरून् । वृहस्पतिदेव यो हाम्रो यज्ञलाई अहिंसित राखेर विस्तारित तुल्याउन । तिनले यस यज्ञलाई स्वयं जिम्मा लिउन् । यो यज्ञमा विश्वेदेव आनन्दित रहून् । ती दुवै देवले यज्ञ सफल तुल्याउन आशीवार्द दिंदै जाऊन् । (वेद २ । १३)

अबो॑ध्य॒ग्निः स॒मिधा॒ जना॑नां॒ प्रति॑ धे॒नुमि॑वाय॒तीमु॒षास॑म्

य॒ह्वाऽ इ॑व॒ प्र व॒यामु॒ज्जिहा॑ना॒ः प्र भा॒नव॑ः सिस्र॒ते नाक॒मच्छ॑

ॐ शिरसे स्वाहा ॥२॥

समिधाहरूवाट समिन्धन अग्नि प्रज्वलित भयो । जसरी उपाकालमा गाईलाई दुहिन्छ तथा प्रज्ज्वलित अग्निको ज्वाला आकाशतिर फैलिन्छ र पंक्षीहरूमा समर्थ पंक्षी प्रातः कालमा आहाराको अन्वेषणार्थ अन्तरिक्षमा उड्दछ । (वेद १५ । २४)

ॐ शिखायै वषट् ॥३॥

मू॒र्द्धानं॑ दि॒वोऽअ॑र॒तिं पृ॑थि॒व्या वै॑श्वान॒रमृ॒तऽआ जा॒तम॒ग्निम्

क॒वि॒ꣳ स॒म्राज॒मति॑थिं॒ जना॑नामा॒सन्ना पात्रं॑ जनयन्त दे॒वाः

द्युलोकको सूर्यभाववाट मूर्धाभूत पृथ्वीको संचरणशील यज्ञमा अरणि मन्थनवाट उत्पन्न क्रान्त, द्रव्य, सम्राट यजमानादिका अतिथिभूत र मुखमा सदा विद्यमान सुन्नारूप खाद्यपात्र वैश्वानरलाई देवहरूले उत्पन्न गरे । (वेद ३३ । ८)

ॐ कवचाय हुम् ॥ ४॥

मर्मा॑णि ते॒ वर्म॑णा छादयामि॒ सोम॑स्त्वा॒ राजा॒मृते॑ना॒नु व॑स्ताम्

उ॒रोर्वरी॑यो॒ वरु॑णस्ते कृणोतु॒ जय॑न्तं॒ त्वानु॑ दे॒वा म॑न्दतु

हे वीर ! तिम्रा मर्मस्थानलाई म कवचद्वारा ढाकिदिनेछु । राजा सोमले तिमीलाई अमृतमा डुवाइदिने छन् । राजा वरूणले तिम्रा कवचलाई पृथुको भन्दा पनि श्रेष्ठ वनाइदिऊन् र तिम्रो जय गर्दै देवताहरूले अझै धेरै प्रोत्साहित गरून् । (वेद १७ । ४९)

विश्वतश्चक्षुरुत विश्वतोमुखो विश्वतो बाहुरुत विश्वतस्पात्
सं बाहुभ्यां धमति संपतत्रैर्द्यावाभूमी जनयन्देवऽएकः

ॐ नेत्रत्रयाय वौषट् ॥ ५ ॥

विश्वकर्मादेवका सर्वत्र चक्षु, मुख, वाहु, पाद छन् । उनै एकाङ्गी परमात्मादेवले यो स्वर्ग र पृथिवीलाई उत्पन्न गर्दै आफ्नै हात र चरणवाट ठीक-ठाक गरेर तत् स्वरूप वनाइदिऊन् । (वेद १७ । १९)

मा नस्तोके तनये मा नऽआयुषि मा नो गोषु मा नोऽअश्वेषु रीरिषः । मा नो वीरान् रुद्र भामिनो वधीर्हविष्मन्तः सदमित् त्वा हवामहे

ॐ अस्त्राय फट् ॥६॥

हे रूद्र ! तपाई हाम्रा छोरा नाति, हामी र हाम्रा गाई, अश्व आदिमा क्रोधित नहुनुहोस् । हे रूद्र ! तपाई हाम्रा क्रोधि वीरहरूलाई पनि नष्ट नगर्नुहोस् । हामी सदा नै भावयुक्त भएर तपाईंको आहवान गर्दछौं । (वेद १६ । १६)

॥ इति षडङ्गन्यास ॥

ध्यानम्

ध्यायेन्नित्यम्महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं ।
रत्नाकल्पोज्ज्वलाङ्गम्परशुमृगवराभीतिहस्तम्प्रसन्नम् ॥
पद्मासीनं समन्तात्स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं ।
विश्वाद्यंविश्ववन्द्यंनिखिलभयहरम्पञ्चवक्त्रन्त्रिनेत्रम् ॥

भावार्थः

चाँदीका पर्वतसमान जसको श्वेतकान्ति छ, जसले सुन्दर चन्द्रमालाई आभूषण समान शिरमा धारण गर्नुहुन्छ, रत्नमय अलङ्कारहरूद्वारा जसको शरीर उज्ज्वल छ, जसका हातहरूमा परशु, (वञ्चरो) छ साथै मृगवर अभय छन्, जो सदा प्रसन्न हुनुहुन्छ । कमलका आसनमा विराजमान पनि हुनुहुन्छ, उहाँका चारैतिर देवतागणहरू उभिएर स्तुति गर्दछन्, जसले बाघको छाला धारण गर्नुहुन्छ र विश्वका आदि, जगत् उत्पत्तिका बीज र समस्त भयहरूलाई नाश गर्ने, पाँच मुख र तीन नेत्र भएका त्यस्ता प्रभु महेश्वरलाई म प्रतिदिन ध्यान गर्दछु ।

अथ प्रथमोऽध्यायः

श्रीगणेशाय नमः ॥ हरिः ॐ गणानां त्वागणपतिꣳहवामहेप्रियाणांत्वाप्प्रियपतिꣳहवामहेनिधीनान्त्वां निधिपतिꣳहवामहेवसो मम ॥ आहमंजानि गर्भधमात्वमंजासिगर्भधम् ॥ १ ॥ (वेद : २३।३२)

अन्वय र अर्थ :-

गणानां गणपतिं त्वां हवामहे (सबै गणका स्वामी तपाईंलाई मान्दछौं) प्रियाणां प्रियपतिं त्वां हवामहे (प्रियहरू मध्येका पनि वढी प्रिय भएकाहरूलाई संरक्षण गर्ने तपाईं नै हो भन्ने ठान्दछौं) निधीनां निधिंपतिं त्वां हवामहे (धन, ऐश्वर्य आदि निधिहरूका संरक्षक पनि तपाई हुनुहुन्छ भन्ने महशूस गर्दछौं) वसो (सबैलाई निवसित तुल्याउँने तपाईं) मम (मेरै हो) अहम् गर्भधम् आ अजानि (म हिरण्य गर्भ धारण गर्ने प्रकृतिका धर्ता तपाईंलाई राम्ररी बुझ्दछु) गर्भधं त्वं अजासि (गर्भले झैं संसारलाई धारण गर्ने र सबैलाई पैदा पनि तपाई नै गर्नुहुन्छ) ।

भावार्थ :-

हे गणेश ! तपाइं गणहरू, प्रेम, ऐश्वर्य, धन, आदिको रक्षा गर्दै हामी सबैका वीचमा रहनुहुन्छ । हाम्रा रक्षक र पालका पनि तपाइं हुनुहुन्छ । हामी तपाईंको आव्हान गर्छौ ॥ १ ॥

गायत्री त्रिष्टुप् जगत्यनुष्टुप्पङ्क्त्यासह ॥ बृहत्युष्णिहा ककुप्सूचीभिः शम्यन्तुत्वा ॥२॥ (वेद : २३ । ३३)

अन्वय र अर्थ :-

गायत्री (गायकहरूका रक्षक गायत्री छन्द) त्रिष्टुप् (तीनै पाप रोक्ने त्रिष्टुप् छन्द) जगती (जगतमा फैलिने जगतीछन्द) अनुष्टुप् (संसारको दुःख नाश गर्ने अनुष्टुप्) पङ्क्त्यासह (पंक्ति छन्दहरू) वृहती उष्णिहा ककुप् सूचीभिः त्वा शम्यन्तु (उष्णिक् छन्द, ककुप् छन्द र सूक्तिहरूले तपाईलाई शान्त गरून्) ।

भावार्थ :-

वेदमन्त्रका छन्दका नाम यस मन्त्रमा उल्लेख भएका छन् । यी छन्दले शान्ति स्थापना गर्नमा मद्दत गरेको पाइन्छ । हे यज्ञाग्नि ! गायत्री, त्रिष्टुप्, जगतीं, अनुष्टुप्, पंक्ति, वृहती, उष्णिक्, ककुप् आदि छन्द र सूचिहरूले शुद्ध भै तपाईलाई शान्ति प्रदान गर्दै रहून् ॥२॥

द्विपदायाश्चतुष्पदास्त्रिपदायाश्च षट्पदाः विच्छन्दायाश्च सच्छन्दाः सूचीभिः शम्यन्तुत्वा ॥३॥ (वेद : २३ । ३४)

अन्वय र अर्थ :-

याः, द्विपदाः चतुष्पदाः, त्रिपदाः (यो दुइ पद चार पद र तीन पद) च, याः षट्पदाः, विच्छन्दा (छ पद र लक्षणहीन छन्द) च, याः, सच्छन्दाः सूचीभिः त्वा शम्यन्तु (जुन् छन्द लक्षणयुक्त छन् ती सबै छन्दले शुद्ध भै तपाईंलाई शान्त गरून्) ।

भावार्थ :-

हे यज्ञाग्नि ! जुन् दुई पद, तीन पद, चार पद र छ पद भएका छन्दहरू छन्, जुन् छन्द लक्षणयुक्त छैनन् वा लक्षणयुक्त छन् ती सबैले शुद्धिद्वारा तपाईलाई शान्ति प्रदान गरून् ॥ ३ ॥

सुहस्तोमाःसुहछन्दसऽआ
वृतं÷सुहप्रमाऽऋषयःसप्तदैव्याः÷पूर्वेषाम्प
न्थामनुदृश्य धीराऽअन्वालेभिरे रथ्योनरश्मीन्
॥ ४ ॥
(वेदः ३४।४९)

अन्वय र अर्थ :-

सहस्तोमाः (स्तुतिहरूका साथ) सहच्छन्दसः (छन्दसहित) आवृतः सहप्रमाः, धीराः दैव्याः सप्तऋषयः (द्रव्य प्रमाण परीक्षण तत्पर वुद्धिमान दिव्य सातऋषिहरूले) पूर्वेषाम्, पन्थाम, अनुदृश्य, अन्वालेभिरे, ऋषिहरूको मार्ग (वाटो) अपनाउँदै यो यज्ञको रचना गरे, रथ्यः नरश्मीन् (रथीले लगाम खिचे झैं गरे) ।

भावार्थ:-

संस्तुति र गायत्री छन्दसँगै अनुष्ठान कार्यमा अनुष्ठित, शव्द प्रमाणको परीक्षणमा तत्पर, ज्ञानवान् सप्तर्षिहरूले लिएको पूर्व ऋषिहरूको वाटो अवलम्वन गर्दै यो विराट् सृष्टियज्ञको प्रादुर्भाव भयो । आफ्नो अभीष्ट सिद्धि प्राप्त गर्न जसरी लगाम समातेर रथीले घोडालाई आफू जान खोजेको ठाउँमा लैजान्छ त्यस्तै यो यज्ञपनि हाम्रो अभीष्ट थलो स्वर्गतिर लैजाने माध्यम हो ॥४॥

यज्जाग्रतो दूरमुदैति दैवन्तदु सुप्तस्य
तथैवैति ॥ दूरङ्गमञ्ज्योतिषाञ्ज्योतिरेक
न्तन्मेमनः÷शिवसङ्कल्पमस्तु ॥ ५ ॥

अन्वय र अर्थ :-

यत्, मनः जाग्रतः दुर, उद् आ, एति (जुन मन जागृत अवस्थामा टाढा जान्छ)

सुप्तस्य, तथा, एव एति (अनि सुतेको मान्छेको मन पनि त्यसैगरी टाढा जान्छ) तत्, उ, ज्योतिषा, दूरंगमम्, ज्योतिः (त्यो नै पक्कै तेजस्वी इन्द्रियगणका वीचमा टाढासम्म पुऱ्याउने ज्योति हो) देवम्, एकम्, तत् मे मनः शिवसंकल्पम्, अस्तु (जीवात्माको एकमात्र त्यो दिव्य साधन रूप मेरो मन शुभः संकल्प गर्दै रहोस्) ।

भावार्थ :-

जाग्रत अवस्थामा मन जसरी टाढा-टाढा जान्छ सुतेका अवस्थामा पनि त्यही स्थिति हुन्छ त्यही नै निश्चित रूपले तेजस्वी इन्द्रियहरूको ज्योतिरूप हो । जीवात्माको एकमात्र दिव्य माध्यम त्यही मन हो । यस्तो हाम्रो मन श्रेष्ठ र कल्याणकारी संकल्पलेयुक्त रहोस् ॥५॥

येन॒ कर्मा॑ण्य॒पसो॑ मनी॒षिणो॑ य॒ज्ञे कृ॒ण्वन्ति॑ वि॒दथे॑षु॒ धीराः॑ ॥ यद॑पू॒र्वं य॒क्षम॒न्तः प्र॒जाना॒न्तन्मे॒ मनः॑ शि॒वस॑ङ्कल्पमस्तु ॥६॥

अन्वय र अर्थ :-

अपसः, धीराः मनीषिणः, यज्ञे, येन, कर्माणि, कृण्वन्ति (कर्मानुष्ठानमा तत्पर वुद्धिमान् मेधावी मनुष्य यज्ञमा जुन् मनले उत्तम कर्महरू गर्छन) प्रजानाम्, अन्तः (अनि जुन् प्राणी मात्रको शरीरका वीचमा रहन्छ) विदथेषु, यत्, अपूर्वम्, यक्षम्, (यज्ञमा अद्भुत र पूजनीय रूपले वस्तछ) तत्, मे मनः शिवसंकल्पम् अस्तु, (त्यस्तो मेरो मन राम्रा संकल्पयुक्त होस्) ।

भावार्थ :-

सत्कर्ममा संलग्न मुनष्य जुन् किसिमको मनले यज्ञीय श्रेष्ठ कर्महरू सम्पादन गर्दछ, जुन् सम्पूर्ण प्राणीका शरीरमा विद्यमान पनि छ । यज्ञमा अपूर्व आदर भावले सुशोभित भएको मेरो मन श्रेष्ठ एवं कल्याणकारी संकल्पलेयुक्त रहोस् ॥ ६ ॥

यत्प्रज्ञानमुतचेतो धृतिश्च यज्ज्योतिरन्तरमृतम्प्रजासु ॥ यस्मान्न ऽऋते किञ्चनकर्म्म क्रियते तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ ७ ॥

अन्वय र अर्थ :-

यत्, प्रज्ञानम्, उतचेत, च धृतिः (जुन मन विशेष ज्ञानले चिन्तन गर्ने धैर्य रूपको छ) यत्, अमृतम्, प्रजाषु, अन्तः ज्योतिः (जुन् प्राणीका वीचको अमर प्रकाश ज्योतिरूप छ) यस्मात्, ऋते, किञ्चन, कर्म, न, क्रियते (जुन् विना कुनैपनि कार्य गरिदैन) तत्, मे मनः, शिवसंकल्पम्, अस्तु (त्यस्तो मेरो मनले राम्रो कर्मको संकल्प गरोस्) ।

भावार्थ :-

प्रखरज्ञान, चेतनशील तथा धैर्यसम्पन्न जुन् मन छ यो सम्पूर्ण प्राणीका अन्तःकारणमा अमरप्रकाशज्योति स्वरूप हो जुन् नभै कुनै कार्य सम्पन्न गर्न सम्भव हुदैन, त्यस्तो मनले कल्याणकारी शुभ संकल्प गर्दै रहोस् ॥ ७ ॥

येनेदम्भूतम्भुवनम्भविष्यत्परिगृहीतममृतेन सर्व्वम् ॥ येन यज्ञस्तायते सप्तहोता तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ ८ ॥

(वेदः ३४ । ४)

अन्वय र अर्थ :-

येन, अमृतेन, इदम, सर्वम्, भूतम्, भुवनम्, भविष्यत्, परिगृहीतम् (जुन अविनाशी मनले यी सबै, भूत, वर्तमान, भविष्यकालका पदार्थहरू ग्रहण गरेको छ) येन, सप्तहोता, यज्ञः, तायते (जुन सप्तहोतृगणलेयुक्त भै यज्ञको विस्तार गर्दछ) तत्, मे, मनः शिवसंकल्पम्, अस्तु (त्यो मेरो मन राम्रो कल्याणकारी संकल्पले युक्त रहोस्) ।

द्रष्टव्यः

सप्तहोता भन्नाले शरीर, कर्मेन्द्रिय, ज्ञानेन्द्रिय, मन, बुद्धि, आत्मा र परमात्मा यिनै सातले विश्वलाई चलाएका छन् विश्वको यज्ञ यिनवाट नै चलाइन्छ। सवैभन्दा ठीक रीतिले चल्ने मन हो मन शुद्ध हुँदा मनका प्रेरणाले असल कार्य हुने गर्छन्। मन अशुद्ध भए सम्पूर्ण कार्य विग्रन्छ। मन महत्वपूर्ण वस्तु हो यसैले मनलाई पवित्र राख्नु पर्छ।

भावार्थ :-

अविनाशी मनका सामर्थ्यले सवै भूत, वर्तमान, भविष्य कालको ज्ञानलाई प्रत्यक्षीभूत गरिन्छ जसद्वारा सप्तयाज्ञिकसहित यज्ञ विस्तार गरिन्छ यस्तो हाम्रो मन शुभसंकल्पयुक्त होस् ॥ ८ ॥

यस्मिन्नृचः साम यजूंषि यस्मिन्प्रतिष्ठिता रथनाभाविवाराः ॥ यस्मिँश्चित्तं सर्वमोतं प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु ॥९॥

वेद : ३४ । ५)

अन्वय र अर्थ:-

यस्मिन्, ऋचः, प्रतिष्ठिताः (जुन्, मनमा वेदकामन्त्रहरू रहन्छन्) यस्मिन्, सामयजूंषि, रथनाभौ, आराः, इव (जस्मा सामवेद र यजुर्वेदका मन्त्रहरू रथको पाङ्ग्रामा चुकुल रहेसरी स्थिर छन्) प्रजानाम, सर्वम, चित्तम्, ओतम् (प्रजाहरूका सम्पूर्ण मन जसमा ओत-प्रोत भएका छन्) तत्, मे, मनः शिवसंकल्पम् अस्तु (त्यो मेरो मन शिवसंकल्प गर्ने होओस्)।

भावार्थ :-

जुन मनका वेदका ऋचाहरू प्रतिष्ठित छन्, जहाँ सामवेद र यजुर्वेदका मन्त्रहरू रथको पाङ्ग्रा अड्याउन चुकुल रहे झैं रहेका छन् र जसको मनमा प्रजाहरू सम्पूर्ण ज्ञान समाहित छन् यस्तो हाम्रो मन कल्याणकारी शुभ- संकल्पले युक्त रहोस् ॥९॥

सुषारथिरश्वानिव यन्मनुष्यान्नेनीयतेऽभीशुभिर्वाजिनऽइव। हृत्प्रतिष्ठं यदजिरं जविष्ठं तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ १० ॥

(वेद : ३४ । ६)

अन्वय र अर्थ :-

सुषारथिः, अभीशुभिः, वाजिन, अश्वान्, इव, (जसरी कुशल सारथीले लगामद्वारा वेगवान् घोडालाई यताउति लान्छ) यत्, मनुष्यान्, नेनीयते (जुन मनले मानिसलाई यताउति दगुराउँछ) यत्, अजिरम्, जविष्ठम्, हृत्प्रतिष्ठितम् (जुन मन वार्धक्यले युक्त छैन र अत्यन्तै वेगिलो भै हृदयमा रहेको छ), तत्, मे, मनः शिवसंकल्पम्, अस्तु (त्यस्तो मेरो मन शुभ संकल्पयुक्त हुँदै जाओस्) ।

भावार्थ :-

जसरी कुशल सारथीले आफूले समातेको लगामद्वारा नियन्त्रण गर्दै वेगयुक्त घोडालाई गन्तव्य वाटामा यताउति गर्दै लैजान्छ त्यसरी नै जुन् मनले मानिसलाई लक्ष्यसम्म पुऱ्याउँछ, जो बुढ्याँईले नघेरिएको अति वेगवान यो हृदय आफ्नै ठाउँमा छ यस्तो हाम्रो मन कल्याणकारी विचारले युक्त होस् ॥ १० ॥

॥ इति श्री रुद्रे प्रथमो ऽध्यायः॥

अथ द्वितीयोऽध्यायः

हरिः ॐ ॥ सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ॥ स भूमिं सर्वतस्पृत्वात्यतिष्ठद्दशाङ्गुलम् ॥ १ ॥ (वेद : ३१ । १)

अन्वय र अर्थः-

सहस-शीर्षा (हजार शिर), सहस्र-अक्षः (हजार आँखा), सहस्र-पात् (हजार पाउ हात भएको एक पुरुष छ), सः भूमिम्, सर्वतः, स्पृत्वा (उसले पृथ्वकि चारैतिर घेरेको छ) दश अङ्गुलम अत्यतिष्ठ् (दश औंला रूप यो सारे सृष्टिमा व्यापक र वाहिर पनि छ) ।

भावार्थ :-

हजार शिर, हजार आँखा खुट्टा भएका विराट् एक पुरुष छन् तिनले सम्पूर्ण ब्रह्माण्डलाई ढाकेर पनि दश अंगुल वाँकी नै देखिएका छन् ॥ १ ॥

पुरुष एवेदं सर्वं यद् भूतं यच्च भाव्यम् ॥ उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥२॥ (वेद : ३१ । २)

अन्वय र अर्थ :-

यत्, भूतम् (जो भूतकालमा भएको थियो) यत् च, भाव्यम् (वर्तमानमा जो छ, जो भविष्यमा हुनेवाला छ), इदम् सर्वम्, पुरुष, एवं (त्यो सवै यिनै पुरुष हुन्), उत अमृतत्वस्य, ईशानः, ईश्वरः (ती पुरुष अमरत्वका मालिक हुन्), यत् अन्नेन, अति

रोहति (जो अन्नवाट वढ्छ), यत् अन्जेन, सह, अभवत् (जो अन्नका पैदायससँग रहने गर्दछ) ।

भावार्थ :-

जुन् सृष्टि वन्यो र जो वन्नेवाला छ, यो सवै विराट्पुरुषवाटै निर्मित छ यसै अमर जीवजगत्का मालिक पनि उनै हुन् जो अन्नले वृद्धि प्राप्त गर्छन् त्यसका मालिक पनि उनै हुन् ॥ २ ॥

एतावानस्यमहि
मातोज्ज्यायाँश्चपूरुषः॥पादोस्यविश्वाभूतानि
त्रिपादस्यामृतन्दिवि ॥३॥ (वेद : ३१ ।३)

अन्वय र अर्थ :-

अस्य, एतावान्, महिमा (यी विराट् पुरुषको यति ठूलो महिमा छ), तावन्तः, अस्य, महिमानः (यी यति धेरै महत्वका छन् कि), अतः, ज्यायान्, पुरुषः (यो श्रेष्ठ पुरुषका चरणमा), सर्वा, विश्वा, भूतानि अस्य, पादः (सम्पूर्ण प्राणीहरू एक चौथाईमा अडेका छन् अर्थात् ४ भागको एक भागमा छन्), अस्य, त्रिपाद्, दिवि, अमृतम् (तीन भाग दिव्य लोकमा अमृतरूपवाट रहेका छन्) ।

भावार्थ :-

विराट पुरुषको महिमा अति विस्तृत छ र यी श्रेष्ठ पुरुषका एक चरणमा सम्पूर्ण प्राणी छन् तीन भाग अनन्त अन्तरिक्ष (आकाश) मा रहन्छन् ॥ ३ ॥

> विराट्पुरुष, राष्ट्रपुरुष र व्यक्ति पुरुषको वर्णन यहाँसम्म गरियो, तिनीहरूको ठूलो सामर्थ्य छ, यो भन्दा पनि एक धेरै सामर्थ्यवान पुरुष छन् तिनको वर्णन तल गरिन्छ ।

त्रिपादूर्ध्वऽउदैत्पुरुषः पादोऽस्येहाभवत्पुनः ॥
ततो विष्वङ् व्यक्रामत्साशनानशनेऽअभि ॥४॥

(वेदः ३१ । ४)

अन्वय र अर्थ :-

त्रिपाद, पुरुषः, ऊर्ध्वम्, उदैत्, (त्रिपादयुक्त पुरुष माथिको स्वर्ग लोकमा छन् यी तीनवाटै पाउले स्वर्गलाई टेकेको छ), अस्य, पादः इह, पुनः, अभवत् (यसै पुरुषको एक भाग यो विश्वरूपमा वेलावखत प्रकट हुनेगर्छ), ततः, पश्चात्, स, अशन, अनशने विष्वङ्, अभि, व्यक्रामत् (प्रकट भएपछि यसले अन्न खाने र नखाने सबैलाई ढाक्दै यस संसारलाई नै ढाक्न थाल्यो) ।

भावार्थ :-

चारभाग भएका विराट्पुरुषको एक भागमा यो सारा संसार जड चेतन विविध रूपमा समाहित छ र वाँकी तीनभाग अनन्त अन्तरिक्षमा समाहित छ ॥ ४ ॥

ततो विराडजायत विराजोऽअधिपूरुषः ॥
स जातोऽअत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ॥५॥

(वेद : ३१ । ५)

अन्वय र अर्थ :-

ततः, विराट्, अजायत, (ती परमात्मावाट विराट् पुरुष उत्पन्न भए प्रारम्भमा विराट पुरुष उत्पन्न भए), विराजः अधिपुरुषः, सः जातः (विराटवाट एक अधिष्ठाता विराज पुरुष भए ती उत्पन्न हुनासाथ), अत्यरिच्यत, पश्चात्, भूमिम्, अथः पुरः (विभक्त हुन लागे पहिले पृथिवी आदि र अनि शरीरधारी भए) ।

भावार्थ :-

उनै विराट् पुरुष परमात्मावाट यो व्रह्माण्डको उत्पत्ति भयो, सम्पूर्ण जीव उत्पन्न भए, जसद्वारा पहिले पृथ्वी र त्यसपछि शरीरधारीहरूलाई उत्पन्न गरिएको पनि थियो ॥ ५॥

तस्माद्यज्ञात्सर्वहुतः सम्भृतं पृषदाज्यम् ॥ पशूँस्ताँश्चक्रे वायव्यानारण्या ग्राम्याश्च ये ॥ ६ ॥ (वेद : ३१ । ६)

अन्वय र अर्थ :-

तस्मात्, सर्वहुतः, यज्ञात् (त्यो सर्वहुत यज्ञवाट), पृषद् आज्यम्, संभृतम (दहीसँगै मिसिएर घिउ भयो), तान वायव्यान्, आरण्यान् (ती वायुदेवताका जङ्गली), पशून्, ये, ग्राम्याः चक्रे, (पशुहरूलाई गाउँका पाल्तु पशु वनाए)।

भावार्थ :-

त्यो सर्वश्रेष्ठ विराट प्रकृति यज्ञवाट दही सहितको घिउ पाईयो जसले विराटपुरुषको पूजा गरिन्छ, वायुदेवसँग सम्वन्धित पशु, मृग, गाई, घोडा आदिको उत्पत्ति त्यो विराट पुरुषवाट नै भयो ॥ ६ ॥

तस्माद्यज्ञात्सर्वहुतऽऋचः सामानि जज्ञिरे ॥ छन्दाꣳसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ॥ ७ ॥

(वेदः ३१ । ६)

अन्वय र अर्थ :-

तस्मात्, सर्वहुतः यज्ञात् (त्यो सर्वहुत यज्ञवाट), ऋचः, सामानि, यज्ञिरे (ऋग्वेदका मन्त्र, सामगान भए) तस्मात्, छन्दांसि, यज्ञिरे (छन्द अर्थात् अथर्ववेदका मन्त्र पनि त्यसैवाट उत्पन्न भए), तस्मात्, यजुः, अजायत (त्यसैवाट यजुर्वेदका मन्त्रहरू पनि उत्पंन्न भए)।

भावार्थ :-

ती विराट यज्ञपुरुषवाट ऋग्वेद, सामवेद, यजुर्वेद एवं अथर्ववेदको प्रादुर्भाव भयो अर्थात् वेदका ऋचाहरू प्रकट भए ॥ ७ ॥

तस्मादश्वाऽअजायन्त येके चोभयादतः॥ गावो ह जज्ञिरे तस्मात्तस्माज्जाता ऽ अजावयः॥८॥

(वेद : ३१ । ८)

अन्वय र अर्थ :-

तस्मात्, अश्वाः, अजायन्त (यो सर्वहुत यज्ञवाट घोडा पैदा भए), ये, के, च, उभयादतः (यी घोडाका दुवैतिर दाँत थिए), गावः, ह, तस्मात् यज्ञिरे (यसैवाट गाईहरू जन्मिए), तस्मात्, जाता, अजावयः (यसैवाट भेडा वाखा आदि पनि जन्मिए) ।

भावार्थ :-

ती यज्ञपुरुषवाट दुवैतिर दाँत भएका घोडा, गाई, वाखा भेडा आदि पशु पनि उत्पन्न भए ॥ ८ ॥

तँ यज्ञम्बर्हिषि प्रौक्षन्पुरुषञ्जातमग्रतः॥ तेन देवाऽअयजन्त साध्याऽऋषयश्च ये ॥९॥

(वेद : ३१ । ९)

अन्वय र अर्थ :-

तम्, अग्रतः जातम् (ती पहिले उत्पन्न भएका) यज्ञम्, पुरुषम् (पूजनीय विराट यज्ञपुरुपलाई) वर्हिषिप्रौक्षन् (मानस ज्ञानयज्ञमा अवलंवन वा धारण गरी), ये, देवाः, साध्याः ऋषयः च, (देवसाध्य र ऋषिहरूले) तेन, अयजन्त (ती विराट पुरुषवाट नै सञ्चालन गराए) ।

भावार्थ :-

मन्त्रद्रष्टा ऋषि एवं योगाभ्यासीहरूले सवभन्दा पहिले प्रकट भएका विराट पुरुपलाई सृष्टियज्ञमा अभिषिक्त गरी उनै परमपुरुषवाटै आत्मयज्ञको प्रादुर्भाव गरे ॥ ९ ॥

यत्पुरुषंव्यदधुःकतिधाव्यकल्पयन ॥ मुख
ङ्किमस्यासीत्किम्बाहूकिमूरूपादा ऽ उच्च्येते ॥ १०॥

(वेद : ३१ । १०)

अन्वय र अर्थ :-

यत्, पुरुषम्, व्यदधुः (जुन् पुरुषका वारे यहाँ भनिएको छ उहाँको वारेमा) कति-धा, व्यकल्पयन् (कसरी परिकल्पना गरिएको छ) अस्य, मुखम्, किम्, आसीत् (यिनको मुख कस्तो थियो) किं वाहु (हात कस्ता) किं ऊरू (कस्तो तिघ्रा) किं पादौ उच्येते (गोडा कस्तो कहिन्ये) ।

भावार्थ :-

संकल्पवाट प्रकट यी विराटपुरुषका शरीर संरचनावाट मुख हात खुट्टा तिघ्रा आदि अंगद्वारा देह पुरुष ती वने ॥ १० ॥

ब्राह्मणोस्यमुखंमासीद्बाहूराजन्यः
कृतःऊरूतदस्यसद्वैश्यःपद्भ्याꣳशूद्रोऽअ
जायत ॥ ११ ॥

(वेद : ३१ । ११)

अन्वय र अर्थ :-

अस्य, मुखम्, ब्राह्मणः, आसीत् (यी पुरुषको मुख ब्राह्मण भए) बाहूः, राजन्यः, कृतः (हात क्षत्रिय अर्थात शुर पुरुष भए) ऊरू अस्य तत् यद् वैश्यः (तिघ्रा वैश्य भए) पदभ्याम्, शुद्रः, अजायत (पाउ/खुट्टा शूद्र भए) ।

भावार्थ :-

विराट् पुरुषका मुखवाट ब्राह्मण दुई हातवाट क्षत्रिय, तिघ्रावाट वैश्य र खुट्टावाट शूद्र ४ वर्णको सृष्टि भई पूर्ण शारीरिक संरचना तयार भएको थियो ॥ ११ ॥

चन्द्रमा॒ मन॑सो जा॒तश्चक्षोः॒ सूर्यो॑ऽअजायत ॥ श्रोत्रा॑द्वा॒युश्च॑ प्रा॒णश्च॒ मुखा॑द॒ग्निर॑जायत ॥ १२ ॥

(वेद : ३१ । १२)

अन्वय र अर्थ :-

मनसः, चन्द्रमा, जातः (मनवाट चन्द्रमा पैदा भए), चक्षोः, सूर्यः, अजायत (दुवै आँखावाट सूर्य पैदा भए) श्रोत्रात्, वायुः च, प्राणः, (कानवाट वायु र प्राण पैदा भए), च, मुखाद्, अग्निः, अजायत (मुखवाट अग्निको उत्पत्ति भयो) ।

भावार्थ :-

विराट पुरुषका मनवाट चन्द्रमा, आँखावाट सूर्य, कानवाट वायु र प्राण अनि मुखवाट अग्नि प्रकट भए ॥ १२ ॥

नाभ्या॑ऽआसीद॒न्तरि॑क्षꣳ शी॒र्ष्णो द्यौः सम॑वर्त्तत ॥ प॒द्भ्यां भूमि॒र्दिशः॒ श्रोत्रा॒त्तथा॑ लो॒काँ२ऽअ॑कल्पयन् ॥१३॥

(वेद : ३१ । १३)

अन्वय र अर्थ :-

नाभ्याः अन्तरिक्षम्, आसीत (नाभिवाट अन्तरिक्ष भयो) शीर्ष्णः, द्यौः समवर्तत (शिरवाट स्वर्ग भयो) पद्भ्याम्, भूमिः (गोडावाट जमीन) श्रोत्रात् दिशः (कानवाट दिशाहरू) तथा, लोकान्, अकल्पयन् (त्यस्तै अन्य लोकहरू प्रादुर्भाव भएको कल्पना गरियो) ।

भावार्थ :-

विराट पुरुषका नाभिवाट अन्तरिक्ष । शिरवाट आकाश, खुट्टावाट पृथ्वी, कानवाट दिशाहरू र यस्तै अनेकानेक संरचनाहरू प्रकट भए ॥ १३ ॥

यत्पुरुषेणहविषादेवायज्ञमतन्न्वत ॥
वसन्तोऽस्यासीदाज्ज्यंग्रीष्मऽइध्मःशरद्धविः ॥ १४ ॥

(वेद : ३१ । १४)

अन्वय र अर्थ :-

यत्, देवाः (जव देवताले), पुरुषेण (विराट पुरुषरूपी) हविष (घिउवाट) यज्ञम्, अतन्वत (यज्ञ गर्न शुरु गरे) वसनत (वसन्त ऋतुले) अस्य (यस यज्ञमा), आज्यम्, आसीत् (घिउको काम गर्दथे) गृष्म, इध्म (गृष्म ऋतुले समिधा), शरद, हविः (शरद ऋतुले चरूको काम गरे) ।

भावार्थ :-

देवताले विराट पुरुषलाई हविः मानी यज्ञ आरम्भ गर्दा वसन्त ऋतुले घिउ, ग्रीष्मऋतुले समिधा एवं शरदऋतु चरू वनेर यज्ञलाई सफल तुल्याए ॥ १४ ॥

(सृष्टि यज्ञको प्रारम्भिकस्वरूपको वर्णन)

जव मानिस (प्राणी) उत्पन्न भए मानवी प्रयत्नबाट उत्पन्न हुने हवन सामग्री उत्पन्न भएका थिएनन् । त्यतिवेला विभिन्न ऋतुमा उत्पन्न हुने पदार्थ नै काममा लिइन्थ्यो । यज्ञका मुख्य कर्म- (१) पूजनीयको सत्कार (२) परस्परको मेलजोल (३) निर्वल उपर दृष्टि दिई सहायता समेत गरेर उनलाई माथि उठाउनु नै थिए । यी काम कर्मठ व्यक्तिहरूले ऋतुहरूमा उत्पन्न हुने पदार्थद्वारा नै गर्ने गर्दथे । ऋतुहरूमा स्वभावजन्य जुन पदार्थ उत्पन्न हुन्थे तिनैवाट नै माथि वताइएका यज्ञका प्रक्रियाहरू पूरा हुन्थ्यो । वर्तमानमा जुन यज्ञ हुन्छ त्यसमा जस्तो हवन सामग्री प्रयोग गरिदैन थियो । त्यस्ता सामान पूर्व समयमा पाउन असम्भव हुन्थ्यो तर जे प्राप्त हुन्थ्यो त्यसैद्वारा हवन कार्य गरिन्थ्यो ।

सप्तास्यासन्न्परिधयस्त्रिः सप्तस
मिधः कृताः ॥ देवा यद्यज्ञन्तन्वाना ऽअबध्न
न्पुरुषम्पशुम् ॥ १५ ॥ (वेद : ३१ । १५)

अन्वय र अर्थ :-

अस्या (यो यज्ञका), सप्त (सात), परिधयः (फन्काहरू), आसन् (थिए), त्रिः सप्त (एक्काईस) समिधः (सामग्री), कृताः (तयार पारिए), देवा (विद्वान् वर्गले) यत् यज्ञं (जुन यज्ञलाई) तन्वानाः (फैलाउदै), पुरुषम् (विराटलाई), पशुम् अवधन् (पशु झैं बाँधेका थिए) ।

भावार्थ :-

देवताले जुन यज्ञको विस्तार गरे त्यसमा विराट पुरुषलाई नै पशु रूपको भावनावाट बाँधे (नियुक्त), गरे । त्यसमा यज्ञका सात परिधि (सप्तसमुद्र), र एक्काईस छन्दले समिधाहरूको रूप लिए ॥ १५ ॥

यज्ञेनयज्ञमयजन्तदे
वास्तानिधर्म्माणिप्रथमान्न्यासन् ॥ तेहनाकं
म्महिमानः सचन्तयत्रपूर्वेसाद्ध्याः सन्तिदे
वाः ॥ १६ ॥ (वेद : ३१ । १६)

अन्वय र अर्थ :-

देवाः (देवताहरूले), यज्ञेन (यज्ञ पुरषद्वारा), यज्ञम् (यज्ञ कार्य), अयजन्त (संम्पन्न गरे), तानि (ती नै), धर्माणि (असल धर्मकार्य), प्रथमानि आसन् (प्रथम थिए), यत्र (जहाँ), पूर्वे (पहिले), साध्याः (सामग्री लिने), देवाः (विद्वानहरू), सन्ति (थिए), ते (उनीहरू), महिमानः (वैभवयुक्त), नाकम् (स्वर्गमा), सचन्त (पुगेका थिए) ।

भावार्थ :-

आदिकालीन धर्मपरायण देवताहरूले यज्ञद्वारा यज्ञरूप विराटलाई हवन गरे यज्ञीय जीवन विताउने याजक (हवन गर्नेहरू) देवता वस्नेहरू स्वर्गलोकमा नै वस्न पनि थाले ॥ १६ ॥

अद्भ्यःसम्भृतःपृथिव्यैरसाच्च
विश्वकर्म्मणःसमवर्त्तताग्ग्रे ॥ तस्यत्त्वष्टाविद
धद्रूपमेतितन्मर्त्त्यस्यदेवत्त्वमाजानमग्ग्रे ।१७।

(वेद : ३१ । १७)

अन्वय र अर्थ :-

अग्रे (प्रारम्भमा), विश्वकर्मणः (परमात्माद्वारा), पृथिव्यै (जमीनमा), अद्भ्यः (वर्षिएको पानी रूप), रसात् (रस वा तरल पदार्थवाट), च (पनि), सम्भृतः (परिपुष्ट पारियो), त्वष्टा (कारिगले), तस्य (त्यसको), रूपम् (स्वरूप), विदधत् (वनाए), एति (छन्), अग्रे (पहिले), मर्त्यस्य (पृथिवीलाई), तत् (तिनैले), देवत्वम् (ज्ञान दिएको हो भन्ने), आजानम् (वुझ्दछु) ।

भावार्थ :-

सर्वप्रथम सवै कामगर्ने परमात्मा (विश्वकर्मा) ले पृथ्वी र जल रूपी रस (प्राणतत्व) ले सृष्टिको निर्माण गरे मर्त्यलोकलाई ज्ञान तत्व प्रदान गर्दै यिनै विश्वकर्माले यस विश्वको निर्माण पनि गरेका थिए भन्ने वुझ्दछु ॥ १७ ॥

वेदाहमेतम्पुरुषम्महान्तमादित्त्यवर्ण्णन्तमसः
पुरस्तात् ॥ तमेवविदित्त्वातिमृत्त्युमेतिनान्यः
पन्थाविद्यतेयनाय ॥१८॥

(वेद : ३१ । १८)

अन्वय र अर्थ :-

तमसः (अन्धकारवाट), परस्तात् (धेरैटाढा), एतम् (यी), महान्तम् (ठूला), आदित्यवर्ण (सूर्य समान), पुरुषम्, (पुरुषलाई), अहम्, (म), वेद (वुझ्दछु), तम्, (तिनलाई) एवं

(यस्ता भन्ने), विदित्वा (थाहा पाएर), मृत्युम् (मृत्युवाट अति टाढा), एति (रहन्छन्), अयनाय (मृत्युवाट वच्न), अन्यः (अर्को), पन्थाः (उपाय) न, विद्यते (छैन) ।

भावार्थ :-

सूर्य वरावर तेजसम्पन्न भै अन्धकारवाट टाढा रहने उनै विराट् पुरुषमा त्यस्तो सामर्थ्य छ । जसलाई वुझेपछि उपासकले मोक्ष पाउँछ । मोक्ष पाउने वाटो यही हो र यो वाहेक अर्को वाटो छैन ॥ १८ ॥

प्रजापतिश्चरति गर्ब्भेऽअन्तरजायमानो वहुधा विजायते ॥ तस्य योनिम्परिपश्यन्ति धीरास्तस्मिन्ह तस्थुर्भुवनानि विश्वा ॥ १९ ॥ (वेद : ३१ । १९)

अन्वय र अर्थ :-

प्रजापतिः (प्रजापालक परमात्मा) गर्भे अन्तः (सवै पदार्थ भित्र), चरति (घुम्दछन्) अजायमानः (कहिल्यै नजन्मने भई), वहुधा (अनेक तरिकाद्वारा) विजायते (प्रकटित हुन्छन्) तस्य (उनको) योनिम्- धीराः (स्वरूपलाई ज्ञानीहरू), पश्यन्ति (देख्दछन्) तस्मिन् (त्यसैमा) ह (नै) विश्वा (संसार) भुवनानि (चौध भुवन) तस्थुः (अडेका छन्) ।

भावार्थ :-

परमात्माको सत्ता सम्पूर्ण पदार्थमा व्यापक र विद्यमान छ । उनी अजन्मा भएपनि अनेक रूपमा प्रकट हुन्छन्, उनकै शक्तिमा सम्पूर्ण चौधौ भुवन समाहित छन् । ज्ञानीहरूले उनको त्यो मुख्य स्वरूपलाई देख्न सक्छन् । अनुभव गर्न सक्छन् ॥ १९॥

यो देवेब्भ्यऽआतपति यो देवानाम्पुरोहितः ॥ पूर्वो यो देवेब्भ्यो जातो नमो रुचाय ब्राह्मये ॥२०॥ (वेद : ३१ । २०)

अन्वय र अर्थ :-

यः (जसले), देवेभ्यः (देवता ज्ञानीजनहरूलाई), आतपति (प्रकाशमान बनाउँछ), यः (जो), देवानाम् (देवताहरूको), पुरोहितः (अग्रेता छन्), यः (जो), देवेभ्यः (देवताहरू भन्दा), पूर्वः (पहिले), जातः (जन्मिए), ब्राह्मये (ब्रह्मरूप), रुचाय (तेजलाई), नमः (नमस्कार गर्छौं) ।

भावार्थः-

देवसमुदायमा अग्रणी भएका र देवतालाई प्रकाशित गर्ने, जो देवगणभन्दा पहिले प्रकट भए त्यस्ता तेजयुक्त ब्रहमलाई प्रणाम छ ॥ २० ॥

रुचम्ब्राह्मञ्जनयन्तो देवाऽअग्ग्रेतदंब्रुवन् ॥ यस्त्वैवम्ब्राह्मणोविद्या तस्यंदेवाऽअंसुन्वशे ॥ २१ ॥ (वेद : ३१ । २१)

अन्वय र अर्थ :-

ब्राह्मान् (ब्रह्म ज्ञानमा), रुचम् (मन पराएको भाव) जनयन्तः (देखाउने) देवाः (देवताहरूले) अग्रे (प्रारम्भमा नै) तत् (यस्तो) अब्रुवम् (भन्थे) यः (जुन) ब्राह्मणः (ब्राह्मणले) तु (यस किसिमले) एवम् (यस्तो) विद्यात् (जानकारी) तस्य (त्यसको) वशे (वसमा) देवाः (विद्वान्हरू) असन् (थिए) ।

भावार्थः-

ब्रहमज्ञान प्रकट गर्ने ज्ञानीहरूले पहिले नै यस्तो भने कि जुन ज्ञानीले यी ब्रह्मपुरुषलाई यथावत् जान्दछ उसका वशमा सम्पूर्ण इन्द्रियगण, देवगण, देवताका अंश आदि रहन्छन्, जस्ताको तस्तै ब्रह्मज्ञान जसले वुझ्यो उसका वशमा सम्पूर्ण इन्द्रिय रहन्छन् । त्यस इन्द्रियस्थानमा देवताहरू रहन्छन् । ती सबै देवताहरू तिनका अधीनमा रहन्छन् । इन्द्रियहरूले उनको इच्छा अनुसार चल्नु पर्ने हुँदा वाहिर मनोमानी तवरले दुराचार गर्दैनन् सधै ज्ञानका अधीनमा रही रहन्छन् ॥ २१ ॥

श्रीश्चतेलक्ष्मी
श्चपत्न्यावहोरात्रेपार्श्वेनक्षत्राणिरूपमश्वि
नौव्यात्तम् ।। इष्णन्निषाणामुम्मंऽइषाणसर्व
लोकम्मंऽइषाण ।। २२ ।। (वेद : ३१ । २२)

अन्वय र अर्थ :-

श्रीः (संपत्ति) च (र) लक्ष्मी (शोभा) च (पनि) ते (तपाईका) पत्न्यौ (दुइ पत्नी हुन्) पार्श्वे (दुइ हात) अहोरात्रे (दिन र रात) नक्षत्राणि (ताराहरू) रूपम् (अनुहार वा रूप हुन्) अश्विनौ (सूर्य चन्द्र) व्यात्तम् (खुलामुख समान छन्) इष्णम् (चाहँदा पनि) इषाण (झनै चाहन्छु) अमुम् (यी) मे (मेरो) इषाण (चाहन्छु) सर्वलोकम् (सर्वत्र) मे (मेरो) इषाण (चाहना नै चाहाना छ) ।

भावार्थ :-

सम्पत्ति र शोभा ईश्वरका सहचरी हुन् ईश्वरसँगै रहन्छन् । दिन र रात पनि दुई हात हुन् । नक्षत्र (चन्द्र सूर्य) प्रकाश स्वरूप हो । पृथ्वी र आकाश खुला मुख हुन् यस्ता ईश्वरमा म रहेको छु ती मेरा भित्र बाहिर चारैतिर छन् । म माग्दछु मलाई सर्वश्रेष्ठ लोक प्राप्त होस् । मेरो यस्ता शुभकर्म हुन् कि जसका बलले मलाई उत्तम लोक प्राप्त हुँदै जाओस् ॥ २२ ॥

।। इति श्री रुद्रे द्वितीयोऽध्यायः।।

अथः तृतीयोऽध्यायः

हरिःॐ आशुःशिशानोवृषभोनभीमोघनाघनःक्षोभणश्चर्षणीनाम् ॥ सङ्क्रन्दनोनिमिषऽएकवीरःशतꣳ सेनाऽअजयत्साकमिन्द्रः ॥ १ ॥

(वेद : १७ । ३३)

अन्वय र अर्थ :-

आशुः शिशानः, वृषभः, न, भीमः (वडो जोडले शत्रुमाथि जाई लाग्ने साँढे झैं भयङ्कर) घनाघनः (चुनी चुनी शत्रु दमन गर्ने) चर्षणीनाम् (मानवीय सेनाहरूको), क्षोभणः (थरथरी कँपाउने) सङ्क्रन्दन (शत्रुलाई रुवाउने), अनिमिषः (अनवर प्रयत्नशील) एकवीरः (एक मात्र वीर), इन्द्रः (इन्द्रले) शतम् (सवै) सेनाः (सेनाको) साकम्, (साथै) अजयत (पराजित गर्दछन्) ।

भावार्थ :-

शत्रुमाथि अपर्झट जाइलाग्ने हातहतियार तीखा वनाई राख्ने साँढेको जस्तो डरलाग्दो गरी गर्जने शत्रुसेनालाई आच्छु आच्छु पार्ने सैकडौं सेनासगँ एक्लै लडी शत्रुपराजित गर्न सक्ने क्षमता भएका एक इन्द्रले नै समर्थवान् भै शत्रु पराजित गर्छन् ॥ १ ॥

सङ्क्रन्दनेनानिमिषेणजिष्णुनायुत्कारेण दुश्च्यवनेनधृष्णुना ॥ तदिन्द्रेणजयततत्सहध्वं युधोनरऽइषुहस्तेनवृष्णा ॥२॥

अन्वय र अर्थ :-

हे युधः, नरः (हे वीरपुरुष हो तिमीहरू सवै) धृष्णुना सङ्क्रन्दनेन (धैर्यसाथ शत्रुलाई रुवाउँदै) युत्कारेण (युद्ध कौशलले) अनिमिषेण (निरन्तर प्रयत्नरत), इषुस्तेन (वाँण लिएको हातले) जिष्णुना (जित्ने इच्छा राखेका हुनाले), दुश्च्यवनेन (दुःख दिँदै) वृष्णा (वलवान्) इन्द्रेण (इन्द्रले) तत् (त्यो) जयत् (जीत) सहध्वम् (सहु) ।

भावार्थ :-

आफूहरू पराजित हुन्छौं भन्ने नसंझी हरेक प्रकारका युद्ध कौशल देखाउँदै हातमा वाँण लिई इन्द्रका प्रभावले शत्रुसेनाउपर जाईलाग र ती सेनालाई आफ्नो वशमा पारी विजय हासिल गर ॥ २ ॥

सऽइषुहस्तैःस निषङ्गिभिर्वशीसꣳस्रष्टासयुधऽइन्द्रोगणेन॥ सꣳसृष्टजित्सोमपाबाहुशर्ध्युग्रधन्वाप्रतिहिताभिरस्ता ॥ ३ ॥ (वेद : १७ । ३५)

अन्वय र अर्थ :-

सः वशी, इषुहस्तैः, निषङ्गिभिः, संस्रष्टा (उहाँ इन्द्रिय रूपी शत्रुलाई वसमा पार्ने शरहस्त खड्गधारी वीरहरूसँग मेलजोल गर्ने सुयोग्य प्रवन्धक हुनुहुन्छ) सः, गणेन, युध (उहाँ आफ्ना सैन्यवल सहित लडाई लड्नु हुन्छ) स (ती) इन्द्रः (इन्द्र देवराज) संसृष्टजित् (युद्धका लागि एकत्रित भएका शत्रुलाई जित्ने) सोमपाः (यज्ञमा सोमपान गर्ने), बाहुशर्धी (दुइ हात नै वल भएको) उग्रधन्वा (उत्कृष्ट धनुर्धारी) प्रतिहिताभिः अस्ता (आफ्ना धनुले वाणको वर्षा शत्रुमाथि गर्छन्) ।

भावार्थ :-

वाहुनै वल भएका खड्गधारी वीरहरूलाई साथमा लिई हजारौं सैन्ययुक्त भएका शत्रुको सामना गर्ने धनुर्धारी इन्द्रले हामी सवैको कल्याण गरून् ॥ ३ ॥

बृहस्पतेपरिदीयारथेनरक्षोहामित्राँ२ऽअपबाधमानः ॥ प्रभञ्जन्त्सेनाः प्रमृणोयुधाजयन्नस्माकमेद्ध्यविता रथानाम् ॥ ४ ॥ (वेद : १७ । ३६)

अन्वय र अर्थ :-

हे वृस्पते, रक्षोहा (हे वृहस्पति ! दुष्ट राक्षसहरूलाई मार्न) रथेन (रथद्वारा) परिदीया (चौतर्फी रूपले नोक्सानी) अमित्रान् (शत्रुहरूलाई) अपवाधमानः (टाढा राख्न) सेनाः

(फौजहरूलाई) प्रभञ्जन (विगार्ने तपाईं) युधाः (लडाईंमा) प्रमृणः (राम्ररी मार्न) जयन् (विजययुक्त) अस्माकम् (हाम्रो) र थानाम् (रथहरूको) अविता एधि (संरक्षक हुनुहोस्)।

भावार्थ :-

हे वृहस्पति ! रथमा वसी चारैतिर घुम्दै राक्षसको वध र शत्रु सेनालाई परास्त गर्दै हिंसा गर्नेलाई युद्धमा वध गरी हाम्रो जय मङ्गल गर्दै रथको संरक्षक वनिदिनोस् ॥ ४॥

वलविज्ञायस्थविरंः प्रवीरंः सहस्वान्वाजीसहमानऽउग्रः ॥ अभिवीरोऽ अभिसत्वासहोजाजैत्रमिन्द्ररथमातिष्ठगोवि त ॥ ५ ॥

(वेद : १७ । ३७)

अन्वय र अर्थ :-

हे इन्द्र वलविज्ञाय (सेना सञ्चालनमा चतुर इन्द्र), स्थविरः (युद्धमा धेरै अनुभवी) प्रवीरः (सवैमा अनुशासन कायम गर्ने) सहस्वान् (ज्यादै वलिया) वाजी (शास्त्रले) उग्रः (शत्रु दमन गर्नलाई जोशिलो हुने) अभिवीरः (चारैतर्फ वीरद्वारा घेरिएको) अभिसत्वा (चौतर्फी रक्षक वीर) सहोजाः (प्रसिद्ध वलवान्) गोवित् (वोली बुझ्ने) सबमानः (सहनशील), जैत्रम् (जयशील) रथम् (रथमा), आतिष्ठ (चढ्नोस्)।

भावार्थ :-

सेना सञ्चालनमा निपुण, युद्धका अनुभवी, अनुशासित, धेरै शूरा शत्रुलाई दमन गर्ने, वलिष्ठ र वेगिला वीरले घेरिएका वीरपुरुषसंग वस्ने पृथ्वी विजय गर्ने शत्रु पराजित गर्ने हे इन्द्र ! आफ्नो विजय रथमा आरोहण गर्नुस् ॥ ५॥

गोत्रभिदंगोविदंवज्रबाहुञ्जयन्तम ज्मंप्रमृणन्तमोजसा॥ इमंसजाताऽअनुवी रयद्ध्वमिन्द्रंसखायोऽअनुसंरंभद्ध्वम्॥६॥

(वेद : १७ । ३८)

अन्वय र अर्थ :-

हे सजाताः, हे सखायः (हे समान जन्म भएका मित्रहरू !) इमम् (यी) गोत्रभिदम् (पर्वतका पखेटा काट्ने) गोविदम् (शत्रुका जमीन अधीनमा लिने वेदज्ञाता) वज्रवाहुम् (हातमा वर्ज्र लिने) अज्म (शत्रुलाई समातौं) जयन्तम् (वैरीलाई जित्ने), ओजसा (तेजले), प्रमृणन्तम् (राम्ररी शत्रु मार्ने) इन्द्रम (इन्द्रलाई) अनुवीरयध्वम् (जयकार गरी प्रोत्साहन गर्दै) अनु संरभध्वम् (राम्ररी युद्ध शुरु गरौं) ।

भावार्थ :-

मित्रसदृश हे देवताहरू ! शत्रुवंश नाशगर्ने पृथ्वीको अधिकार ओगट्ने वज्रधारी हातभएका युद्धमा नहार्ने इन्द्रलाई आफ्ना कर्तव्य गर्न निम्ति तपाईंहरू उत्साह दिनोस् र आफू पनि श्रेष्ठ काममा उत्साहित हुनोस् ॥ ६ ॥

अभिगोत्राणिसहंसागाहंमानोदयोवीरः शतमंन्न्युरिन्द्रंः ॥ दुश्च्यवनःपृतनाषाडंयुद्धयोस्माकंसेनाऽअवतुप्रयुत्सु॥७॥ (वेद : १७ । ३९)

अन्वय र अर्थ :-

सहसा गोत्राणि, अभिगाहमानः (आफ्ना वलले शत्रुका किल्ला तोड्ने) अदयः, वीरः (शत्रुमाथि दया नगर्ने शूरवीर) शतमन्युः (शत्रुमाथि नाना किसिमले रीस गर्न सामर्थ्य), दुश्च्यवन (अजेय) पृतनाषड् (युद्धमा शत्रु सेना पराजित गर्ने) अयुध्यः (जसकासाथ कसैले युद्ध गर्ने आटँ गर्दैन) इन्द्रः (इन्द्रले) युत्सु (युद्धमा) अस्माकम् (हाम्रो) सेनाः (फौज) प्र (उत्कृष्ट किसिमले) अवतु (रक्षा गरून्) ।

भावार्थ :-

शत्रुका किल्ला नाश गर्ने शत्रुउपर कत्ति दया नगर्ने शत्रुको रीस गर्ने शत्रुसेना पराजित गर्ने जसलाई देखेर युद्धको आँट कोही पनि गर्दैन यस्ता ती इन्द्र युद्धमा हाम्रो सेनालाई उत्तम किसिमले रक्षा गरून् ॥ ७ ॥

इन्द्रंऽआसान्नेताबृहस्पतिर्द्दक्षिणायु
ज्ञःपुरऽएंतुसोमः ॥ देवसेनानांमभिभञ्जतीना
ञ्जयंन्तीनाम्मुरुतोंयुन्त्वग्ग्रंम् ॥८॥ (वेद : १७ । ४०)

अन्वय र अर्थ :-

वृहस्पतिः, इन्द्र (वृहस्पति र इन्द्र), आसाम् (यी) अभिभञ्जतीनाम् (चौतर्फीरूपले शत्रुहरूलाई दमन गर्ने) जयन्तीनां (शत्रुलाई जितेपछि उत्साहित भएको) देवसेनानां (देवताका फौजहरूको) नेता (नायक इन्द्र), यज्ञः, सोमः दक्षिणा (दाहिनेपट्टि) पुराः एतु (अघि हिडुन्) मरुतः (वायु) अग्रम् यन्तु (अघि हिंडुन्) ।

भावार्थ :-

सेनाको नेतृत्व वीर इन्द्रले गरून् र वल र वुद्धि वृहस्पतिले दिउन् । अगाडि मरुद्गण हिंडुन् दायाँतर्फ विष्णु र पछि पछि सोमदेव लागुन । इन्द्र वीर शूर छन्, वृहस्पति ज्ञानी व्राह्मण हुन् । शूर ज्ञानी राष्ट्रमा मिलेर वसुन् र राज्य शासन गरून् । अनिमात्र राष्ट्रको कल्याण हुन्छ ॥ ८ ॥

इन्द्रंस्युवृष्णोव्वरुंणस्युराज्ञंऽ
आदित्यानांम्मुरुतांशर्द्धंऽउग्ग्रम् ॥ मुहामं
मंनसाम्भुवनश्च्यवानाङ्घोषोंदेवानाञ्जयतमुदस्थात् ॥ ९॥

(वेदः १७ । ४१)

अन्वय र अर्थ :-

महामनसाम् (विचारशील) भुवनच्च्यवानाम्, (भुवनलाई हल्लाउने) जयताम् (विजयशील) देवानाम् (देवता) आदित्यानाम् (आदित्य देवताका) मरुताम्, (मरुद्गणका) वृष्णः इन्द्रस्य, राज्ञः बरुणस्य (इन्द्र र राजा वरुणका) उग्रम् (उग्र) शर्द्धः (वल) घोषः (सूरता) उदस्थात् (वढ्दै जाओस्) ।

भावार्थ :-

धैरै सोचेर काम गर्ने विचारवान् हुँदै पृथ्वीलाई हलचल गराउने समर विजयी देवताहरूका सेनाको उच्चस्वरले जयघोष भयो, यो देव सेना ठूल-ठूला शब्द गर्दै अगाडि बढ्ने गर्दछ ॥९॥

उद्धर्षयमघवन्नायुधान्युत्सत्त्वं
नाम्मामकानाम्मनांᳬसि॥ उद्वृत्रहन्वाजिनां
वाजिनान्युद्रथानाञ्जयंताँन्यन्तुघोषाः॥१०॥

(वेद : १७ । ४२)

अन्वय र अर्थ :-

मघवन् (हे इन्द्र !) आयुधानि (शस्त्रहरूलाई) उद्धर्षय (उत्कृष्ट बनाउनुहोस) मामकानाम् (हामीहरूको) सत्वनाम् (वीर सैन्यको) मनांसि (मनलाई) उत् (हर्षयुक्त) बाजिनाम् (घोडाहरूको) वाजिनानि (हिंडाई र चलाई) उत् (वढाउनुहोस्) हे वृत्रहन ! (हे इन्द्र !) जयताम् (जिताउने) रथानाम् (रथहरूको) घोषाः (आवाज) उद्यन्तु (उठून्) ।

भावार्थ :-

इन्द्र ! तपाईं आफ्ना हातहतियार तिखारी तयारपार्नोस् हाम्रा वीरलाई युद्धतर्फ उत्तेजित तुल्याउनोस्। घोडालाई पनि उत्तेजित तुल्याउनुहोस्, हे इन्द्र ! तपाईंका विजयी रथका जयशव्दले आकाश गुञ्जायमान होस् ॥ १० ॥

अस्माकमिन्द्र ᳪ समृतेषुद्ध्वजेष्वस्माकं
य्याऽइषवस्ताजयन्तु॥ अस्माकंवीराऽउत्तरे
भवन्त्वस्माँ २ऽउंदेवाऽअवताहवेषु ॥ ११ ॥

(वेद : १७ । ४३)

अन्वय र अर्थ :-

ध्वजेषु (रथमा लागेका झण्डाहरू) समृतेषु (राम्रोसँग उत्तेजित भै फरफराएमा) अस्माकम् (हाम्रा) इन्द्रः (इन्द्र र) याः (जुन) अस्माकम् (हाम्रा) इषवः (वाँणहरू) ताः

(ती) जयन्तु, (सवैले जय प्राप्त गर्छन्) अस्माकम् (हाम्रा) वीराः (वीरहरूको) उत्तरे, भवन्तु (शिर अग्लो), देवाः (सम्पूर्ण देव र) हवेषु (दैवी शक्तिहरूले युद्धमा) अस्मान् (हाम्रो) उ (नै) अवत (रक्षा गरून्) ।

भावार्थ :-

युद्धमा जान लाग्दा रथमा टाँगिएका ध्वाजाहरू फर्फराउँन् त्यसो भएमा इन्द्र र उहाँका वाँणले विजय प्राप्त गर्छन् वीरहरूको शिर ठाडो हुन्छ सम्पूर्ण देवीशक्तिले हामीलाई नै रक्षा गरून ॥ ११ ॥

अमीषांचित्तम्प्रतिलोभयन्ती गृहाणाङ्गान्य प्वेपरेहि ॥ अभिप्रेहिनिर्दहहृत्सुशोकैरन्धे नामित्रास्तमसासचन्ताम् ॥ १२ ॥ (वेद : १७ । ४४)

अन्वय र अर्थ :-

हे अप्वे ! (शत्रुलाई टाढा भगाउने हे भयङ्कर सेनाहरू !) अमीषाम् (ती शत्रुका) चित्तम् (चित्तलाई) प्रतिलोभयन्ती (मोहित पार्दै) अङ्गानि (तिनीहरूका अङ्गहरू) गृहाण (समात/जकड र), परेहि (टाढा जाओ), अभि-प्रइहि (आफ्नो अभिप्राय शत्रुलाई भन) शोकैः (पीरले) हृत्सु (छातीमा) निर्दह (वाली राख) अमित्राः (शत्रुका) अन्धेन, तमसा (कालोले ढाकिएर) सचन्ताम् (रहिरहुन्) ।

भावार्थ :-

शत्रुलाई भगाउने हे भयङ्कर सेनाहरू ! शुत्रलाई मोहित पारी तिनलाई समात र तिनका हृदयमा आगाको ज्वाला दन्काई देउ त्यसवाट तिनीहरू अन्धकारको गहिरो खाडलमा पीर शोक र पीडाले युक्त रहनेछन् ॥ १२ ॥

अवसृष्टापरापतशरव्येब्रह्मसंशिते ॥
गच्छामित्रान्प्रपद्यस्वमामीषाङ्कञ्चनोच्छिषः ॥ १३ ॥

(वेद : १७ । ४५)

अन्वय र अर्थ :-

ब्रह्मसंशित हे सरव्ये ! (वाँण विद्याका ज्ञानले तिखारिएको वाँणरूपी शस्त्र हो) अवसृष्टा (प्रेरणा प्राप्त गरी) परापत (टाढा टाढासम्म हानिउ), अमित्रान् (शत्रुकहाँ) गच्छ (जाउ) प्रपद्यस्व (पुग) अमीषाम् (यी शत्रुलाई नमारी हुँदैन) कञ्चनः (कसैलाई) मा उच्छिषः (बाँकी नराख्नु) ।

भावार्थ :-

वाँण विद्याका ज्ञानले तिखारिएका हे शस्त्रहरू ! तिमीहरू शत्रु सेनामा प्रवेशगरी तिनलाई ध्वस्त पार र उनीहरूका शरीरमा घुसेर एउटै पनि शत्रुलाई वाँकी नराखी मारेर छाड ॥ १३ ॥

प्रेताजयंतानरऽइन्द्रोवःशर्म्मंयच्छतु ॥
उग्रावंःसन्तुबाहवोंनाधृष्ष्यायथासथ॥१४॥

(वेद : १७ । ४६)

अन्वय र अर्थ :-

नरः (हे वीर पुरुष !) प्रेत (शत्रुका सेनामा तुरुन्तै आक्रमण गर र) जयत (विजय प्राप्त गर), इन्द्रः (शत्रुको नाश गर्ने सेनापति इन्द्र !) वः (तिमीहरूलाई) शर्य (सुख र आनन्द) यच्छतु (प्रदान गरून्), वः (तिमीहरूका) बाहवः (हातहरू) उग्राः (डरलाग्दा वलवान्) सन्तु (छन्), यथा (कुनैपनि शत्रुले हमला गर्दा), अनाधृष्याः (ती हातले गर्न नसक्ने काम), असथ (कुनै पनि हुँदैनन्) ।

भावार्थ :-

शत्रुलाई आक्रमण गर, विजयी वन तिमीहरूका हात अन्यन्तै वलवान् छन् त्यस्ता हातलाई शत्रुले हमला गरेपनि जित्न सक्तैनन् ॥ १४ ॥

ऽअसौयासेनामरुतः परेषामुब्भ्यैतिनु ओजंसास्पर्द्धमाना ॥ ताङ्गूहततमसापव्रतेनुय थामीऽअन्योऽअन्यन्नजानन् ॥ १५ ॥ (वेद : १७ । ४७)

अन्वय र अर्थ :-

मरुतः (हे मरुद्गणहरू !) या, असौ, परेषाम्, सेना (जुन् यी शत्रुसेनाहरू) ओजसा (आफ्ना पराक्रमले) स्पर्द्धमाना (हामीसँग ईर्ष्या) नः, आ अभ्यैति (हामीतिर नै वढ्दै आइरहेछन्), ताम् (तिनलाई) अपव्रतेन (अनियन्त्रित) तमसा (धुवाँले) गूहत (घेरिदिनोस्) यथा (जसले), अमी (यिनीहरू) अन्यः अन्यन् (आफू-आफूलाई) न जानन् (चिन्न र देख्न नसकून्) ।

भावार्थ :-

हे मरुद्गणहरू ! यी शत्रुहरू हाम्रो ईर्ष्या गर्दै यतै वढ्दै आइरहेछन् अनियन्त्रित धूवाँले ढाकी दिनोस्, एकले अर्कालाई देख्न र चिन्न नसकून् ॥ १५ ॥

यत्र॑ बाणा॒ः सम्पत॑न्ति कुमा॒रा वि॑शि॒खाऽइ॑व ॥ तन्न॒ऽइन्द्रो॒ बृह॒स्पति॒रदि॑ति॒ः शर्म॑ यच्छतु वि॒श्वाहा॒ शर्म॑ यच्छतु ॥ १६ ॥

(वेद : १७ । ४८)

अन्वय र अर्थ :-

यत्रं (रण क्षेत्रमा), बाणाः (वीरहरूले छोडेका वाँणहरू) संपतन्ति (यताउँत खस्छन्) इव (जसरी) विशिखाः (टुप्पी नभएका) कुमाराः (वालक चञ्चलताले यताउँति लड्छन् घुम्दछन्) तत् (त्यो युद्धमा) वृहस्पतिः (वृहस्पति) अदितिः (देवमाता) इन्द्र (इन्द्रले) नः (हाम्रो) शर्म (कल्याण) यच्छतु (गरून्) विश्वाहा (सधै सवैलाई) शर्म (सुख) यच्छतु (दिउन्) ।

भावार्थ :-

वीरले रणभूमिमा छोडेका वाँणहरू, टुप्पी नभएका वालक चञ्चलताले यताउति खसे झैं गरी खस्छन् । त्यस्तै युद्धमा वृहस्पति देवमाता र इन्द्रले हाम्रो रक्षा गरून् र सवैलाई सुख दिउन् ॥ १६ ॥

मर्म्माणितेवर्म्मणाच्छादया
मिसोमस्त्वाराजामृतेनानुवस्ताम् ॥ उरोर्व्व
रीयोव्वरुणस्तेकृणोतुजयन्तन्त्वानुदेवामदन्तु ॥ १७ ॥

(वेद : १७ । ४९)

अन्वय र अर्थ :-

ते (म तिम्रा), मर्माणि (मर्मस्थानहरूलाई) वर्मणा (कवच ले) छादयामि (ढाक्दछु), राजा (राजां) सोमः (सोम), अमृतेन (अमृतले) त्वा (तिमीलाई) अनुवस्ताम् (घेरून्), वरुणः (वंरूण), ते (तिम्रा कवचलाई धेरै उत्तम बनाउन्) उरोः (उच्च) वरीयः (गुणवान्), कृणोतु (गरून्) देवाः (देवताहरू), जयन्तम् (विजय गर्दै) त्वा (तिमीलाई), अनुमदन्तु (प्रोत्साहित तुल्याउन) देव ।

भावार्थ :-

म तिम्रा मर्मस्थानलाई कवचले ढाक्छु राजा सोमले तिमीलाई अमृतले घेर्नेछन् वरूणले तिम्रा कवचलाई उत्तम वनाउलान् देवगणले विजय गर्दै तपाईंलाई उत्साहित पारी राखून् ॥ १७ ॥

॥ इति श्री रुद्रे तृतीयोऽध्याय ॥

अथ चतुर्थोऽध्यायः

हरिः ॐ विभ्राड्बृहत्पिबतुसोम्यम्मध्वा युर्दधद्यज्ञपतावविहुतम् ॥ वातजूतोयोऽअ भिरक्षतित्मनाप्रजाःपुपोषपुरुधाविराजति ॥ १ ॥ (वेदः ३३ । ३०)

अन्वय र अर्थ :-

यः (जुन्) वातजूतः (वायुवेगवाट उत्पन्न चम्किलो), विभ्राट् (तेजस्वी राजपुरुष) अभिन्हुतम् (सम्पूर्ण) आयुः (जीवन) यज्ञपतौ (सद्व्यवहारी यज्ञपति) दधत् (आरण गरी) पुपोष (पुष्ट गर्छ), त्यना (आफ्ना शक्तिले) प्रजाः अभिरक्षति (सवैतिरवाट प्रजाहरूको रक्षा गर्छ) पुरुधा (अनेक प्रकारले) विराजति (चम्कन्छ), बृहत् (ठूला) सोम्यम्, मधु पिबतु (सोम रस पान गर) ।

भावार्थ :-

वायु जस्तै वेगवान भै विशेप रूपले देदीप्यमान सम्पूर्ण तेजयुक्त आफ्ना सामार्थ्यले सवैको रक्षा गर्नु हुन्छ र यस संसारलाई प्रकाशित गर्नुहुने तपाई सूर्यदेव आफ्ना किरणद्वारा मीठो सोमरस पान गर्नोस ॥ २ ॥

उदुत्यञ्जातवेदसन्देवंव्वहन्तिकेतवः ॥ दृशेविश्वायसूर्य्यम् ॥ २ ॥ (वेद : ३३ । ३१)

अन्वय र अर्थ :-

देवं (देवता सूर्यलाई) जातवदेसम् (प्रकटित पदार्थमा रहनु हुने) सूर्यम् (सौर्य मण्डललाई) विश्वाय (संसारलाई) दृशे (हेर्न लायक) केतवः (किरणहरू) उत् (माथितिर) वहन्ति (अनौठो तरिकाले तान्दछन्) ।

भावार्थ :-

जसरी सूर्यले आफ्ना किरणका माध्यमद्वारा संसारलाई देख्न सकिने गराउँछन्

त्यसैगरी विद्वानहरू पनि आफ्ना ज्ञान सामर्थ्य देखाएर बन्दनीय तथा अवलोकनीय बन्दछन् ॥ २ ॥

येनापावकचक्षसा
भुरण्यन्तञ्जनाँ२ऽअनु ॥ त्वंव्वरुणपश्यसि ॥ ३ ॥

(वेद : ३३ । ३२)

अन्वय र अर्थ :-

हे बरुण, ! हे पावक ! (पवित्र कर्ता) येन (जुन) चक्षसा (दृष्टि वा उपदेशद्वारा) अनु भुरण्यनां (अनुकूल रूपले देख्छौ) पश्यसि (संरक्षण दिन्छौ) त्वम् (तिमी नै) जनाम् (हामी मनुष्यहरू तपाईंले खोजे अनुसार वन्न सकौं) । '

भावार्थ :-

हे आदरणीय वरुण देव ! आफ्ना दृष्टि र ज्ञानले सवैलाई तपाई देख्नु हुन्छ मनुष्यलाई पनि त्यसैगरी हेर्नोस् न्यायपूर्वक समान व्यवहारवाट समान शासन गर्नोस् ॥ ३ ॥

दैव्व्यावद्ध्वर्यूऽआगतᳬरथेनसूर्य्य
त्त्वचा ॥ मद्ध्वायज्ञᳬसमञ्जाथे ॥ तम्प्रत्नथाऽ
यंव्वेनश्चित्रन्देवानाम् ॥ ४ ॥

(वेद : ३३ । ३३)

अन्वय र अर्थ :-

हे दैव्यौ ! अध्वर्यू (हे दिव्य अध्वर्यु अश्विनी कुमार !) सूर्यत्वचा (तपाईं सूर्यजस्तै कान्तियुक्त) रथेन (रथवाट) आगतम् (यहाँ आउनुहोस र) मध्वा (मधुर घिउद्वारा) यज्ञम् समञ्जाथे (यज्ञ राम्रा रीतिले गर्नोस) तम् (त्यो) प्रक्नथा (प्राचीन) अयम् (यो) वेनः (तेजयुक्त) देवानाम् चित्रम् (देवताहरूको अद्भुत तेज हो) ।

भावार्थ :-

हे अश्विनीकुमार कान्तियुक्त रथवाट आई घिउद्वारा हवन गर्नोस् किनकि पुरानो यज्ञरीति जस्तै यो यज्ञपनि कान्तियुक्त र देवताको अद्भुत तेज समान हो ॥ ४ ॥

तम्प्रत्क्नथापूर्व्वथ
व्विश्वथेमथाञ्ज्येष्ठताति म्बर्हिषदंᳫस्वर्व्विदम
प्रतीचीनंवृजनन्दोहसेधुनिमाशुञ्जयन्तमनुया
सुवर्द्धसे ॥ ५ ॥

(वेद : ७ । १२)

अन्वय र अर्थ :-

विश्वथा (सवै) प्रत्क्नथा (प्राचीन महर्षि), पूर्वथा (पूर्वकालका योगी) इमया (वर्तमान) जेष्ठतातिम् (अत्यन्त प्रशंसनीय) बर्हियदम् (हृदय भित्र) स्वर्विदम् (सुख प्राप्त्यर्थ) प्रतीचीनम् (अविद्यादि दोषमुक्त हुन्) आशुम् (शीघ्र) जनयन्तम् धुनिम् (इन्द्रियलाई कंपाउने) वृजनम् (योगवललाई), दोहसे (परिपूर्ण गर्दछन्) ।

भावार्थ :-

प्राचीन महर्पि र योगीहरू, वर्तमान योगी भैं हृदयमा स्थिर रही पापवाट टाढा रहने, उन्नत स्थानमा पुऱ्याउने, इन्द्रियलाई योगवल द्वारा वशमा राखी उद्देश्य परिपूर्ण गर्छन् । यस किसिमको योगवल तपाईलाई उपलव्ध भै जाओस् ॥ ५ ॥

अयंव्वेनश्चोदयत्पृश्निगर्ब्भा
ज्ज्योतिर्ज्जरायूरजसोव्विमाने ॥ इममपाᳫसङ्गमे
सूर्य्यस्यशिशुन्नविप्प्रामतिभीरिहन्ति ॥६॥

(वेद : ७ । १६)

अन्वय र अर्थ :-

अयम् (यो), वेनः (कान्तिमान), रजसः (समुदायका वीच), विमाने (अन्तरिक्षमा), ज्योतिर्जरायुः (ताराहरूलाई ढाक्ने), पृश्निगर्भाः (फुर्सदमा रहने), चोदयत् (यथास्थानमा खटाउँछ), इमम् (श्री चन्द्रमालाई), अपाम् (पानीको), सङ्गमे (सूर्य सम्वन्धि आकाशको विपयमा), विप्राः (विद्वान), सूर्यस्य (सूर्यका), शिशुम् (वालकलाई), न (समान आदर भावले), मतिभि : (वुद्धिद्वारा), रिहन्ति (प्रार्थना गर्छन्) ।

भावार्थ :-

सूर्यले अन्तरिक्षका वीचमा तेजयुक्त भै वसेर जल वर्षनमा प्रेरित गर्छन्। विद्वानहरू सूर्यकापुत्र भैं भई आफूले बुझे अनुसार स्तुति गर्दै सूर्यको पूजा अर्चना गर्छन् ॥ ६ ॥

चित्रन्देवानामुदगादनीकञ्चक्षुर्म्मित्त्रस्य वरुणस्याग्नेः ॥ आप्राद्यावापृथिवीऽअन्तरिक्षं सूर्य्यऽआत्माजगतस्तस्थुषश्च ॥७॥

(वेद : ७ । ४२)

अन्वय र अर्थ :-

देवानाम् (देवताका) चित्रम् (अद्भूत) अनीकम् (सेना) मित्रस्य (मित्र), वरुणस्य (वरुण उदानका), अग्नेः (अग्नीका) चक्षुः (आँखा तेज) द्यावा, पृथिवी (भूमि र आकाश) अन्तरिक्षम् (अन्तरिक्षलाई) सूर्यः (सूर्यलाई), जगतः (प्राणी) च (र), तस्थुसः (स्थावर) आत्मा (आत्मसमान), उदगान् (राम्ररी मिलेको) स्वाहाः (अर्पण गर्छौं) ।

भावार्थ :-

मित्र, वरुण, अग्नि आदि देवताका नेत्ररूप स्थावर र जगम जगतका आत्मारूप सूर्यदेवले आफूले नै दिव्य प्रकाशद्वारा पृथिवी र अन्तरिक्षलाई तेजास्विता प्रदान गर्दछन्। उनै सूर्य देवलाई यो हवन सामग्री समर्पण गर्दछौं ॥ ७ ॥

आनऽइडाभिर्व्विदथेसुशस्तिव्विश्श्वानरः सविता देवऽएतु॥ अपियथायुवानोमत्सथा नोव्विश्श्वञ्जगदभिपित्त्वेमनीषा॥ ८ ॥ (वेद : ३३ । ३४)

अन्वय र अर्थ :-

विश्वानरः, सविता, देवः (सम्पूर्ण प्राणीका हितकारी सवका प्रेरक हे देव !) नः (हाम्रा), इडाभिः (शुद्ध अन्न द्वारा) सुशास्ति, (यो प्रर्शसायुक्त) विदथे, आ एतु (यज्ञघरमा

आउँनोस्) युवानः, अभिपित्वे (सधैं युवावस्थामै रहने देवताहरू) यथा (जुन प्रकारले हुन्छ) मत्सथ (आनन्दित हुनुहोस्) नः (हाम्रो) विश्वम् (सबै) जगत् (प्राणीहरू) मनीषा (वुद्धि) अपि (पनि) ।

भावार्थ :-

हे सूर्य ! हे देवताहरू ! हाम्रा शुद्ध अन्नले हवन गरिएको यो यज्ञशालामा आउनोस् र हवन भएका सामग्री लिनु भै तृप्त हुनुहोस् । आउंनुहुँदा हामी संपूर्ण चराचर जगत्लाई पनि संतुष्ट तुल्याउनुहोस् ॥ ८ ॥

यदुद्य कच्चं वृत्रहन्नुदगाऽअभिसूर्य्य ॥ सर्वन्तदिन्द्रतेवशे ॥ ९ ॥

(वेद : ३३ । ३५)

अन्वय र अर्थ :-

हे वृत्रहन् ! हे इन्द्र ! हे सूर्य ! (अन्धकार नाश गर्ने वृत्रासुरलाई नाश गर्ने हे इन्द्र) अध (तल) यत् (जहाँ) कच्च (कहीं) अभ्युदगाः (उदाउँछौं) तत्, (ती) सर्वम् (सबै) ते (ती) वशे (अधीनमा छन्) ।

भावार्थ :-

अन्धकार नाश गर्ने हे सूर्य जहाँ भएपनि आज एक ठाउँमा उदाउँछौ त्यसरी उदाउँदा ती अन्धकारहरू तिम्रै वशमा रहेका हुन्छन् ॥ ९ ॥

तरणिर्विश्वदर्शतोज्ज्योतिष्कृदसिसूर्य्य ॥ विश्वमाभासिरोचनम् ॥ १० ॥

(वेद : ३३ । ३६)

अन्वय र अर्थ :-

हे सूर्य ! तरणिः (संसार तार्ने) विश्वदर्शतः (संसार चिनाउने) ज्योतिष्कृत् (प्रकाश फैलाउने) असि (छौ) रोचनम् (रुचिकारक) विश्वम् (संसारलाई नै उज्यालो पार्दछौ)

भावार्थ :-

ए सूर्य ! तपाई संसार तार्नु हुन्छ र संसारलाई प्रकाशित (उज्यालो) पनि गर्नु हुन्छ ॥ १० ॥

तत्सूर्य्यस्य देवत्वं तन्महित्वम्मध्याकर्त्तोर्वितत सञ्जभार ॥ यदेद युक्तहरितं सधस्थादाद्रात्रीव्वासस्तनुते सिमस्मै ॥ ११ ॥

(वेद : ३३ । ३७)

अन्वय र अर्थ :-

सूर्यस्य (सूर्यको) **तत्** (त्यो) **देवत्वम्** (देवपन छ), **तत्** (र) **महित्वम्** (महत्व) **विततम्** (फैलिएको) **कर्तोः** (कारक) **मध्या** (बीच) **सम्** (संहार) **जभार** (संमिलित) **यदा** (अन्धकार नाश) **इत्**, **सधस्तात्** (एकाग्र) **हरितः** दिशातर्फ **अयुक्तः** (समाधिस्थ), **आतु** (त्यसपछि) **रात्री** (रात), **सिमस्यै** (सवैलाई) **वासः तनुते** (अँधेरो पार्छ) ।

भावार्थ :-

सामर्थ्यवान सूर्यले संसार निर्माण गर्दछन्, आफ्नै सामर्थ्यले सम्पूर्ण लोकको संहार गरी आफूमा नै लीन गराउँछन् । केन्द्रस्थानवाट तीव्र शक्तिद्धारा किरणलाई एकत्रित नै.अन्धकार रूपी प्रलय रात्रीले समस्त व्रह्माण्डलाई ढाकिदिन्छन् ॥ ११॥

तन्मित्रस्य्वरुणस्याभिचक्षे सूर्य्योरूपङ्कृणुतेद्योरुपस्थे ॥ अनन्तमन्यद्रुशदस्यपाजः कृष्णमन्यद्धरितः सम्भरन्ति ॥ १२ ॥

वेद ३३ । ३८

अन्वय र अर्थ :-

द्यौः (उज्यालो) **उपस्थे** (अन्धकार वाहेक) **सूर्यः** (चर चरका आत्मा) **मित्रस्य** (प्राणको) **बरुणस्य** (उदानको) **तत्** (त्यो) **रूपम्** (रूपलाई) **कृणुते** (वनाउँछ), **अभिचक्षे** (देवताले वुझेका छन्) **अस्य** (यी परमात्माको) **रूशन्** (शुद्ध स्वरूप) **पाजः** (वल)

अनन्तम् (अपरिमीत) अन्यत् (वेग्लै) अन्यत् कृष्णम् (अविद्य वा अज्ञानले मलिन पारिएकालाई) हरितः (दिशावोध) सम् भरन्ति (धारण गर्दछन्) ।

भावार्थ :-

सूर्यका दुई रूप छन् पहिलो रूपले नै आफुले नै मित्र (प्राण) र वरुण (उदान) लाई देखाएर पहिले संसार र मानिसहरूलाई चौतर्फी ढंगले देख्न सक्छन् । त्यसपछि दोस्रो रूपले अन्धकार (कालो पदार्थ) फैलाएर सवै दिशामा व्याप्त (फैलेको) हुन जान्छ ॥ १२॥

बण्महाँ२ऽअसिसूर्य्यबडादित्त्यमहाँ
२ऽअंसि ।। महस्तेंसतोमंहिमापंनस्यतेद्धादेव
महाँ२ऽअंसि ।। १३ ।।

(वेद : ३३ । ३९)

अन्वय र अर्थ :-

हे सूर्य ! वट् (निश्चयनै) महान् (ठूलो) असि (हुनुहुन्छ), हे आदित्य ! (सूर्य) वट् (सत्य) महान् (ठूला) असि (छौं) महः (ठूलो) सतः (सत्य स्वरूप), ते (तिम्रा), महिमा (महत्व) पनस्यते (लोकले गाउँछ) हे देव ! अद्धा (प्रसिद्ध) महान् (ठूला) असि (छौ) ।

भावार्थ:-

हे अविनाशी सूर्य ! तपाई चराचर जगतमा सवै भन्दा श्रेष्ठ र ठूलो हुनुहुन्छ, श्रेष्ठताले नै तपाईका महिमाको स्तुति लोकमा गरिन्छ ॥ १३ ॥

बट्सूर्य्यश्रवसामहाँ२
अंसिसत्रादेंवमहाँ२ऽअंसि ।। महन्नादेवानाम
सुर्य्यः पुरोहितोविभुज्ज्योतिरदाभ्यम् ।।१४।।

(वेद : ३३ । ४०)

अन्वय र अर्थ :-

हे सूर्य ! वट् (सत्य) श्रवसा (कृति र धनले) महान् (ठूला) असि (हुनुहुन्छ) असूर्यः (प्राण रक्षार्थ हितैषि हुनेहरू) देवानाम् (देवताहरूको) पुरोहितः (हितकारी) विभु

(व्यापक) अदाभ्यम् (रक्षायोग्य) ज्योतिः (प्रकाश) सत्राः (सत्ययुक्त) मन्हा (महत्वपूर्ण) महान् (ठूला) असि (छौं) ।

भावार्थ :-

हे सूर्य ! तपाई देवताहरूका वीच अग्रपंक्तिमा रही यज्ञका कारणवाट देवताहरूमा सर्वश्रेष्ठ भै विराजमान हुनुहुन्छ ॥ १४ ॥

श्रायन्तऽइवसूर्य्यंविश्वेदिन्द्रस्यभक्षत ॥ वसूनिजातेजनमानऽओजसाप्रतिभागन्नदीधिम ॥१५॥

(वेद : ३३ । ४१)

अन्वय र अर्थ :-

सूर्यम् (सूर्यलाई) श्रायन्तः इव (आश्रय लिए समान) विश्वा (सवै) वसूनि (वस्तुहरू) भक्षत (सेवन गर) जाते (पैदा भएका) जनमाने (पैदा हुनेवाल) भागम्, न, (सेवन गर्न अयोग्य कुराको सेवन नगर्ने) ओजसा (सामर्थ्य साथ), भागम् जाते जनमाने (पैदा भैसकेका र पैदा हुनेवालालाई), प्रतिदीधिम (प्रकपिंत पार्नोस्) ।

भावार्थ :-

ए मनुष्यहरू हो ! सूर्यका प्रकाशका आश्रयवाट धान्यादि उत्पत्ति भएका हुन् । ती सवै मनुष्यका भोगका लागि नै उत्पादित हुन् । सो को भोग गर र पछि उत्पन्न हुनेले कमाएका धनलाई भोग गरे जस्तै आफ्ना वल र पराक्रमले कमाएको फल आफूले नै प्राप्त गर्ने गर ॥ १५ ॥

अद्यादेवाऽउदितासूर्य्यस्यनिरंहसः पिपृतानिरवद्यात ॥ तन्नोमित्रोवरुणोमामहन्तामदितिःसिन्धुःपृथिवीऽउतद्यौः ॥ १६ ॥

(वेद : ३३ । ४२)

अन्वय र अर्थ :-

देवाः (हे विद्वत् वर्ग) ! अद्या (आज) सुर्यस्य (सूर्य) उदिता (उदाए) नः (हामीलाई)

अंहस: (अपराधवाट) अवद्यात् (दु:खवाट) नि: (वचाउ) पिपृत (रक्षागर) मित्र: (साथी) वरुण: (श्रेष्ठ) अदिति: (अन्तरिक्ष) सिन्धु: (समुन्द्र) पृथिवी (भूमि) उत (र) द्यौ: (स्वर्गीय प्रकाश हो) तत् (ती) भाहन्ताम् (समर्थन गरून्) ।

भावार्थ :-

आजको सूर्योदयले हाम्रा सवै पाप नाश गरून् वदनाम वाट टाढा राखून् वरुण मित्र, मरुद्‌गण आदिले हाम्रो यो अभिप्सित वचनलाई समर्थन गरून् ॥ १६ ॥

आकृष्णेनरजसावर्तमानोनिवेशयन्नमृतम्म
र्त्यञ्च ॥ हिरण्ययेनसवितारथेनादेवोयाति
भुवनानिपश्यन् ॥१७॥

(वेद : ३३ । ४३)

अन्वय र अर्थ :-

सविता (सूर्य) देव: (देवता) हिरण्ययेन (सुनको) रथेन (वग्गीमा) कृष्णेन (हिंड्दा हिंड्दै) रजसा (संसारका साथ) आवर्तमान: (दोहोऱ्याएर भ्रमण गर्दै) अर्मतम् (अविनासी) च (पनि) मर्त्यम् (प्राणीलाई) निवेशयन् (अड्याए), भुवनानि (संसारलाई) पश्यन् (हेर्दै) आयाति (उदय र अस्तमा आउने जाने गर्छन्) ।

भावार्थ :-

सवैलाई प्रेरणा दिने भगवान् सूर्य सुवर्ण रथमा सवार भै कालो अँध्यारो रातमा आकाशवाट भ्रमण गर्दै देवगण र मनुष्यलाई आ-आफ्ना काममा लगाई दशै दिशा हेर्दै मर्त्यमण्डल र देवलोकमा आते जाते गर्नुहुन्छ ॥ १७ ॥

॥ इति श्री रुद्रे चतुर्थो ऽ ध्याय: ॥

अथ:पञ्चमोऽध्याय:

शिवको रिस, शरीरको वल र शस्त्रले दुष्टको नाश गर्छन् सज्जनको पालन गर्छन्, यो पाँचौं अध्यायमा रुद्रस्वरूप शिवको वारे व्याख्या गरिएको छ। यो पाँचौं अध्यायलाई मनन गर्नाले रुद्रका स्वरूप थाहा पाइन्छ।

हरि:ॐ नमस्ते रुद्र मन्यवऽउतोतऽइषवे नमः॥ बाहुभ्यामुत ते नमः॥ १॥ (वेद : १६ । १)

अन्वय र अर्थ :-

हे रुद्र ! (हे शिव !) ते (तपाईंका) मन्यवे (रिसलाई) नम: (नमस्कार छ) उत (र) ते (तपाईंका) इषवे (वाँणलाई) नम: (नमस्कार) उत (र) ते (तपाईंका) वाहुभ्याम् (दुवै हातलाई) नम: (नमस्कार) ।

भावार्थ :-

हे शिव ! तपाईंको रीस, वाँण र दुवै हातलाई नमस्कार गर्छु। शिवको रिस, शरीरको वल र शस्त्रले दुष्टको नाश गर्छन् र सज्जनको पालन पनि गर्छन ॥ १ ॥

याते रुद्र शिवा तनूरघोरापापकाशिनी ॥ तया नस्तन्वा शन्तमया गिरिशन्ताभिचाकशीहि ॥ २॥ (वेद : १६। २)

अन्वय र अर्थ :-

गिरिशन्त (पहाडको टुप्पामा रहेर सवैलाई सत्य उपदेश दिने), रुद्र (दुष्टको डरवाट मुक्त राख्ने सुखदायक विद्वान्) या (जुन) ते (तपाईंका) शिवा (कल्याणकारी शान्त) अघोरा (क्रुरता रहित) अपापकाशिनी (सत्य र धर्म फैलाउँने) तनू: (शरीर) तया (त्यो) शन्तमया (सुखदायक) तन्वा (शरीरले) न: (हामीलाई) अभिचाकशीहि (चौतर्फी शिक्षा दिनुस्) ।

भावार्थ :-

कैलाश पर्वतमा विराजमान भै शत्रुलाई देख्न नसक्ने, भक्तको कदर गर्ने सौम्य र शान्त शरीरद्वारा हाम्रो रक्षा गर्नोस् ॥ २ ॥

यामिषुङ्गिरिशन्तहस्तेंविभर्ष्यस्तवे ॥ शिवा ङ्गिरित्रताङ्कुरुमाहिंसीःपुरुषञ्जगत् ॥३॥ (वेद : १६ । ३)

अन्वय र अर्थ :-

हे गिरिशन्त ! (हे सत्य उपदेश कर्ता !), गिरित्र (हे मेघ रक्षक !) याम् (जुन्) इषुम् (वाँणलाई) अस्तवे (प्रहार गर्न) हस्ते (हातमा) विभर्षि (वोक्नुहुन्छ) तम् (त्यसलाई) शिवाम् (कल्याणकारी) कुरु (तुल्याउनुहोस्) पुरुषम् (मानिसलाई) जगत् (संसारलाई) माहिसी (नमार्नोस्) ।

भावार्थ :-

वेदमन्त्रमा निवास रहने हे रुद्र ! तपाईंका हातमा भएका वाँणलाई रक्षा (जोगाड) गर्नोस् अर्थात् ज ाभावी नराख्नोस् । पुरुष, जगत, एवं गाई प्राणीको वध कार्यमा प्रयोग नगनर्नोस् वरु ति िहरूको रक्षा गर्नोस् ॥ ३॥

शिवेनवचसात्त्वागिरिशाच्छांवदामसि ॥ यथानःसर्वमिज्जगदयक्ष्मःसुमनाऽअसत् ॥४॥

(वेद : १६ । ४)

अन्वय र अर्थ :-

हे गिरिश ! (पर्वतेश्वर) त्वा (तपाईं) शिवेन (माङ्गलिक) वचसा (वोलीले) अच्छा (राम्रो उपर्युक्त) वदामसि (भन्नुहुन्छ) यथा (जस्तै) नः (हाम्रो) सर्वम् (सवै) यत् (यो) जगत् (संसार) अयक्ष्मम् (रोगरहित) (राजयक्ष्मा जस्ता रोग नलागेको) सुमना (प्रसन्न) असन् (होओस्) ।

भावार्थ :-

तपाईं माङ्गलिक वचन भन्नुहुन्छ कि जगतुका सवै प्राणी राजयक्ष्मा जस्ता रोग रहित भै उत्तम र शुभ विचार गर्ने वनुन् भनेर ॥ ४ ॥

अध्यवोचदधिवक्ता प्रथमो दैव्यो भिषक् ॥ अहींश्च सर्वाञ्जम्भयन्त्सर्वाश्च यातुधान्योऽधरा चीः परासुव ॥५॥ (वेद : १६ । ५)

अन्वय र अर्थ :-

अधिवक्ता (हे भैषज्यशास्त्र निष्णात् !) प्रथमः (प्रमुख) दैव्यः (श्रेष्ठ विद्वान) भिषक् (रोगनाशक) अध्यवोचत् (धैरै धैरै उपदेश दिनुस्) च (पनि) सर्वान् (सवै) अहीन् (सर्पहरू) जम्भयन् (औषधीद्वारा वसमा राख्ने) सर्वाः (सवै) अधराचीः (तल जाउन्) यातुधान्यः (व्यभिचारिणी राक्षसीलाई) च (पनि) परासुव (दूर पठाउनोस्) ।

भावार्थ :-

मुख्य वक्ताका रूपमा रहने सर्वश्रेष्ठ वैद्य स्वरूप हे रुद्र ! तपाई मन्त्रौपधिद्वारा सर्पहरूलाई वशमा राख्न सकने वीरभद्रलाई सवै सर्वादि क्रूर राक्षस तथा दुष्टहरूको नाश गरी सवै नीच राक्षसी वृत्रिका लोकलाई म वाट टाढा राख भनि आज्ञा गर्नुहुन्छ । दुष्टलाई टाढा नै राख्नु पनि उत्तम हो ॥ ५ ॥

असौ यस्ताम्रो ऽ अरुण ऽ उत बभ्रुः सुमङ्गलः ॥ ये चैनꣳ रुद्रा ऽ अभितो दिक्षु श्रिताः सहस्रशोऽवैषाꣳ हेड ऽ ईमहे ॥ ६ ॥ (वेद : १६ । ६)

अन्वय र अर्थ :-

यः (सूर्य उदाउँदा वखत जुन्) असौ (यो) ताम्रः (ताम्रवर्ण) अरूणः (वीचको समयमा अरूण वर्ण) उत (र) बभ्रुः (अस्ताउने वेलामा पहेंलो वर्णको) सुमङ्गलः (मङ्गलकारी) च (र) ये (जुन्) सहस्रशः (हजारौं) रूद्राः (रुद्र) अभितः (चौतर्फी) दिक्षु (दिशाहरूमा) श्रिताः (रहेका छन्) एषाम् (यिनका) हेडः (क्रोध) अव ईमहे (हामीवाट टाढा रहोस्) ।

भावार्थ :-

प्रचण्ड क्रोधलेयुक्त रुद्र हजारौं छन् ती चारै दिशामा व्याप्त पनि छन् रुद्रका यी डरलाग्दा क्रोधवाट हामी सधैं टाढा वचेर रहनुपर्छ रहौं पनि ॥ ६ ॥

असौ योऽवसर्प्पति नीलग्ग्रीवो विलोहितः ॥ उतैनङ्गोपाऽअदृश्श्रन्नदृश्श्रन्नुदहार्य्यः सदृष्टो मृडयाति नः ॥ ७ ॥

(वेद : १६ । ७)

अन्वय र अर्थ :-

यः (जुन्) असौ (यी) निलग्रवः (नीलो घाँटी भएका) उत (र) विलोहितः (विविध गुणले युक्त) अवसर्पति (निरन्तर हिंडीरहन्छन्) एनम् (यिनलाई) गोपाः (गोठालाहरू) अदृश्रन् (देखेर) उदहायः (पानी वोक्ने स्त्रीहरूलें) अदृश्रन् (देखे) सः (उनी) दृष्टः (देखिएकाले) नः (हामीलाई) मृडयति (सुख दिउन्) ।

भावार्थ :-

यी सूर्य अस्तको समयमा नीलकण्ठ समान र विशेष रक्तवर्ण भई सूर्यरूपले निरन्तर हिंडीरहन्छन्, यिनलाई गाईपाल्ने गोठालाले देख्छन् र पानी लिई जाने नारीहरूले पनि देख्छन् (दर्शन गर्छन्) त्यस्ता रुद्रको दर्शन गर्दा उनले हामीलाई सुखी राख्छन् ॥ ७ ॥

नमोऽस्तु नीलग्ग्रीवाय सहस्राक्षाय मीढुषे ॥ अथो येऽअस्य सत्वानोऽहन्तेभ्योऽकरन्नमः ॥ ८ ॥

(वेद : १६ । ८)

अन्वय र अर्थ :-

नीलग्रीवाय (नीलकण्ठ) सहस्राक्षय (हजार आँखा भएका) मीढुसे (जल वर्षा गर्न समर्थवान् रुद्रलाई) नमः (नमस्कार) अस्तु (छ) अथ (यसपछि) अस्य (यिनका) सत्वानः (सत्यांशहरू) तेभ्य (ती सवैलाई) अहम् (म) नमः (प्रणाम्) अकरम् (गर्दछु) ।

भावार्थ :-

हजार नेत्र नीलकण्ठ जलवृष्टि आदि गर्न समर्थ सूर्यरूपी रुद्रलाई र उनका सत्वअंश गणहरूलाई पनि नमस्कार गर्छु । सूर्यको प्रकाश सुख दिने हुन्छ । सूर्यको प्रकाश मानिसका शरीरमा थोरै समय परे पनि यसले स्वास्थ्यमा फाइदा पुऱ्याउँछ ॥ ८ ॥

प्रमुंञ्च धन्न्वंनुस्त्वमुभयोरात्क्न्योंर्ज्ज्याम् ॥
याश्चंतेहस्तऽइषंवुःपरा ताभंगवोवप ॥९॥

(वेद : १६ । ९)

अन्वय र अर्थ :-

हे भगवः ! (हे ऐश्वर्ययुक्त सेनापति !), धन्वनः (धनुको), उभयोः (दुवै), आत्क्न्योः (किनाराको) ज्याम् (ताँदोलाई) त्वम् (तपाईं) प्रमुञ्च (फुकाउनोस्) च (र) याः (जुन्) ते (तिम्रो) हस्ते (हातमा) इषवः (वाँणहरू) ताः (तिनलाई) परावप (टाढा राख्नुहोस्) ।

भावार्थ :-

ऐश्वर्य सम्पन्न हे भगवान् रुद्र ! आफ्ना धनुषका दुवै ठोक्रामा रहेका ताँदोमा टाण राख्नोस् (निकाल्नोस्) र तपाईंका हातमा भएको वाँणलाई पनि परै राख्नोस् । शान्तिका समयमा धनुर्वाण र शस्त्रअस्त्र टाढै रहून्, युद्धमा शत्रुसँग लडदा मात्र तिनलाई आफूसँग राख्नु उचित हुन्छ ॥ ९ ॥

विज्ज्यन्धनुं÷कपर्द्दिनोविशंल्ल्योवाणंवाँ२ऽउत ॥ अनेशन्नस्युयाऽइषंवऽआभुरंस्यनिषङ्गधिः ॥१०॥

(वेद : १६ । १०)

अन्वय र अर्थ :-

कपर्दिनः (जटाधारी) धनुः (धनु) विज्यम् (ताँदो चढाएको) उत (र) वाँणवान् (वाँणहरू सहित) विशल्यः (अघिल्लो तीखो भाग रहित वाँण) अस्य (यिनका) याः (जुन्), इषवः (वाँणहरू) अनेशन् (नाशियुन्) अस्य (यिनको) निषङ्गधिः (वाँणदिशस्त्रहरूले रहित) आभुः (हतियार रहित नहोउन्) ।

भावार्थ :-

जटाधारी रुद्रको धनुर्वाण ताँदो रहित होस्, ठोक्रो वाँणशून्य होस् यिनका वाँण कतै नदेखियुन् वाँण टाढा रहुन् खड्ग राख्ने दाप खाली होस् अर्थात् शान्तिका समयमा सम्पूर्ण शस्त्रास्त्र टाढा रहून् तर युद्धमा भने साथमा होउन् । शान्ति अवस्थामा शस्त्र अस्त्र टाढा रहून्, युद्धमा मात्र अस्त्र साथ रहून् अरू समयमा धनुर्वाण राख्ने ठोक्रो खाली नै रहोस् ॥ १० ॥

यातेहेतिर्म्मीढुष्टमहस्तेबभूवन्तेधनुः ॥ तया
स्म्मान्विश्वतस्त्वमयक्ष्मयापरिभुज ॥ ११ ॥

(वेद : १६ । ११)

अन्वय र अर्थ :-

मीढुष्टम (सुख सिंचक हे इन्द्र देव !), ते (तिम्रा), या (जुन्), हेतिः (वज्र), ते (तिम्रा), हस्ते (हातमा), धनुः (धनु), बभूव (दिगो रहन्छ), तया (त्यसले), अयक्ष्मया (रोग रहित), त्वम् (तपाई), विश्वतः (सर्वतर्फबाट), अस्मान् (हामीलाई), परिभुज (परिपालन गर्नुस्) ।

भावार्थ :-

सुख, सेचन गर्ने हे रुद्र ! तिम्रा हातमा जुन हतियार र धनु छ, तिनै सुखदायी शस्त्रले तपाई सर्वैतिरबाट हाम्रो रक्षा (पालन) गर्नोस् । वीरका हातमा सधैं शस्त्र रहून् तर त्यस्को उपयोग शान्तिका समयमा नगरी युद्धका समयमा मात्र होस् ।

परितेधन्वनोहेतिरस्मान्वृणक्तुविश्वतः ॥
अथोयऽइषुधिस्तवारेऽअस्म्मन्निधेहितम्
॥ १२ ॥

(वेद : १६ । १२)

अन्वय र अर्थ :-

हे रुद्र ! ते (तपाईसँग) धन्वनः (धनु र) हेतिः (वाँणहरूका गति छन्) विश्वतः (चारैतिरबाट), अस्मान् (हामीलाई) परिवृणक्तु (दिनोस्) अथ (त्यसपछि) य (जुन) भव (तिम्रा) इषुधिः (वाँण राख्ने ठाउँका) तम् (त्यसलाई) अस्मन् (हाम्रो छेउबाट) आरे (टाढा नै) निधेहि (धारण गर्नुहोस्) ।

भावार्थ :-

हे भगवान् रुद्र ! तपाईंसँग धनुष र वाँण आदि हतियार छन् तिनले हाम्रो सवैको रक्षा गरून् हामीलाई शत्रुका आक्रमणवाट वचाउन् र तपाईंसँग जुन ताँदो छ त्यो टाणमा नै रहोस् । तपाईंका धनुष वाँण आदि शस्त्रले हाम्रो रक्षा गरून् र शत्रुका आक्रमणवाट वचाउन् धनुको ताँदोले टाढैवाट हाम्रो रक्षा गरोस् ॥ १२ ॥

अवतत्त्य धनुष्ट्वꣳसहस्राक्ष शतेषुधे ॥ निशीर्य्य शल्यानाम्मुखाशिवोनः सुमनाभव ॥ १३ ॥ (वेद : १६ । १३)

अन्वय र अर्थ :-

सहस्राक्ष ! शतेषुधे, ! (हजार आँखा र हजार धनु लिने हे रुद्र !) त्वम् (तपाईं) धनुः (धनु) अवतत्य (फैलाएर वा उठाएर), शल्यानम् (शस्त्रहरूको) मुखाः (अग्रभाग) निशीर्य (राम्ररी प्रहार गरेर) नः (हामीलाई) शिवः (मंगल गर्ने) सुमनाः (प्रसन्न) भव (हुनुनोस्) ।

भावार्थ :-

ए हजार वाँण भएका रुद्र ! ए हजार नेत्र भएका शिव ! हजूर धनुषलाई वाँण रहित गरी वाँणका मुख (टुप्पो) निकाली हाम्रो कल्याणकारी र असल मन वनाइं दिनोस् । हजार नेत्र र हजार वाँण भएका ए रुद्र ! तपाईंको आफ्नो धनुलाई वाँण रहित वनाई हाम्रो मन असल कर्ममा लगाई दिनोस् ॥ १३ ॥

नमस्तऽआयुधायानाततायधृष्णवे ॥ उभाभ्यामुततेनमोवाहुभ्यान्तवधन्न्वने ॥ १४ ॥ (वेद : १६ । १४)

अन्वय र अर्थ :-

हे रुद्र ! ते (तिम्रा) अनातनाय (तयारी हालतमा नरहेका) आयुधाय (शस्त्र र अस्त्रहरूलाई) नमः (नमस्कार छ), ते (तिम्रा) उभाभ्याम् (दुवै) बाहुभ्याम् (हातले) उत् (र) तव (तिम्रा) धृष्णवे (सुयोग्य) धन्वने (धनुलाई) नमः (नमस्कार छ) ।

भावार्थ :-

ए रुद्र ! तपाईंको धनुपमा नचढाएको वाँण दुवै हात र शत्रु जित्न समर्थ धनुपको लागि नमस्कार । युद्धमा तयार नपारिएका शस्त्रअस्त्रमा मेरो नमस्कार । शान्तिका अवस्थामा भने यी शस्त्रास्त्रहरू युद्धवाट टाढै रहनु कल्याणदायक छ ॥ १४ ॥

मानोऽमहान्तमुतमानोऽअर्भकम्मानऽउक्षन्तमुतमानऽउक्षितम् ॥ मानोव्वधीःपितरम्मोतमातरम्मानःप्प्रियास्तन्न्वोरुद्ररीरिषः ॥ १५ ॥

(वेद : १६ । १५)

अन्वय र अर्थ :-

हे रुद्र ! नः (हाम्रा) महान्तम् (गुरुजनलाई) मा वधीः (नमानोंस्) उत (यी), नः (हाम्रा) अर्भकम् (वालकहरूलाई) मा वधी (नमार्नोस्) नः (हाम्रा) उक्षन्तम् (तन्नेरी) मा (नमार्नोस) नः, पितरम् (हाम्रा पिता) मा (नमार्नोस) उत नः मातरम् (त्यस्तै हाम्रा माता) ... : प्रियाः (श्रीमतीका) तन्वः मा रीरिषः (शरीरलाई पनि नमार) ।

भावार्थ :-

हे रुद्र ! हाम्रा गुरु... , हाम्रा वालकहरू, हाम्रा युवा पुरुपहरू, हाम्रा गर्भमा रहेका वालकहरू, हाम्रा माता पिताहरू, हाम्रा प्रिया श्रीमती, पुत्रपौत्रादिहरूलाई वध नगरी रक्षा गर्नोस् । ए रुद्र ! गुरूहरू वालकहरू युवा पुरुपहरू गर्भस्थ वालकहरू, वावु आमाहरू रं भार्या पुत्रपौत्रादि सवैको कल्याण गर्नोसु र वध नगर्नोस् ॥ १५॥

मानस्तोकेतनयेमानऽआयुषिमानोगोषुमानोऽअश्वेषुरीरिषः ॥ मानोव्वीरान्रुद्रभामिनोव्वधीर्हविष्मन्तःसदमित्त्वाहवामहे ॥ १६ ॥

(वेद : १६ । १६)

अन्वय र अर्थ :-

हे रुद्र ! नः (हाम्रा) तनये (सन्तानलाई ५ वर्षं माथि उमेर भएकालाई), तोके (नवजात सन्तान) मा रीरिषः (नमार्नोस), नः (हाम्रा) आयुषि (आयु) मा, (नमार्नोस्) नः (हाम्रा) गोषु (गाईहरू) मा (नमार्नोस) नः, अश्वेषु (घोडाहरू) मा (नमार्नोस) नः

(हाम्रा) भामिनः (रिसाहा), वीरान् (वीरहरू) मा वधी (नमार्नोस), हविष्मन्तः (हवन सामग्रीहरू लिंदै) सदम्, इत् त्वा (हामी सधैं तपाईंलाई), हवामहे (पूज्दछौ) ।

भावार्थ :-

हे रुद्र ! हाम्रो पुत्रपौत्रादिलाई, नमार्नोस्, हाम्रो आयु नष्ट नगर्नोस, हाम्रा गाईहरूलाई प्रहार नगर्नोस् । हाम्रा घोडाहरूमा चोट नपुऱ्याउनोस्, हाम्रा रिसाहा शूरवीरलाई हनन नगर्नोस् । हवनयुक्त सामग्रीले सहित भएर निरन्तर तपाईंलाई आवाहन गर्दछौं । हाम्रा पुत्रपौत्रादि, आयु, गाईहरू, घोडाहरू शूरवीरहरूलाई नष्ट नगर्नोस । होताभै हामी तपाईंलाई निरन्तर आह्वान गर्दछौं ॥ १६॥

पुनर्नमस्ते षोडब

पाँचौंअध्याय पृष्ठ ६८ को मन्त्र नं. (१) नमस्ते रुद्र मन्यव उतदेखि पाँचौं अध्याय पृष्ठ ७५ को मन्त्र नं. (१६) मानस्तोके तनय सम्म दोहोऱ्याएर पढिसके पछि मात्र तलका मन्त्र पाठ गर्ने ।

नमोहिरण्यबाहवे । सेनान्येदिशाञ्चपतयेन मोनमोवृक्षेभ्योहरिकेशेभ्य ६ पशूनाम्पत येनमोनमः शष्पिञ्जरायत्विषीमतेपथीनाम्प तयेनमोनमोहरिकेशायोपवीतिनेपुष्टानाम्पत येनमोनमो वभ्लुशाय ॥ १७ ॥ (वेद : १६। १२)

अन्वय र अर्थ :-

हिरण्यवाहवे (सुनका गहना हातमा धारण गर्नेलाई) नमः (नमस्कार गर्छौं) दिशांपतये (दिशांहरूका पतिलाई) सेनान्ये (सेनापतिलाई) च (पनि) नमः (नमस्कार गर्छौं) हरि केशेभ्यः, वृक्षेभ्यः (हरिया पातहरू भएका रुखहरूलाई) नमः (नमस्कार छ) पशूनामपतये (सवै पशुहरूका पालकलाई) नमः (नमस्कार छ) त्विषीमते (न्यायशील) शष्पिञ्जराय (विषय वन्धनवाट पृथक भएकालाई) नमः (नमस्कार छ) पथीनाम् पतये (मार्गमा हिंड्ने यात्रीहरूको मालिकलाई) नमः (नमस्कार छ) उपवीतिने (तगाधारी जनै लगाउनेलाई) हरिकेशाय (हरियाकेशधारीलाई) नमः (नमस्कार) पुष्टानाम्, पतये, नामः (निरोगीहरूका मालिकलाई नमस्कार छ) ।

भावार्थ:-

हातमा सुनका अलङ्कार लिने सेनापति, दिशाका मालिक, जगतको रक्षा गर्ने वालतृण स्वरूप, पशुपालक, हिंड्ने वाटाका मालिक, यज्ञोपवित धारण गर्ने, सधैं युवावस्थामा रहने, निरोगी मनुष्यका मालिक स्वरूप, रुद्रलाई नमस्कार छ ॥ १७ ॥

नमोंवब्भ्लुशायं व्व्याधिनेन्नानाम्पतंयेनमो नमोंभुवस्य्यं हेत्त्यैजगंताम्पतंयेनमोनमोंरुद्द्रा यातंतायिनेक्षेत्त्राणाम्पतंयेनमं ÷ सुतायाहं न्त्यैव्वनानाम्पतंयेनमोनमोरोहिताय ॥ १८ ॥

(वेद : १६ । १८)

अन्वय र अर्थ :-

वभ्लुशाय, व्याधिने, नमः (कैलो वर्ण भएका शत्रुलाई छिन्न भिन्न पार्ने) अन्नानाम्, पतये नमः (अन्न रक्षा गर्ने) भवस्य, हेत्यै, नमः (संसार रक्षा गर्ने) जगताम्, पतये नमः (जगतका स्वामी) आततायिने, रुद्राय नमः (शत्रुहरूप्रति आतितायी भैं हुने) क्षेत्राणाम्, पतये नमः (क्षेत्रहरूका मालिक) अहन्त्रे, सूताय, नमः (मारकाट नगर्ने प्रधान सारथी रूप भएका) वनानाम्, पतये नमः (वनको रक्षा गर्ने यस्ता अनेकौं रूप भएका रुद्रलाई नमस्कार गर्छु) ।

भावार्थ :-

कपिल वर्ण, शत्रुनाश गर्ने अन्नको रक्षा गर्ने संसार पालक जगतका मालिक युद्धमा शस्त्रास्त्र ग्रहण गर्ने, मारकाट गर्दै नहिंड्ने, वनको रक्षा गर्ने यस्ता प्रधान सारथीरूप रुद्रलाई नमस्कार ॥ १८ ॥

नमोरोहितायस्त्थपतंयेव्वृक्षाणाम्पतंयेन मोनमोभुवन्तयेंव्वारिवस्कृतायोषंधीनाम्प तंये नमोनमोंमन्त्रिणेंव्वाणिजायकक्षाणा म्पतंयेनमोन मंऽउच्चैर्घोषायाक्रन्दयंतेपत्ती नाम्पतंयेनमोनमं÷कृत्स्नायतयां ॥१९॥

(वेद : १६ । १९)

अन्वय र अर्थ :-

रोहिताय, स्थपतये, नमः (लोहितवर्ण गृहादि ठाउँका पालक) वृक्षाणाम्, पतये, नमः (वृक्षका पालक) भुवन्तये वारिवस्कृताय, नमः (भूमण्डलका विस्तार गर्ने र धन ऐश्वर्य उत्पत्ति गर्ने) औषधीनाम्, पतये नमः (औषधीका पालक) मन्त्रिणे वाणिजाय, नमः (कुशल व्यापारी र तिनको रक्षा गर्ने) कक्षाणाम्, पतये नमः (वनका लहरा र वृक्षका पालक) आक्रन्दयते (शत्रु रुवाउने) उच्चैः, घोषाये नमः (युद्धमा उग्र शब्द गर्ने रुद्रलाई नमस्कार गर्छु) पत्तीनाम् पतये नमः (पैदल सेनाका पतिलाई नमस्कार गर्दछु)।

भावार्थ :-

गृहस्थानका पालक वृक्षका पालक भूमण्डल विस्तारक धन आदिका उत्पत्तिकारक औषधीका संरक्षक शत्रुको घमण्ड तोड्न, युद्धमा भयङ्कर शब्द गर्ने पदिक एवं थल सेनाका मालिक रुद्रलाई नमस्कार गर्छु ॥ १९ ॥

नमः कृत्स्नायतया धावते सत्त्वनाम्पतये नमो नमः सहमानाय निव्याधिने ऽआव्याधिनीनाम्पतये नमो नमो निषङ्गिणे ककुभाय स्तेनानाम्पतये नमो नमो निचेरवे परिचरायारण्यानाम्पतये नमो नमो वञ्चते ॥ २० ॥ (वेद : १६ । २०)

अन्वय र अर्थ :-

कृत्स्नायता धावते नमः (हाम्रो रक्षा गर्न धनुखिंची शत्रुमाथि जाइलाग्ने) सत्वनाम्, पतये नमः (सात्विक जनका स्वामी) सहमानाय, निव्याधिने, नमः (अव्वल शस्त्रधारी अत्यधिक शत्रुलाई नाश गर्ने रुद्रलाई नमस्कार छ) आव्याधिनीनाम्, पतये नमः (शत्रु सेनालाई दमन गर्ने र आफ्नो देव सेनाको रक्षा गर्नेलाई नमस्कार छ) निषङ्गिणे ककुभाय, नमः (उपद्रवीको नाश गर्ने अव्वल शस्त्रधारी रुद्रलाई नमस्कार छ) स्तेनानाम्, पतये नामः (गुप्तचरहरूलाई रक्षा गर्ने रुद्रलाई नमस्कार छ) निचेरवे परिचराय, नमः (निरन्तर भ्रमण गर्दै उपद्रवी दुष्टवाट रक्षा गर्ने र सवैका सेवक भएका रुद्रलाई नमस्कार छ) अरण्यानाम्, पतये नमः (वनजंगलका संरक्षक रुद्रलाई नमस्कार छ)।

भावार्थ :-

शत्रुमाथि जाइलाग्ने, आस्तिकका पालक, शत्रु पराजित गर्ने वैरी धेरै मार्ने शूरो भै सेनाको रक्षा गर्ने उपद्रवीको संहार गर्ने आफ्ना गुप्तचरको रक्षा गर्ने लुटपाट गर्नेलाई तह लगाउने वनको संरक्षण गर्ने यस्ता रुद्रलाई नमस्कार ॥ २० ॥

नमो॒ वञ्च॑ते परि॒वञ्च॑ते स्ताय॒ूनां पत॑ये॒ नमो॒ नमो॑ निष॒ङ्गिण॑ऽइषुधि॒मते॒ तस्क॑राणां॒ पत॑ये॒ नमो॒ नम॑: सृका॒यिभ्यो॒ जिघा॑ᳬसद्भ्यो मुष्ण॒तां पत॑ये॒ नमो॒ नमो॑ऽसि॒मद्भ्यो॒ नक्तं॒चर॑द्भ्यो विकृ॒न्तानां॒ पत॑ये॒ नम॑: ॥ २१ ॥

(वेद : १६ । २१)

अन्वय र अर्थ :-

वञ्चते (ठगहरूको) परिञ्चते (कपटीहरूको) स्तायूनाम् (चौर्यवृत्ति लिएकाको) पतये (मालिकलाई), नमः (नमस्कार) निषङ्गिणे (देश रक्षार्थ निरन्तर लाग्ने) इषुधिमते (वाँणधारी) नमः (नमस्कार) तस्कराणाम् (चोरी गर्नेको) पतये (मालिक) नमः (नमस्कार) सृकायिभ्यः (वज्रद्वारा हत्या गर्न खोज्नेलाई रोक्ने) जिघांसद्भ्यः (मार्न चाहनेलाई) नमः (नमस्कार) असिमद्भ्यः (खड्गधारी) नक्तंचरद्भ्यः (राती घुम्ने) नमः (नमस्कार), उष्णतां पतयौ नमः विकृन्तानाम् (वगलीमारलाई मार्नेहरूका) पतये (मालिक) नमः (नमस्कार छ) ।

भावार्थ :-

ठग, कपटी र चोर वगलीमारहरूका स्वामी अनि खड्गधारी वाँणवान् तस्करहरूका स्वामी, हतियारसाथ हिंसा गर्न तम्सेका वा चोर डाँकूहरूद्वारा समेत उपासना गरिने रुद्रलाई नमस्कार गर्छु ॥ २१ ॥

नम॑ऽउष्णी॒षिणे॑ गिरिच॒राय॑ कुलु॒ञ्चानां॒ पत॑ये॒ नमो॒ नम॑ऽइषु॒मद्भ्यो॑ धन्वा॒यिभ्य॑श्च वो॒ नमो॒ नम॑ऽआतन्वा॒नेभ्य॑: प्रति॒दधा॑नेभ्यश्च वो॒ नमो॒ नम॑ऽआ॒यच्छ॑द्भ्योऽस्य॑द्भ्यश्च वो॒ नमो॒ नमो॑ विसृ॒जद्भ्य॑: ॥ २२ ॥

(वेद : १६ । २२)

अन्वय र अर्थ :-

उष्णीषिणे (पगरी लगाएका) गिरिचराय (पहाड पर्वत डुली हिंड्ने) नमः (नमस्कार) कुलुञ्चानाम् (कुलतमा लागेकाका) पतये (स्वामी) नमः (नमस्कार) इषुमद्भ्यः (धेरै वाँण लिएका) च (पनि) धन्वायित्भ्यः (शत्रु नाश गर्न धनु बोकेका) वः (तपाईं) नमः (नमस्कार) आन्वानेभ्यः (सुख फैलाउने) नमः (नमस्कार) च (पनि) प्रतिदधानेभ्यः (शत्रुको निम्ति शस्त्र बोक्ने) वः (तपाईं) नमः (नमस्कार) आयच्छद्भ्यः (दुष्टका खराब कामलाई रोक्ने) नमः (नमस्कार) च (पनि) अस्यद्भ्यः (शत्रु उपर शस्त्र प्रहार गर्ने) वः (तपाईं) नमोनमः (नमस्कार छ) ।

भावार्थ :-

पगरी लगाई पर्वत घुम्ने अर्काको वस्तु खोस्ने, धनुमा ताँदो चढाई दुष्ट दमन गर्ने, दुष्टलाई वध गर्न वाँण छोड्ने यस्ता रुद्रलाई बारम्बार नमस्कार ॥ २२ ॥

नमोव्विसृजद्भ्यो व्विध्यद्भ्यश्च वो नमो नमः स्वपद्भ्यो जाग्रद्भ्यश्च वो नमो नमस्तिष्ठद्भ्यो धावद्भ्यश्च वो नमो नमः शयानेभ्य ऽआसीनेभ्य नमः सुभाभ्यः ॥ २३ ॥

(वेद : १६ । २३)

अन्वय र अर्थ :-

विसृजद्भ्यः (शत्रुलाई शस्त्र प्रहार गर्ने) नमः (नमस्कार) च (पनि) विध्यद्भ्यः (शस्त्रहरूद्वारा शत्रुलाई मार्ने) वः (तपाईंलाई) नमः (नमस्कार) स्वपद्भ्यः (सुतेका) नमः (नमस्कार) च (पनि) जागृदभ्यः (व्यूँझेका) वः (तपाईं) नमः (नमस्कार) च (पनि) शयानेभ्यः (सुतेका) वः (तपाईं) नमः (नमस्कार) तिष्ठद्भ्यः (उभिएका) नमः (नमस्कार) च (पनि) धावद्भ्यः (दौडेका) वः (तपाईं) नमः (नमस्कार) ।

भावार्थ :-

दुष्टमाथि वाँण चलाउने, शत्रुहरूको भेद जान्ने तथा शयन गर्ने र जागृत अवस्थामा रहने आसनमा स्थिर रहने एउटै ठाउँमा स्थिर भै बस्न सक्ने अनि वेगवान गति भएका हृदयभित्र निवास गर्ने रुद्रलाई नमस्कार ॥ २३ ॥

नमः सभाभ्यः सभापतिभ्यश्च वो नमो नमोऽश्वेभ्योऽश्वपतिभ्यश्च वो नमो नमऽआव्याधिनीभ्यो विविध्यन्तीभ्यश्च वो नमो नम ऽउगणाभ्यस्तृंहतीभ्यश्च वो नमो नमो गणेभ्यः ॥२४॥

(वेद : १६ । २४)

अन्वय र अर्थ :-

सभाम्यः (सभारूप रुद्रलाई) नमः (नमस्कार) चः (पनि) सभापतिभ्यः (सभापति रुद्र) वः (तपाईंलाई) नमः (नमस्कार) अश्वेभ्यः (घोडा रूप) अश्वपतिभ्य (घोडाका मालिक रूप) चः (तपाईंलाई) नमः (नमस्कार छ) आव्याधिनीभ्यः नमः च, विविध्वन्तीभयः, वः, नमः, (शत्रुलाई हमला गरी विदारण गर्ने सेनापतिलाई नमस्कार) उगणाभ्यः नमः, च, तृंहन्तीभ्यः (लडाईमा प्रहार गर्ने सेनागणलाई) वः नमः (पनि नमस्कार) ।

भावार्थः

सभा रूप सभापति रूप सेना रूप अश्वरूप भएका तथा शत्रुसंहार गरी स्थिर रहने आदि स्वरूप भएका रुद्रलाई नमस्कार । यी सबै सेनाका विविध प्रकार हुन् । यी सेनागण सबैले शत्रुलाई टाढा राखी राष्ट्रमा शान्ति कायम राख्छन् यसैले यी सेनारूप रुद्रलाई प्रणाम ॥ २४ ॥

नमो गणेभ्यो गणपतिभ्यश्च वो नमो नमो व्रातेभ्यो व्रातपतिभ्यश्च वो नमो नमो गृत्सेभ्यो गृत्सपतिभ्यश्च वो नमो नमो विरूपेभ्यो विश्वरूपेभ्यश्च वो नमो नमः सेनाभ्यः ॥२५॥

(वेद : १६ । २५)

अन्वय र अर्थ :-

गणेभ्यः (सेवकगण भूत गण आदिलाई) नमः (नमस्कार) च, गणपतिभ्यः (सेवकका रक्षक पनि) वः (तपाईंलाई) नमः (नमस्कार) वातेभ्यः (आक्रामक सैन्य वललाई) नम (नमस्कार) चः (पनि) व्रातपतिभ्यः, वः, नमः (जोशिला शैन्यपति तपाइंहरूलाई नमस्कार छ) गृत्सेभ्यः नमः, च गृत्सपतिः, च, वः, नम (वुद्धिमानहरू र वुद्धिमानका मालिकहरू तपाईं सबैलाई नमस्कार छ) विरूपेभ्यः, नमः, च, विश्वरूपेभ्यः वः, नमः (नाना रूप भएका विश्वरूप रुद्रदेवलाई नमस्कार छ) ।

भावार्थ :-

भूतगणका अधिपति अनेकौं जातीका पनि बुद्धिमान् र नानारूप धारण गर्ने र सैन्यवल प्रमुख भएका हे रुद्र तपाईंलाई नमस्कार छ। जटीमुण्डी आदि विरूपहरूलाई नमस्कार छ। तुरंगवदन तथा हयग्रीव प्रभृति विश्वरूप गणहरूलाई पनि प्रणाम गर्दछु ॥ २५ ॥

नमः सेनाभ्यः सेनानिभ्यश्च वो नमो नमो रथिभ्यो अरथेभ्यश्च वो नमो नमः क्षत्तृभ्यः सङ्ग्रहीतृभ्यश्च वो नमो नमो महद्भ्यो अर्भकेभ्यश्च वो नमो नमः ॥ २६ ॥ (वेद : १६ । २६)

अन्वय र अर्थ :-

सेनाभ्यः, नमः, च, सेनानिभ्यः, वः, (सेना र सैन्यपति रूप तपाईंहरूलाई नमस्कार छ) नमः, रथिभ्यः, अरथेभ्यः वः च नमः (रथमा वसेका र पैदल सैन्यवल वीरहरूलाई नमस्कार छ) क्षतृभ्यः, नमः, सङ्गहीतृभ्यः, च (लडीरहेका र लड्न जम्मा भएका वीरहरूलाई नमस्कार छ) वः नमः, महदभ्यः, नमः, च, अर्भकेभ्यः वः, नमः, (वूढापुराना र कम उमेरका किशोर वीर तपाईंहरूलाई नमस्कार छ) ।

भावार्थ :-

एकत्रभै रथमा वसी सैन्य र सैन्यनायक वनी सानो ठूलो जस्तोसुकै रूप पनि धारण गरी युद्धमा तत्पर रहने वीर रुद्रलाई हाम्रो नमस्कार छ ॥ २६ ॥

नमस्तक्षभ्यो रथकारेभ्यश्च वो नमो नमः कुलालेभ्यः कर्मारेभ्यश्च वो नमो नमो निषादेभ्यः पुञ्जिष्ठेभ्यश्च वो नमो नमः श्वनिभ्यो मृगयुभ्यश्च वो नमो नमः ॥ २७ ॥ (वेद : १६ । २७)

अन्वय र अर्थ :-

तक्षभ्यः (ठोक्रो र ताँदो वनाउने) नमः (नमस्कार) च (पनि) रथकारेभ्यः (रथ वनाउने) वः (तपाईंहरूलाई) नमः (नमस्कार) कुलालेभ्यः, नमः, च, कर्मारेभ्यः, वः,

नमः (माटोको भाँडो वनाउने कुमाले र फलामको शस्त्र वनाउने कामीलाई नमस्कार) निषादेभ्यः, नमः, च, पुञ्जिष्ठेभ्यः, वः, नमः (भिल्लहरू र वनमान्छे स्वरूप रुद्रलाई नमस्कार) श्वनिभ्यः, नमः, च, मृगयुभ्यः, वः, नमः (कुकुर पाल्ने र शिकार खेल्नेलाई नमस्कार छ) ।

भावार्थ :-

धनुवाँणको ठेको र रथ निर्माण गर्ने माटाका भाँडा वनाउने, फलामवाट अनेक शस्त्र निर्माण गर्ने, व्याधा भिल्ल र वनमान्छेको रूप धारण गर्ने कुकुरहरूको संरक्षण गरी शिकारीको रूप लिने रुद्रलाई नमस्कार छ ॥ २७ ॥

नमः॒ श्वभ्य॒ः श्वप॑तिभ्य॒श्च वो॒ नमो॒ नमो॑ भ॒वाय॑ च रु॒द्राय॑ च॒ नमः॑ श॒र्वाय॑ च पशु॒पत॑ये च॒ नमो॒ नील॑ग्रीवाय च शिति॒कण्ठा॑य च॒ नमः॑ कप॒र्दिने॑ ॥ २८ ॥ (वेद : १६ । २८)

अन्वय र अर्थ :-

श्वभ्यः (कुकुरहरू) नमः (नमस्कार) श्वपतिभ्यः, (कुकुरपालकहरू) वः (तपाईंहरू) नमः (नमस्कार) च (पनि) भवाय (संसार वनाउने) नमः (नमस्कार) च (पनि) रुद्राय (शत्रु नास्ने) नमः (नमस्कार) शर्वाय च नमः पशुपतेय च नमः च (पनि) नीलग्रीवाय (नीलो घाँटी भएका) नमः (नमस्कार) च (पनि) शितिकष्ठाय (कालो घाँटी भएका) ।

भावार्थ :-

कुकुरका अन्तस्करणमा रहने, कुकुर पाल्ने, सवै प्राणीको सृष्टि गर्ने शत्रु संहार गर्ने, कालो गला भएका र नीलकण्ठ नामले प्रसिद्ध रुद्रलाई नमस्कार ॥ २८ ॥

नमः॑ कप॒र्दिने॑ च॒ व्युप्तकेशाय च॒ नमः॑ सहस्राक्षाय॑ च श॒तध॑न्वने च॒ नमो॑ गिरिश॒याय॑ च शिपिवि॒ष्टाय॑ च॒ नमो॑ मी॒ढुष्ट॑माय॒ चेषु॑मते च॒ नमो॑ ह्रस्वाय॑ ॥ २९ ॥ (वेद : १६ । २९)

अन्वय र अर्थ :-

कपर्द्दिने (जटाजूटधारी) नमः (नमस्कार) च (पनि) व्यप्तकेशाय (मुण्डित केश भएका) नमः (नमस्कार) च (पनि) सहस्त्राक्षय (हजार आँखा भएका) च (पनि) शतधन्वने (सय धनुष धारण गर्ने) च (पनि) गिरिशयाय (पर्वतमा रहने) नमः (नमस्कार) च (पनि) शिपिविटाय (सूर्यका तेजले विभूषित विष्णुरूप) मीढुष्टमाय (सुखरूप तृप्ति गर्ने) च (पनि) इषुमते नमः (वाँण धारण गर्ने सदाशिव रुद्रलाई नमस्कार) ।

भावार्थ :-

जटा वाँध्ने, केश मुण्डन गर्ने, हजार आँखा भएका, सय धनुधारी, पहाडमा वस्ने, सम्पूर्ण प्राणीका वीच व्यापक विष्णुरूप, वाँणधारी स्वेत वर्णका भगवान् रुद्रलाई नमस्कार ॥ २९ ॥

नमो॑ ह्रस्वाय॑ च वामनाय॑ च नमो॑ बृहते च वर्षी॑यसे च नमो॑ वृद्धाय॑ च सवृधे॑ च नमो॑ऽग्र्या॑य च प्रथमाय॑ च नम॑ऽआशवे॑ ॥ ३० ॥ (वेद : १६ । ३०)

अन्वय र अर्थ :-

ह्रस्वाय (पातलो झिनो) च (पनि) नमः (नमस्कार) च (पनि) वामनाय (होचा) नमः (नमस्कार) च (पनि) बृहते (प्रौढ) च (पनि) वर्षीयसे (अतिवृद्ध) च (पनि) नमः (नमस्कार) च (पनि) वृद्धाय (वुद्धरूप) च (पनि) सवृधे (युवास्वरूप) नमः (नमस्कार) च (पनि) ग्ग्राय (आदि पुरुष) च (पनि) प्रथमाय (प्रथम व्यक्ति) नमः (नमस्कार) ।

भावार्थ :-

आकारमा साना भएता पनि वलवान खुम्चिएको शरीर प्रौढ र वृद्ध स्वरूप भएका उत्पत्तिमा सवैभन्दा पहिला र अन्य गुणहरूले श्रेष्ठ स्वरूप रुद्रलाई नमस्कार ॥ ३० ॥

नम॑ऽआशवे॑ चाजिराय॑ च नमः॒ शीघ्र्या॑य च शी भ्या॑य च नम॒ऽ ऊर्म्म्या॑य चावस्वन्न्याय च नमो॑ नादेयाय॑ च द्वीप्प्या॑य च ॥ ३१ ॥ वेद : १६ । ३१)

अन्वय र अर्थ :-

आशवे, च, नमः, च अजिराय, नमः (शीघ्रगति भएका तथा गतिशील भएकालाई पनि नमस्कार छ) च, शीघ्राय, च, शीभ्याय, नमः, च (वेगिला र प्रवाहयुक्त भएकालाई नमस्कार छ) ऊर्म्याय, च, अवस्वन्याय, नमः, च (छालमा र निश्चल जलमा रहनेलाई नमस्कार) नादेयाय, च द्वीप्याय नमः (खोलामा र टापुमा वस्नेलाई नमस्कार छ) ।

भावार्थ :-

वेगवान् र गतिशील भएका शीघ्रगामी, प्रवाहवान, जलतरङ्गमा रहने, स्थिर जलमा पनि रहने नदीमा र द्विपहरूमा वस्ने रुद्रलाई नमस्कार ॥ ३१ ॥

नमो ज्येष्ठाय च कनिष्ठाय च नमः पूर्वजाय चापरजाय च नमो मध्यमाय चापगल्भाय च नमो जघन्याय च बुध्न्याय च नमः सोभ्याय ॥ ३२ ॥

(वेद : १६ । ३२)

अन्वय र अर्थ :-

च, ज्येष्ठाय (जेठो) च, कनिष्ठाय (कान्छो) नमः, च, पूर्वजाय (पहिले जन्मेको) च, अपरजाय (आधुनिक) नमः, च, मध्यमाय (मध्यम) च, अपगल्भाय (अविकसित) नमः, च, जघन्याय (स्वेदज पसिनावाट पैदा हुने जुम्रा आदि) च, वुध्न्याय (रूख वृक्षमा जरामा वसेकालाई), नमः (नमस्कार छ) ।

भावार्थ :-

ज्येष्ठ तथा कनिष्ठ, पूर्वज र आधुनिक, मध्यम र अविकसित (स्वदेज, पसिनावाट उत्पत्ति हुने जस्तै जुम्रा आदि) तथा वृक्षका फेद (जरा) मा रहने रुद्रलाई नमस्कार ॥ ३२ ॥

नमः सोभ्याय च प्रतिसर्याय च नमो याम्याय च क्षेम्याय च नमः श्लोक्याय चावसान्याय च नम उर्वर्याय च खल्याय च नमो वन्याय ॥ ३३ ॥

(वेद : १६ । ३३)

अन्वय र अर्थ :-

सोभ्याय (राम्रो र शान्त स्वरूप भएकालाई) च (पनि) नमः (नमस्कार) प्रतिसर्य्याय: (शत्रु उप़र जाइ लाग्ने) च (पनि) नम (नमस्कार छ) यास्याय च नमः (पापीलाई पनि नमस्कार) सेस्याय च नम (सुखी रहनेलाई पनि नमस्कार) श्लोक्याय़ च नमः (मन्त्रका व्याख्यातालाई पनि नमस्कार छ) अवसान्याय च नमः (वेदान्त प्रवीणलाई पनि नमस्कार) उर्वार्ष्या ग्रच नम (ऐश्वर्यवान्लाई पनि नमस्कार) खल्याय च नमः (अन्नले परिपूर्ण भएकालाई पनि नमस्कार) ।

भावार्थ :-

शत्रुलाई लखेट्दै हिड्ने पापीलाई दु:ख दिने मन्त्रका व्याख्यानकर्ता वेदान्तकुशल, ऐश्वर्य सम्पन्न अन्नको उत्पादनमा सिपालु रुद्रलाई दण्डवत् छ ॥ ३३ ॥

नमो व्वन्न्यांयचकक्ष्यांयचनमः श्रवायंच प्प्रति श्रवायंचनमः आशुषेणायचाशुरंथायच नमः शूरांयचावभेदिनेंचनमोंबिल्मिने ॥ ३४

(वेद : १६ । ३४)

अन्वय र अर्थ :-

वन्याय, च, नमः, च, कक्ष्याय, नमः (वनका वृक्षादिलाई नमस्कार छ कक्ष र गुल्मको स्वरूप लिई जन्मनेलाई प्रणाम छ) च, श्रवाय, च, प्रतिश्रवाय, नमः (शव्द र प्रतिशव्द रूपलाई नमस्कार गर्दछु) च, आशुषेणाय च, आशुरथाय, नमः (चुस्त दुरुस्त गति वाला सेना भएका सेनापतिलाई वा शीघ्र रथीलाई नमस्कार गर्दछु) च, शूराय, च, अवभेदिने, नमः (सुरो भै शुत्र भेदन गर्नेलाई नमस्कार गर्दछु) ।

भावार्थ :-

वनका वृक्षादिलाई नमस्कार छ। कक्ष र गुल्मको स्वरूप लिई जन्मनेलाई प्रणाम छ। शव्द र प्रतिशव्द रूपलाई नमस्कार गर्दछु। चुस्त दुरुस्त गति वाला सेना भएका सेनापतिलाई वा शीघ्र रथीलाई नमस्कार गर्दछु। सुरो भै शत्रु भेदन गर्नेलाई नमस्कार गर्दछु ॥ ३४ ॥

नमोबिल्मिने चकवचिनेचनमोवर्म्मिणेच
वरूथिनेचनमः श्रुतायचश्श्रुतसेनायचन
मोदुन्दुभ्यायचाहनन्यायचनमोधृष्णवे
॥ ३५ ॥

(वेद : १६ । ३५)

अन्वय र अर्थ :-

च, विल्मिने (पगडी धारण गर्ने) च, कवचिंने (कवच धारण गर्ने) नमः, च, वर्मिणे, नमः, च वरूथिने, नमः, च (फौज वा सेनाका वीचमा कवच पहिरिएर रहने) श्रुताय, च, श्रुतसेनाय, नमः (प्रसिद्धि प्राप्त गरेका, शुर्याँईमा प्रख्यात सेना नायक) च, दुन्दुभ्याय, च, आहनन्याय, नमः (दुन्दुभी आदि युद्धका वाजामा लट्टिईरहने, वाद्यसाधनामा प्रवीण रुद्रलाई नमस्कार) ।

भावार्थ :-

उत्तम शस्त्र अस्त्र लिएका पगडी पहिरने युद्धमा शूरताले प्रख्यात भैसकेका दुन्दुभी आदि युद्धका वाजामा मस्त रहने सेनानायक रुद्रलाई नमस्कार छ ॥ ३५ ॥

नमोधृष्णवे चप्रमृशायचनमोनिषङ्गिणे
चेषुधिमतेचनमस्तीक्ष्णेषवेचायुधिनेचनम
ः स्वायुधायचसुधन्वनेच ॥ ३६ ॥

(वेद : १६ । ३६)

अन्वय र अर्थ :-

च, धृष्णवे, नमः, च, प्रमृशाय, नमः, च (शत्रु घर्षण गर्न समर्थ, उत्तम विचारशील शस्त्रज्ञ) निसङ्गिणे, नमः, च, इषुधिमते, नमः, च (खड्गधारी तर्क र प्रश्न गर्नमा निपूण) तीक्ष्णेषवे, च, आयुधिने, नमः (तीखा वाँणसाथमा राख्ने, उत्तम हतियारले सजिने) च, स्वायुधाय, च, सुधन्वने (राम्रो शस्त्र धारण गर्ने, श्रेष्ठ धनुष धारण गर्ने श्री रुद्रलाई नमस्कार) ।

भावार्थ :-

शत्रुलाई भैंमा दल्ने, वा धुलो चटाउने, तीखावाँण, उत्तम हतियार, विशुद्ध शस्त्र र श्रेष्ठ धनुष धारण गर्ने रुद्रलाई म नमस्कार गर्छु ॥ ३६ ॥

नमः स्रुत्याय च पथ्याय च नमः काट्याय च नीप्याय च नमः कुल्याय च सरस्याय च नमो नादेयाय च वैशन्ताय च नमः कूप्याय ॥ ३७ ॥

(वेद : १६ । ३७)

अन्वय र अर्थ :-

च, श्रुत्याय, च, पथ्याय, नमः (खराव वाटो अंगालेका सजिलो राजमार्गमा रहने) च, काट्याय, च, नीप्याय, नमः (दुस्तर मार्गमा हिंड्ने पर्वतका फेदीमा रहने) च, कुल्याय च, सरस्याय, नमः (तलाउमा रहने, नदीमा जलरूप भै रहने) च, नादेयाय, च, वैशन्ताय, नमः (त्यस्तै अन्य सरोवरमा स्थिर रहने यस्ता रुद्रलाई नमस्कार) ।

भावार्थ :-

असजिला वाटातिर लाग्ने सजिलो राजमार्गमा पनि रहने दुर्गम वाटोमा वस्ने पर्वतको फेदीमा स्थिर हुने नदीमा वस्दा जलरूप हुने यस्ता रुद्रलाई नमस्कार छ ॥ ३७ ॥

नमः कूप्याय चावट्याय च नमो वीध्र्याय चातप्याय च नमो मेघ्याय च विद्युत्याय च नमो वर्ष्याय चावर्ष्याय च नमो वात्याय ॥ ३८ ॥

(वेद : १६ । ३८)

अन्वय र अर्थ :-

च, कूप्याय, नमः, च, अवट्याय, नमः (कुवाका नजिक रहने, खाडलमा रहने) च, वीध्याय, नमः, च आतप्याय, नमः (प्रकाशमा रहने, तापमा रहने) च, मेघ्याय, च, विद्युत्या, नमः (मेघमा रहने, विद्युत (विजुली) हुने) च, वर्ष्याय च, अवर्ष्याय नमः (वर्षाका धारमा रहने, वृष्टिका भित्री भागमा रहने रुद्रलाई नमस्कार) ।

भावार्थ :-

कुवाका नजिक, खाडल, प्रकाश, सूर्यको ताप मेघ, विजुली वर्षाको धारा तथा वृष्टिका भित्री भागमा रहने परमेश्वर रुद्रलाई नमस्कार छ ॥ ३८ ॥

नमो॒ वात्या॑य च॒ रेष्म्या॑य च॒ नमो॑ वास्त॒व्या॑य च॒ वास्तु॒पाय॑ च॒ नमः॒ सोमा॑य च रु॒द्राय॑ च॒ नम॑स्ता॒म्राय॑ चारु॒णाय॑ च॒ नम॑ः श॒ङ्गवे ॥ ३९ ॥

(वेद : १६ । ३९)

अन्वय र अर्थ :-

च, वात्याय, नमः, च, रेष्म्याय, नमः, च (वायु प्रवाहमा हुने, प्रलयको हावामा हुने, वास्तुगृहमा हुने) वास्तव्याय, च, वास्तुपाय, नमः, च (वस्तुघरको पालना गर्ने) सोमाय, च, रुद्राय, नमः, च (चन्द्रमा रूपमा रहने, दुःखनाश गर्ने) ताम्राय च अरूणाय, नमः (सन्ध्या समयको सूर्यको अरूण आभामा रहने, प्रभातकालीन सूर्यको किरणमा भएका रुद्रलाई नमस्कार छ) ।

भावार्थ :-

वायु प्रवाह, प्रलय वास्तुगृह, चन्द्रमा, दुःख नाशक, विहान वेलुकाको सूर्याकिरणको रूपमा रहने ताम्रवर्णका परमेश्वर रुद्रलाई नमस्कार छ ॥ ३९ ॥

नम॑ः श॒ङ्गवे॑ च पशु॒पत॑ये च॒ नम॑ऽउ॒ग्राय॑ च भी॒माय॑ च॒ नमो॑ऽग्रेव॒धाय॑ च दूरेव॒धाय॑ च॒ नमो॑ ह॒न्त्रे च॒ हनी॑यसे च॒ नमो॑ वृ॒क्षेभ्यो॒ हरि॑केशेभ्यो॒ नम॑स्ता॒राय॑ ॥ ४० ॥

(वेद : १६ । ४०)

अन्वय र अर्थ :-

शङ्गवे (कल्याण भाषी) च, पशुपतये (प्राणीका पालक) नमः च, उग्राय (शत्रुदमन गर्नमा कडा रूप लिने) च, भीमाय (डरलाग्दा) नमः, च, अग्रेवधाय (नजिकको शत्रु मार्ने), च, दूरेवधाय (टाढाको शत्रु मार्ने) नमः, च, हन्त्रे (शत्रु मार्ने), नमः च, हनीयसे (शत्रुलाई मारिरहने) नमः हरि केशेभ्यः (हरियो पात भएका) वृक्षेभ्यः (रुखहरूलाई) नमः, ताराय, नमः (भवसागर पार गराउनेलाई नमस्कार छ) ।

भावार्थ :-

कल्याणकारी वाणी, शत्रुका लागि कठोर हृदय, शुत्रका मनमा डर पैदा गर्ने, शत्रु मार्ने केश हरियो पान जस्तो भएका, संसार तार्ने यस्ता रुद्रलाई नमस्कार ॥ ४० ॥

नमः शम्भवाय च मयोभवाय च नमः शङ्कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च ॥ ४१ ॥

(वेद : १६ । ४१)

अन्वय र अर्थ :-

च, शम्भवाय (सुख प्राप्यर्थ) च, मयोभवाय (विद्वान सुखदाता) नमः, च, शङ्कराय च (कल्याण गर्ने) मयस्कराय (सुखदाता) नमः च, शिवाय (मंगलकारी) च, शिवतराय, नमः (ठूला मंगलस्वरूप शिवजीलाई नमस्कार छ) ।

भावार्थ :-

आनन्दको अनुभूति दिने कल्याण गर्ने आफ्ना भक्तको पाप नाश गर्ने सवैका परमप्रिय र मंगलरूप श्री रुद्रलाई नमस्कार छ ॥ ४१ ॥

नमः पार्याय चावार्याय च नमः प्रतरणाय चोत्तरणाय च नमस्तीर्थ्याय च कूल्याय च नमः शष्प्याय च फेन्याय च नमः सिकत्याय ॥ ४२ ॥ (वेद : १६ । ४२)

अन्वय र अर्थ :-

च, पार्याय, च, अवार्याय, नमः च (पहिले भैसकेका, अहिले हुँदैरहेका) प्रतरणाय च, उत्तरणाय नमः, च तीर्थ्याय च (भवसागर पार गर्न तत्व ज्ञानद्वारा संसारवाट मुक्ति दिँदै तीर्थहरूमा वास समेत गर्ने), कूल्याय, नमः (नदीका र समुन्द्रका तीरमा रहने) च, शष्याय, च (घाँस काट्नमा कुशल), फेन्याय, नमः (फीज र तरङ्गमा रहेका भगवान् रुद्रलाई नमस्कार छ) ।

भावार्थ :-

संसार पारीका जीवनमुक्त महापुरुषहरूलाई नमस्कार छ। साथै साधारण मानव स्वरूप रहनु भएकालाई नमस्कार गर्दछु। मन्त्र जप आदिले उत्कृष्ट तत्वज्ञान हासिल गरी मुक्ति प्राप्त गर्नेलाई नमस्कार गर्दछु। प्रयागादि तीर्थमा उत्पन्न भै गंगा आदि नदीका किनारमा प्रकट हुनेलाई नमस्कार गर्दछु। कुशादि घाँसको रूपमा फिंज (फेन) आदिको रूपमा उत्पन्न हुनेलाई प्रणाम छ॥ ४२॥

नमः सिकत्याय च प्रवाह्याय च नमः किꣳ
शिलाय च क्षयणाय च नमः कपर्दिने च पुलस्त
ये च नमऽइरिण्याय च प्रपथ्याय च नमो व्रज्याय
॥ ४३ ॥ (वेद : १६ । ४३)

अन्वय र अर्थ :-

च, सिकत्याय, च, प्रवाह्या, नमः च (नदी आदिका वालुवामा रहने, जलप्रवाहमा हुने) किंशिलाय, च, क्षयणाय, नमः, च (रूख ढुंङ्गा आदिमा रहने, सानोभन्दा सानो ढुङ्गाको धूलोमा रहने स्थिर जलमा रहने) कपर्दिने, च, पुलस्तये, नमः, च (कौडी, शिपी, शंख आदिमा निवास गर्ने, पूर्ण जलमा वस्ने अथवा शरीरमा अन्तर्यामी रूपवाट वस्ने), इरिण्याय, च, प्रपथ्याय, नमः (विना घाँसको भूमिमाथि विराजमान रहने, धेरैले हिंड्ने मार्ग (वाटो) मा वा नाली (ढल) मा निवास गर्ने रुद्रलाई नमस्कार)।

भावार्थ :-

नदीको वालुवामा, प्रवाहमा, नदीभिन्नको जमीनमा, भ्याउ र कंकडमा, स्थिरजल कौडी, शिपी, शंख आदिमा निवास गर्ने खाली भुईंमा जल प्रवाहमा वस्न रमाउने श्री रुद्रलाई नमस्कार छ॥ ४३॥

नमो व्रज्याय च गोष्ठ्याय च नमस्तल्प्याय च
गेह्याय च नमो हृदय्याय च निवेष्प्याय च नमः
काट्याय च गह्वरेष्ठाय च नमः शुष्क्याय
॥ ४४ ॥ (वेद : १६ । ४४)

अन्वय र अर्थ :-

च, व्रज्याय (गाई चराउने ठाउँमा रहने) च, गोष्ठ्याय (गाईको गोठमा रहने) नमः, च, तल्प्याय (बिछौनामा रहने), च, गेह्याय (घरमा रहने), नमः, च, हृदयाय (हृदयमा रहने) च, निवेष्ठण्याय (हिउँको थुप्रोमा विद्यमान), नमः, च, काट्याय (कठिन वाटोमा विद्यमान), च, गव्हरेष्ठाय, नमः (पर्वतका गुफा वा गहिरो जलमा विराजमान रुद्रलाई नमस्कार) ।

भावार्थ :-

गाई चलराउने ठाउँ, गोठ, शैया, घर, हृदय, हिउँको थुप्रो असजिलो वाटो, पर्वतका गुफा र गहिरो जलमा रहने रुद्रलाई नमस्कार ॥ ४४ ॥

नमुःशुष्क्याय चहरित्याय च नमः पांसव्या
य च रजस्याय च नमो लोप्याय चोलप्याय च नम
ऽऊर्व्याय च सूर्व्याय च नमः पर्णाय ॥ ४५ ॥

(वेद : १६ । ४५)

अन्वय र अर्थ :-

च, शुष्क्याय (सुकेका काठमा) च, हरित्याय च (हरिया पात आदिमा) नमः, च, पाँसव्याय (धूलोमा), च, रजस्याय (फूलका परागमा) नमः, च, लोप्याय (जान नसकिने ठाउँमा) च, उलप्याय (अदृश्य स्थानमा) नमः, च, ऊर्व्याय (झारपात आदिमा) च, सूर्व्याय, नमः (उर्वर भूमिमा, वन डडेलोमा, प्रलयाग्निमा सवैतिर विद्यमान रुद्रलाई नमस्कार छ) ।

भावार्थ :-

सुकेको काठ, हरियो पात, धूलो, पुष्पपराग, अगम्य ठाउँ, अदृश्य ठाउँ, झारपात, उर्वर जमीन, महावडवाग्नि, प्रलयाग्निमा सवैतिर रहने रुद्रलाई नमस्कार ॥ ४५ ॥

नमः पर्णाय च पर्णशदाय च नमऽ उद्गुरमाणाय चाभिघ्नते च नमऽआखिदते च प्रखिदते च नमऽ इषुकृद्भ्यो धनुष्कृद्भ्यश्च वो नमो नमो वः किरिकेभ्यो देवाना ँ हृदयेभ्यो नमो विचिन्वत्केभ्यो नमो विक्षिणत्केभ्यो नमऽ आनिर्हतेभ्यः ॥४६॥

(वेद : १६ । ४६)

अन्वय र अर्थ :-

च, पर्णाय (पात), नमः, च, पर्णशदाय (पातलाई छेदन गर्ने), नमः, च, उद्गुरमाणाय (उद्योगी वनाउने), च, अभिघ्नते (शुत्र संहार गर्ने) नमः, च, आखिदत्ते (निर्धन) च, प्रखिदते (अति नै दरिद्र), नमः, इषुकृद्भ्यः (वाँणहरूका निर्माता) च, धनुष्कृद्भ्यः (धनुहरूका निर्माता), वः, नमः, देवानाम् (विद्वान वर्गको), हृदयेभ्यः (मनमा) किरिकेभ्यः (वाँण हान्ने) वः, नमः, विचिन्वत्केभ्यः (शुभ गुण र पदार्थ लिने), नमः, विक्षिणत्केभ्यः (शत्रु नाशक) नमः, आनिर्हतेभ्यः नमः (राम्ररी प्राणीको रक्षा गर्ने रुद्रलाई नमस्कार)॥

भावार्थ :-

पातमा रही, पातमा नै उत्पन्न कीरारूप भएका, शत्रु संहार गरी, अभक्त (नास्तिक) लाई दुःख दिने संसार वनाउने धर्मात्मा र पापात्मालाई छुट्याउन सक्ने विविध प्रकारवाट शत्रुको संहार गर्ने वैरीका राज्यमा छद्म रूपले व्यापक फैलिएर रहने रुद्रलाई प्रणाम ॥ ४६ ॥

द्रापेऽअन्धसस्पते दरिद्र नीललोहित ॥ आसाम्प्रजानामेषाम्पशूनाम्मा भेर्म्मारोङ्मो चनः किञ्चनाममत् ॥४७॥

(वेद : १६ । ४७)

अन्वय र अर्थ :-

द्रापे (हे शत्रुलाई दुर्दशामा पुऱ्याउने रुद्र !), अन्धसस्पते (हे अन्नका पालक !), दरिद्र (हे सहाय सून्य विष्परिग्रह !), नीललोहित (हे नीललोहित

रुद्र !), नः (हाम्रा), आसाम्, प्रजानाम, एषम्, पशूनाम, मा भेः (यी प्रजापुत्रादि र गाई आदि पशुहरूलाई कहिल्यै भयभीत नतुल्याउनुहोस्), मा रोङमोचन (अनि रोगले पीडत नगराउनोस्), किञ्चन (कुनै प्रकारले पनि हाम्रा प्रजा र पशुलाई), मा आमयत् (रोगले ग्रसित नपार्नोस्)

भावार्थ :-

हे रुद्र ! हाम्रा प्रजा र पुत्रादि तथा गाई र अन्य पशुहरूलाई कुनै वेलापनि भयभीत र रोगवाट पीडित नहोउन् । हजुरले यिनलाई कहिल्यै रोगी नवनाउनुहोस् अनि यी सवले स्वस्थ भै रहन वस्न पाउन् ॥ ४७ ॥

इमा रुद्राय तवसे कपर्दिने क्षयद्वीराय प्रभरामहे मतीः ॥ यथा शमसद् द्विपदे चतुष्पदे विश्वं पुष्टं ग्रामे अस्मिन्ननातुरम् ॥ ४८ ॥

(वेद : १६ । ४८)

अन्वय र अर्थ :-

यथा द्विपदे (जस्तै दुई पाउ मनुष्य एवं) चतुष्पदे (चौपाया गाई आदि पशुमा), शम् (सुख प्राप्त होंस्), त्यस्तै अस्मिन् ग्रामे (यो गाउँमा) विश्वम्, पुष्टम् अनातुरम्, असत् (सवै प्राणी समूह पुष्ट र रोगव्याध रहित होउन्), इमार मतीः (हामी आफ्नो वुद्धि), तवसे (महावली), कपर्दिने (जटील), क्षयद्विराय (वीरहरूसाथ रहने), रुदाय (रुद्रलाई), प्रभामहे (समर्पण गर्दछौं) ।

भावार्थ :-

मनुष्य, चौपाया पशु, अनि गाउँका प्राणी समूह सवै पुष्ट र रोगव्यधिवाट टाढा रहुन्, अनि हामी वलवान र शुरवीरहरू निवासका साथ गर्ने भगवान श्री रुद्रदेवतामा हाम्रो सम्पूर्ण वुद्धि, ज्ञान र विवेक समर्पण गर्दछौं ॥ ४८ ॥

याते रुद्रशिवातुनूश्शिवाव्विश्वाहाभेषुजी ॥
शिवा रुतस्यंभेषुजीतयानोमृडजीवसे ॥४९॥

(वेद : १६ । ४९)

अन्वय र अर्थ :-

हे रुद्र ! या ते शिवा (जुन तिम्रा कल्याणकारी) विश्वाहा (संसारका) शिवा (लाभदायी) भेषजी (औपधी) रुतस्य (रोगको) शिवा (निको पार्ने), भेषजी (औपधी रूप) तया (त्यस औपधीवाट), नः (हाम्रो) जीवसे (जीवनलाई), मृड (सुख दिनुहोस)।

भावार्थ :-

तपाई शान्त र वरावर कल्याण गर्ने संसारिक रोग भगाउने शरीरमा भएका रोगलाई औपधीरूप शक्तिले नष्ट गराउँदै हाम्रो जीवन वचाई दिनोस् अर्थात् हामीलाई सुखी तुल्याउँनोस् ॥ ४९ ॥

परिनोरुद्द्रस्य हेतिर्व्वृणक्तुपरित्त्वेषस्यंदुर्म्मति
रंघा योः॥ अवस्त्थिरामुघवंद्भ्यस्तनुष्ष्वमीद्व
स्तो कायतनंयायम्मृड ॥ ५० ॥ (वेद : १६ । ५०)

अन्वय र अर्थ :-

रुद्रस्य हेति, (रुद्रका शस्त्र, अस्त्र, आयुध), नः, परिवृणक्तु (हामीवाट टाढा रहुन्), त्वेषस्य, अघायोः, दुर्मति, परि हे मीढ्व ! (पापीहरूलाई रिसाएर दण्डदिने इच्छा लिने दुर्मति सवै टाढा वसुन् र धनले युक्त भएका यजमानलाई भयमुक्त गराउन्): मघवद्भ्यः, स्थिरा, अवतनुष्व, तोकाय, मृड (धनुलाई ताँदो रहित पार्नोस् तथा हाम्रा छोरा नातीलाई सुख प्रदान गर्नोस्)।

भावार्थ :-

हे रुद्र ! तपाईंका शस्त्रास्त्र र धनु टाढै रहुन् पापी पुरुषलाई नै पनि रिसले दण्ड दिने इच्छारूपी दुर्बद्धि कहिल्यै नआओस् हाम्रा छोरा नातिहरूलाई सुख सन्तोष प्रदान गर्नोस् ॥ ५० ॥

मीढुष्टमशिवतम शिवोनःसुमनांभव ॥ परमेवृक्षऽआयुधन्निधायकृत्तिंवसानऽ आचरपिनांकम्बिभ्रदागंहि ॥५१॥

(वेद : १६ । ५१)

अन्वय र अर्थ :-

हे मीढुष्टम ! (अतिशय फलदाता), हे शिवतम ! (अतिशय कल्याणकारी हे रुद्र !) नः (हाम्रा लागि) शिवः (शान्ति र) सुमनाः भव (सुन्दर मन भएको हुनुहोस्) परमे (अग्लो) वृक्ष (रूखमा), आयुधम् (आफ्ना हतियारहरू) निधाय (राखी) कृत्रिम्, वसानः, आचरः (मृगको छाला र वाघको छाला लगाई) पिनाकम् विभ्रत् आगाहि (पिनाक धनुष धारण गरेर हाम्रा नजिक पाल्नुहोस) ।

भावार्थ :-

तपाई शान्त र सुन्दर (सफा) मनले हतियार सबै अग्लो ठूलो वृक्षमा थन्क्याउँनुहोस् र मृगचर्म धारण गरी पिनाक धनुमात्र हातमा लिई हाम्रा नजिकमा आउनोस् ॥ ५१ ॥

विकिरिद्रविलोहितनमस्तेऽअस्तुभग वः ॥ यास्तेसहस्रंहेतयोन्न्यमस्मन्निवपन्तु ताः ॥५२॥

(वेद : १६ । ५२)

अन्वय र अर्थ :-

हे विकिरिद्र ! (उपद्रोलाई नाश गर्ने), हे विलोहित ! (हे शुद्ध स्वरूप !), हे भगवः ! (हे प्रभो रुद्र !), ते (तपाईलाई) नमः (नमस्कार) अस्तु (छ) ते (तपाईलाई) याः (जुन), सहस्रम (हजार), हेतयः (शस्त्रहरू), ताः (ती), अस्मत् (हामीलाई नभै), अन्यम् (अरूउपर), निवपन्तु (प्रहार गरियुन्) ।

भावार्थ :-

शुद्ध र ऐश्वर्य स्वरूप हे रुद्र ! तपाईका हजारौं शस्त्रहरू हामीलाई प्रहार नगरी कुनै उपद्रवीहरूमाथि प्रहार गरियुन् ॥ ५२ ॥

सहस्राणिसहस्रशोबाह्वोस्तवहेतयः ॥
तासामीशानोभगवः पराचीनामुखाकृधि
॥ ५३ ॥

(वेदः १६। ५३)

अन्वय र अर्थ :-

हे भगव ! तव बाव्होः (भगवान् ऐश्वर्य सम्पन्न हे रुद्र !), सहस्राणि, सहस्रशः (नाना किसिमका हजारौं), हेतयः (हतियार छन्), इशानः (हे जगत्पते !), तासाम् (तिनका), मुखा (मुख वा अग्रभागलाई), पराचीना (टाढा), कुधि (राख्नोस्) ।

भावार्थ :-

तपाईका दुवै हातमा हरेक प्रकारका शस्त्रअस्त्रहरू छन् ती सबैलाई हाम्रा अगाडि नराखी टाढा राखिदिनोस् ॥ ५३ ॥

असङ्ख्यातासहस्राणियेरुद्राऽअधिभूम्याम्॥
तेषाᳬसहस्रयोजनेवधन्वानितन्मसि॥५४॥

(वेद : १६ । ५४)

अन्वय र अर्थ :-

ये (जुन्), असंख्याताः (असंख्य), सहस्राणि (हजारौं प्राणीलाई रुवाउने), रुद्राः (रुद्रहरू), भूम्याम (पृथ्वीमा), अधि (छन्), तेषाम् (तिनीहरूका), धन्वानि (धनुहरूलाई), सहस्रयोजनले (हजारौं कोष टाढा), अवतन्मसि (राखीदिनोस्) ।

भावार्थ :-

यो पृथ्वीमा असंख्या रुद्र छन्, जसले मनुष्य र प्राणीहरूलाई कष्ट दिन्छन्, ती दु:ख दिने रुद्रादि र तिनका साधनहरू हामीबाट टाढा रहून्, हाम्रा नजिक नपरून् हामी सुखी रहौं ॥ ५४ ॥

अस्मिन्न्महत्त्यर्ण्णवे न्तरिक्षेभवाऽअधि ॥ तेषांᳪसहस्रयोजनेवधन्न्वानितन्न्मसि ॥ ५५ ॥

(वेद : १६ । ५५)

अन्वय र अर्थ :-

अस्मिन् (यो), अन्तरिक्षे (स्वर्गलोकमा), महति (ठूलो), अर्णवे (समुन्द्रमा), अधिभवा: (आश्रय लिएर रहने रुद्र छन्), तेषांम् धन्वानि (तिनका धनुषहरू), सहस्र (हजार), योजने (योजन), अवतन्मसि (टाढा राख) ।

भावार्थ :-

समुन्द्र र स्वर्गमा आश्रय लिने रुद्रले जुन धनु र वांण लिएका छन् ती धनुवाँणहरूलाई हामीदेखि लाखौं योजन टाढा राखिदिनोस् ॥ ५५ ॥

नीलग्ग्रीवाःशितिकण्ठादिवᳪरुद्राऽउपश्रिताः ॥ तेषांᳪसहस्रयोजनेवधन्न्वानितन्मसि ॥ ५६ ॥

(वेद : १६ । ५६)

अन्वय र अर्थ :-

हे रुद्र: ! नीलग्रीवा: (नीलो घाँटी), शितिकण्ठा: (सेतोघाँटीका रुद्रगण), दिवम् (स्वर्गलोकमा), उपश्रिता: (आश्रित छन्), तेषाम (तिनका), धन्वानि (धनुवाँणहरू), सहस्रयोजने (लाखौंकोपसम्म), अवतन्मसि (टाढाराख) ।

भावार्थ :-

नीलो गर्दन र सेतो घाँटी भएका रुद्रगण स्वर्गलोकमा आश्रित छन्, तिनले धारण गरेका धनुर्वाण हामीबाट लाखौं कोश टाढा रहुन् ॥ ५६ ॥

नीलग्रीवाः शितिकण्ठाः शर्वाऽअधः क्षमाचराः ॥ तेषाᳬं सहस्रयोजनेऽवधन्वानितन्मसि ॥५७॥ (वेद : १६ । ५७)

अन्वय र अर्थ :-

नीलग्रीवाः (नीलो गर्दन), शितिकण्ठाः (सेता घाँटी युक्त), शर्वाः (सर्वनामक रुद्र), अधः-लोक तल्लो लोक मा समाचराः (विचरण गर्छन्), तेषाम् (तिनको), धन्वानि (धनुवाँण), सहस्र योजने (लाखौंकोश सम्म), अवतन्मसि (परै रहून् अर्थात् टाढा रहून्)।

भावार्थ :-

नीलो गर्दन र सेतो घाँटी भएका शर्व नामका रुद्रगण जो पृथ्वीमा घुम्दै रहन्छन् । तिनका धनु र वाँण हामीदेखि लाखौंकोश टाढा रहून् ॥ ५७ ॥

येवृक्षेषुशष्पिञ्जरानीलग्रीवाविलोहिताः ॥
तेषाᳬं सहस्रयोजनेवधन्वानितन्मसि ॥५८॥

(वेद : १६ । ५८)

अन्वय र अर्थ :-

यो शष्पिञ्जराः (जुन हरियो वर्ण), नीलग्रीवाः (नीलोघाँटी), विलोहिता वृक्षेषु (शरीररूपी वृक्षमा विद्यमान छन्), तेषाम् (तिनको), धन्वानि (धनु र वाँण), सहस्र योजने (हजारौं कोशसम्म), अवतन्मसि (परै रहून् अर्थात् टाढा रहून्) ।

भावार्थ :-

जुन् हरियो वर्ण, नीलो गर्दन् तेजयुक्त शरीररूपी वृक्षमा रहेका छन् त्यस्ता रुद्रका धनु र वाँणहरू हामीदेखि लाखौं कोप टाढा रहून् ॥ ५८ ॥

येभूतानामधिपतयो विशिखासः कपर्दिनः।
तेषांसहस्रयोजनेवधन्वानितन्मसि ॥५९॥ (वेद : १६ । ५९)

अन्वय र अर्थ :-

ये भूतानाम् (जो रुद्र प्राणीहरूका), अधिपतयः (मालिक छन्), विशिखाः, (टुप्पी नभएका), कपर्दिनः (जटा गुट्मुट्याएका यी रुद्रगण), तेषाम् (तिनका), धन्वानि (धनु वाँण), सहस्र योजने (लाखौं कोष), अवतन्मसि (टाढा रहून्) ।

भावार्थ :-

टुप्पी नभएका जटा गुट्मुट्याएर रहने प्राणीहरूका मालिक रुद्रका धनु र वाँण हामीवाट परै रहून् नजिक नपरून् ॥ ५९ ॥

येपथाम्पथिरक्षय ऽ ऐलवृदा ऽ आयुर्युधः।
तेषांसहस्रयोजनेवधन्वानितन्मसि ॥ ६० ॥

(वेद : १६ । ६०)

अन्वय र अर्थ :-

ये (जो), पथाम् (लौकिक एवं वैदिक), पथिरक्षयः (वाटोको रक्षा गर्ने मालिक), ऐलवृदः (अन्नले प्राणीलाई पुष्टि गर्ने), आयुर्युधः (जीवन पर्यन्त युद्ध गर्न तत्पर छन्), तेषाम् (त्यस्ताका), धन्वानि (धनु र वाँण), सहस्र योजन (लाखौं कोषसम्म), अवतन्मसि (टाढा रहून्) ।

भावार्थ :-

अन्नद्वारा प्राणीलाई पुष्ट पार्ने लौकिक तथा वैदिक मार्गका पथ प्रदर्शक तथा रक्षक, युद्धमा आजीवन अग्रसर रहनेहरूका स्वामी भएका भगवान् रुद्रका धनुवाँण लाखौंकोष टाढा रहून् ॥ ६० ॥

येतीर्थानि प्रचरन्तिसृकाहंस्तानिषङ्गिणः ॥
तेषांᳪसहस्रयोजनेवधन्वानितन्मसि॥६१॥

(वेद : १६ । ६१)

अन्वय र अर्थ :-

ये (जुन रुद्रगण) सृकाहस्ताः (भालाहातमा लिई) निषङ्गिणः (तरवार कम्मरमा वाँधेर) तीर्थानि (तीर्थस्थलहरूमा) प्रचरन्ति (घुम्छन्, डुल्छन्) तेषाम् (त्यस्ताका), धन्वानि (धनु र वाँण) सहस्र योजने (लाखौंकोष) अवतन्मसि (टाढै रहून्) ।

भावार्थ :-

जो हातमा भाला, कम्मरमा तरवार भिरी तीर्थको भ्रमण गर्छन् त्यस्ताका ती धनु र वाँण हामीवाट लाखौंकोष टाढा रहून् ॥ ६१ ॥

येन्नेषु विविद्धयन्तिपात्रेषुपिबतोजनान् ॥
तेषांᳪसहस्रयोजनेवधन्वानितन्मसि॥६२॥

(वेद : १६ । ६२)

अन्वय र अर्थ :-

ये (जुन रुद्र) अन्नेषु (अन्नहरूमा) जनान् (प्राणीहरूलाई) विविध्यन्ति (रोगहरू पैदा गर्छन्) पात्रेषु (भाँडाहरूमा), पिबतः (पानी दूध आदि पिउने मानिसहरूलाई रोगयुक्त वनाउँछन्) तेषाम् (त्यस्ताका) धन्वानि (धनु र वाँण) सहस्र योजने (लाखौं कोषसम्म), अवतन्मसि (हामीवाट टाढै रहून् नजिक नपरून्) ।

भावार्थ :-

जल दूध आदि पिउने कुरा र अन्नमा रोग पैदा गर्ने रुद्रगणका साथमा रहेका धनु, वाँण हामीवाट लाखौं कोष टाढा होउन् नजिक नआउन् ॥ ६२ ॥

यऽएतावन्तश्च भूयांसश्च दिशो रुद्रा वितस्थिरे ॥ तेषांसहस्रयोजनेऽवधन्वानि तन्मसि ॥६३॥

(वेद : १६ । ६३)

अन्वय र अर्थ :-

च (र पनि, अरू), ये रुद्राः (रुद्रगण) एतावन्त : यी दशै (दिशमा) च (र), भूयांशः अवितस्थिरे (यी दश दिशमा भन्दा पनि धेरै व्याप्त भएर आश्रित छन्) तेषाम् (त्यस्ता रुद्रगणका) धन्वानि (धनु एवं वाँण), सहस्र योजने (लाखौंकोष) अवतन्मसि (टाढा भै रहून् नजिक नआउन्) ।

भावार्थ :-

दश दिशा र त्यो भन्दा पनि धेरै व्यापक भै आश्रित भएका रुद्रगणका धनु र वाँण हामीबाट लाखौंकोष टाढा रहुन् नजिक नपरून् ॥ ६३ ॥

नमोऽस्तु रुद्रेभ्यो ये दिवि येषां वर्षमिषवः ॥ तेभ्यो दश प्राचीर्दश दक्षिणा दश प्रतीचीर्दशोदीचीर्दशोर्ध्वाः ॥ तेभ्यो नमोऽअस्तु ते नोऽवन्तु ते नो मृडयन्तु ते यं द्विष्मो यश्च नो द्वेष्टि तमेषां जम्भे दध्मः ॥ ६४ ॥

(वेद : १६ । ६४)

अन्वय र अर्थ :-

रुद्र यम : नमः अस्तु ये (जुन रुद्रदेव) दिवि (स्वर्गमा विद्यमान), येषाम् (जुन रुद्रहरूको) इषव वर्षम् (वृष्टि नै वाँण हो) तेभ्यः (तिनीहरू) रुद्रभ्यः (रुद्रगणलाई) नमः (नमस्कार छ) तेभ्यः (ती रुद्रहरूका लागि) दशप्राचीः (दशपूर्व) दशदक्षिणा (दश दक्षिण), दशप्रतीचीः (दशपश्चिम), दशोदीची (दश उत्तर) दशोर्ध्वा (दशउँभो, सबैतिर दश औंला जोडी) नमः (प्रार्थना गर्दछु) ते (त्यस्ता रुद्रहरूले) नः (हामीलाई), अवन्तु (रक्षा गरून्) ते (ती रुद्रहरूले) यम् (जो सँग), द्विषः (द्वेष, वैरभाव गर्छन्), च (र), यः (जुन हामीसँग) द्वेष्टि (वैरभाव गर्छ) तम् (तिनीहरूलाई), एषाम् (यी रुद्रगणले), जम्भेदध्मः (दाँतमा र दारामा राख्छन् अर्थात् त्यस्ता द्वेषीलाई रुद्रले लुछ्दछन्) ।

भावार्थ :-

जुन रुद्रदेव स्वर्गमा विद्यमान छन् यिनको वृष्टि नै वाँण हो, त्यस्ता रुद्रगणलाई पूर्व, पश्चिम, उत्तर, दक्षिण, उभों (माथि) सवैतिर दश औंला जोडी करवद्ध प्रार्थना गर्छौं, उनले हाम्रो रक्षा गरून् हामीलाई सुखी राखुन् र जस्ले त्यस्ता रुद्रगणसँग द्वेष गर्छ र जसले हामी सँग वैरभाव गर्छ त्यस्तालाई यी रुद्रगणले आफ्ना दाराले टोकेर नाश पनि गर्छन् ॥ ६४ ॥

नमोऽस्तु रुद्रेभ्यो येऽन्तरिक्षे येषां वात इषवः ॥ तेभ्यो दश प्राचीर्दश दक्षिणा दश प्रतीचीर्दशोदीचीर्दशोर्ध्वाः ॥ तेभ्यो नमो ऽ अस्तु ते नोऽवन्तु ते नो मृडयन्तु ते यं द्विष्मो यश्च नो द्वेष्टि तमेषां जम्भे दध्मः ॥६५॥ (वेद : १६ । ६५)

अन्वय र अर्थ :-

रुद्रेभ्यः (रुद्रगणामा) नमः, (नमस्कार, प्रणाम) अस्तु (गर्छौं, हओस) ये (जुन रुद्रगण), अन्तरिक्षे (आकाशमा छन्), एषाम् (यिनका गणका), अन्तरिक्षे (आकाशमा छन्), एषाम् (यिनका गणका), इषवः (वाँणहरू) वातः (वायु, हावा हुन्), तेभ्यः (तिनीहरूलाई), दश प्राची (पूर्वमा दश) दश दक्षिण (दक्षिणमा दश) दश प्रतीचीः (पश्चिम दश) दशप्राचीः (पश्चिमा दश), दशोदीचीः (उत्तर दश), दशोध्वा (माथि दश, उँभोंदश औंला हातजोडेर) नमः (नमस्कार छ), ते (ती रुद्रगणले) नः (हामीलाई) मृडयन्तु (रक्षा गरून्) ते (तिनीहरूलाई) नः (हामीहरू) द्वेष्टि (द्वेष गर्छौं, वा ती हामीलाई द्वेष गर्छन्) एषाम् (यस्तालाई), जम्भेदध्यः (आफ्ना दाराले टोक्छन् नाश गर्छन्) ।

भावार्थ :-

पूर्व, पश्चिम, उत्तर, दक्षिण, माथिअन्तरिक्षमा रहेका, हावा र पवन नै वाँण भएका रुद्रगणलाई दशऔंला जोडी नमस्कार गर्छौं, जसले हामीलाई द्वेष गर्छ जस्को हामी द्वेष गर्छौं त्यस्तालाई यी रुद्रका गणले नाश गर्छन् ॥ ६५ ॥

नमोऽस्तुरुद्द्रेभ्योयेपृथिव्व्यांय्येषामन्नमिषवः॥ तेभ्योदशप्प्राचीर्द्दशदक्षिणादशप्प्रतीचीर्द्दशोदीचीर्द्दशोर्द्ध्वाः॥ तेभ्योनमोऽअस्तुतेनोऽवन्तुतेनोमृडयन्तुतेयन्द्विष्मोयश्चनोद्वेष्टितमेषाञ्जम्भेदद्ध्मः॥ ६६ ॥ (वेद : १६ । ६६)

अन्वय र अर्थ :-

रुद्रेभ्यः (रुद्रगणहरूलाई) नमः (नमस्कार) अस्तु (छ, होस्) ये पृथिव्याम् (जो पृथ्विमा रहन्छन्) एषाम् (यिनीहरूको) इषवः (वाँण) अन्नम् (अन्न हो) तेभ्यः (तिनीहरूलाई), दश प्राचीः (दश औंला जोडी पूर्व), दश दक्षिणा (दश औंला जोडी दक्षिण) दश प्रतीचिः (दश औला जोडी पश्चिम), दशोदीचीः (दश औंला जोडी उत्तर), दशार्धाः (दशऔंला जोडी माथि प्रार्थना गर्दछु), ते (ती गणले), नः (हामीलाई), अवन्तु (रक्षा गरून्) ते (ती गणले), नः (हामीलाई), मृडयन्तु (सुखी राखून्), ते (ती रुद्रगणले), यम् (जसलाई) द्विषः (द्वेष गर्छौं), यः (जस्ले), नः (हामीलाई) द्वेष्टि (द्वेष गर्छ), तम् (त्यस्तालाई), एषाम् (यिनीहरूवाट), जम्भेदध्मः (दाँतले टोकी नष्ट गर्छन्) ।

भावार्थ :-

पूर्व, पश्चिम, दक्षिण, उत्तरमाथि सर्वैतिर पृथ्वीमा अवस्थित अन्न नै वाँण भएका रुद्रगणलाई नमस्कार छ। उनले हाम्रो रक्षा गरून् हामी जसको द्वेष गर्छौं वा हामीलाई जसले द्वेष गर्छ त्यस्तालाई यी रुद्रगणले दाँतले टोकी नाश गर्छन् ॥ ६६ ॥

पाँचौ अध्याय पाठ गरिसकेपछि पुनः पेज ६८ अ. ५ को पहिलो मन्त्र-नमस्ते रुद्र मन्यव उतोदेखि पेज ७५ को अध्याय पाँचको सोन्हौं मन्त्र-मानस्तोके तयन सम्म पाठ गर्ने अनि मात्र छैठौ अध्यायको पाठ सुरु गर्ने ।

॥ इति पञ्चमो ऽध्याय :॥

अथ: षष्ठोऽध्याय

ॐ एषते रुद्र भागः सहस्वस्राम्बिकयातञ्जुष स्वस्वाहैषते रुद्र भागऽआखुस्ते पशुः ॥ १ ॥

(वेद : ३ । ५७)

अन्वय र अर्थ :-

रुद्र (हे रुद्र !) तेः भवतः (तपाईकी) स्वस्रा (वहिनी) अम्बिकया सह (अम्बिकाका साथ) एषभागः (यो भाग हो) ते जुषस्व (त्यसलाई ग्रहण गरी खानुहोस्) स्वाहा (अर्पण गरें) रुद्र (हे रुद्र !) एषते भागः (यो तिम्रो भाग हो) ते पशुः आखुः (तपाईका पशु मूसा हुन्) ।

भावार्थ :-

हे रुद्र ! तपाईकी वहिनी अम्बिका सहितलाई यो भाग अर्पण गरें सेवन गर्नोस् यो भाग तपाईको पशुसेवक मुसाको पनि हो ॥ १ ॥

अवरुद्रमदी मह्यवदेवन्त्र्यम्बकम् ॥ यथानोव्वस्यसस्करद्यथानःश्रेयसस्करद्यथानोव्यवसाययात् ॥२॥

(वेद : ३ । ५८)

अन्वय र अर्थ :-

रुद्रम् (शत्रु रुवाउने हे रुद्र !) त्र्यम्बकम् (तीनै आँखाले युक्त) देवम् (देवलाई) अब (अर्पण गर्दै) अदीमहि (खान्छौं) यथा (जस्तै) नः (हामीहरूको) वस्य सस्करत् (वस्ने स्थान उत्तम होस्) यथा (जस्तै) नः (हाम्रो) श्रेयसस्करत् (कल्याणहोस्) यथा (जस्तै) नः (हाम्रो) व्यवसाययात् (व्यवसायमा सफलता प्राप्त होस्) ।

भावार्थ :-

हे रुद्र ! यो अन्न तपाईंलाई अर्पण गर्दै हामी खान्छौं । हाम्रो वस्ने ठाउँ पनि उत्तम होस्, हाम्रो कल्याण होस्, र व्यवसायमा पनि हामीलाई सफलता हासिल होस् ॥ २ ॥

नमस्तेरुद्द्रमुन्यवऽउतोतऽइषवेनमः ॥ बाहुभ्यामुततेनमः ॥ ३ ॥

(यसको अर्थ को अ. ५ को मन्त्र १ मा छ)

यातेरुद्द्रशिवातनूरघो रापापकाशिनी ॥ तया नस्तन्न्वाशन्तमयागि रिशन्ताभिचाकशीहि ॥ ४ ॥ (वेद : १६ । २)

अन्वय र अर्थ :-

गिरिशन्त (पर्वतका गुफामा निवास गर्ने) रुद्रः (वीर रुद्र) या (जो) ते (तपाईका) शिवा (शान्त) अघोरा (मङ्गलरूप) अपापकाशिनी (पाप नाश गर्ने सौम्य स्वरूप) तया (त्यो सुखपूर्ण) तन्वा (शरीरले) नः (हामीलाई) अभिचाकशीहि (अवलोकन गर्नोस्, हेर्नोस्) ।

भावार्थ :-

पवर्तका गुफामा निवास गर्ने हे वीर रुद्र ! तपाईका शान्त र मङ्गल तथा पापनाश गर्ने सौम्यरूप देहले हाम्रो रक्षा गर्नोस् हामीलाई हेरिदिनोस् ॥ ४ ॥

नतम्विदाथयऽ इमाजजानान्यद्युष्माकमन्तरम्बभूव ॥ नीहारेणप्रावृताजल्प्याचासुतृपऽउक्थशासश्चरन्ति ॥ ५ ॥ (वेद : १७ । ३१)

अन्वय र अर्थ :-

यः (जो) इमा (यी समस्त लोकहरू) जजान (पैदा गर्छन्) तम् (त्यसलाई) न विदाथ (जान्दैनौ) अन्यत् (अर्कै, दोस्रो) युष्माकम् (तिमीहरूदेखि) अन्तरम (भिन्न,अलग) वभूव

(भए) निहारेण (अन्धकारले) प्रावृता: (ढाकिएजस्तै) जल्प्या (विवाद एवं मौखिक वार्ता मात्र गर्ने) असत्तृप: (प्राणरक्षाका चिन्तामा मात्र लागे) उक्थशास: चरन्ति (यस्ता व्यक्ति ज्ञानतत्वको विचार गर्ने वन्दै घुम्छन्। अर्थात् मानिस ईश्वर सम्वन्धमा वाद विवाद धेरै गर्दै घुम्छन् तर साक्षात्कार भने हुँदैनन्)।

भावार्थ :-

हे मनुष्य हो ! रुद्रले समस्तलोक पैदा गर्दछन्। तिमीहरू भने वाद विवाद र आफ्नो प्राण रक्षामात्र गर्न जान्दछौं अन्धकारले ढाकिएका छौ, ईश्वर सम्वन्धमा वाद विवाद त गर्छौं तर साक्षात्कार हुन र गर्न भने सक्तैनौ ॥ ५ ॥

विश्वकर्म्माह्यजनिष्टदेवऽआदिद्गन्धर्वोऽअ
भवद्द्वितीयः ॥ तृतीयःपिताजनितौषधीनाम
पाङ्गर्भंव्यदधात्पुरुत्रा ॥ ६ ॥

(वेद : १७ । ३२)

अन्वय र अर्थ :-

विश्वकर्मा (विश्वका कर्ता) देव: (परमात्मा) हि (सवभन्दा पहिले) अनीष्ट (प्रकट भए) आत् इत् (त्यसपछि) द्वितीय: (दोस्रा) गन्धर्व: (गाई, पृथ्वी आदि धारणा गर्ने सूर्य), अभवत् (प्रकट भए) तृतीय: (तेस्रा) औषधीनाम् (औषधीहरूका संरक्षक) जनिता (प्रकट भए) पिता (वावु मेघ) अपाम् गर्भे पुरुत्रा व्यदघात् (जलहरूका धेरै प्रकार पनि प्रकट भए)।

भावार्थ :-

विश्वमा सर्वप्रथम उनै विश्वकर्माले नै गर्भभावलाई प्राप्त गरे। तदन्तर पृथ्वी वा वाणीलाई धारण गर्ने अग्नि (गन्धर्व) पैदा भए। औषधीहरूलाई उत्पन्न वा पोषण गर्ने भएका पर्जन्य उत्पन्न भए। उहाँले विविध जललाई धारण गर्नुभयो ॥ ६ ॥

मीढुष्टमशिवतमशिवोनःसुमनाभव ॥ परमे
वृक्षऽआयुधन्निधायकृत्तिंवसानऽआचरपिनाकं
बिभ्रदागहि ॥

(यसको अर्थ अध्याय ५ को मन्त्र ५१ मा छ)

द्रुविकिरित्युपिलोहितुनमस्तेऽअस्तुभगवः ॥ या
स्तेसुहस्रंहेतयोन्न्यमुस्मान्निवपन्तुताः ॥

(यसको अर्थ अध्याय ५ को मन्त्र ५२ मा छ)

सुहस्राणिसहस्रुशोबाह्वोस्तवहेतयः ॥ तासा
मीशानोभगवःपराचीनामुखाकृधि ॥

(यसको अर्थ अध्याय ५ को मन्त्र ५३ मा)

असंख्याताुसहस्राणियेरुद्राऽअधिभूम्याम् ॥
तेषांसहस्रयोजनेवधन्वानितन्मसि ॥

(यसको अर्थ अध्याय ५ को मन्त्र ५४ मा छ)

॥ इति षष्ठोऽध्यायः ॥

अथ: सप्तमो ऽध्याय:

हरि: ॐ वयᳫं सोमव्व्रतेतवमनस्तनूषुब्बि

ब्भ्रतᳫं ॥ प्रजावन्तᳫं सचेमहि ॥ १ ॥ (वेद : ३ । ५६)

अन्वय र अर्थ :-

हे सोम ! वयम् (हामीहरू) तव (तपाईका) व्रते (नियममा रही) तनषु (शरीरहरूमा) मनः (मन, चित्त) विभ्रतः (धारण) गर्दै) प्रजावन्तः (प्रजाहरूसँग सम्मिलित भै) जीवम् (जीवित संघको) व्रातम (शरीरमा) सचेमहि (मनलाई धारण गर्दै जीवित संघको सेवा गर्छौं) ।

भावार्थ :-

हे सोम ! हामी तपाईका अभिषवादि कर्म र नियममा वसी मन भने तपाईमा नै लगाउँदै आफ्ना प्रजाजन सहित भै जीवित प्राणीहरू (मान्छे दोपाया, चौपाया पशु पंक्षी) को सेवा गर्न इच्छा राख्दछौं ॥ १ ॥

ॐ एषतेरुद्रभागश्सुहस्वस्राम्बिकयातञ्जुष

स्वस्वाहैषतेरुद्रभागऽआखुस्तेपशुश्॥ २ ॥

(यसको अर्थ अध्याय ६ को मन्त १ मा छ)

अवंरुद्रमदीमह्यवंदेवन्त्र्यम्बकम् ॥

यथानोव्वस्यसस्करद्यथानश्श्रेयसस्

करद्यथानोव्यवसाययात ॥ ३ ॥

(यसको अर्थ अध्याय ६ को मन्त्र २ मा छ)

भेषजमसिभेषजङ्गवेश्वायपुरुषायभे षजम् ।। सुखम्मेषायमेष्यै ।।४ ।।

(वेद : ३। ५९)

अन्वय र अर्थ :-

भेषजं असि (तपाई औषधी हुनुहुन्छ) गवे (गाईलाई) अश्वाय (घोडालाई) पुरुषाय (पुरुषका लागि) भेषजम् (औषधी हुनुहुन्छ) मेषाय (भेडालाई) मेष्यै (भेडीलाई पनि) सुखं (आनन्द प्राप्त होस्) ।

भावार्थ :-

तपाई गाई घोडा र पुरुषका निमित्त औषधीरूपी हुनुहुन्छ त्यस्तै भेडा र भेडीलाई पनि सुख, आरोग्य प्रदान गर्नुहोस् ॥ ४ ॥

त्र्यम्बकंयजामहेसुगन्धिम्पुष्टिवर्द्धनम् ।। उर्वारुकमिवबन्धनान्मृत्योर्मुक्षीयमामृ तात् ।। त्र्यम्बकंयजामहेसुगन्धिम्पतिवेद नम् ।। उर्वारुकमिवबन्धनादितोमुक्षीयमा मुतः ।। ५।।

(वेद : ३ । ६०)

अन्वय र अर्थ :-

सुगन्धिम् (वास्नायुक्त) पुष्टिवर्धनम् (पुष्टिवर्धक) त्र्यम्वकम् (तीनै दृष्टिले युक्त) यजामहे (हामी हवन गर्छौं) मृत्योः (मृत्युवाट) मुक्षिय (हामी मुक्त हौं) बन्धनात् (वन्धनवाट) उर्वारुक (काँक्राको फल जस्तै) मुक्षीय (मुक्त हौं) अमृतात् (तर अमृतवाट, अमरत्ववाट) मा (कहिल्यै मुक्त नहौं) पतिवेदनम् (पतिलाई दिने) सुगन्धिम् (सुगन्धयुक्त) त्र्यम्वकम् (तीन नेत्रधारी) यजामहे (यजन र हवन गर्छौं) बन्धनात् (बन्धनदेखि) उर्वारुकम्, इव (काँक्राको फलजस्तै) मुक्षिय (मुक्त हौं) मामृत (पतिका घरको सम्वन्धवाट कहिले पनि मुक्त न हौं) ।

भावार्थ :-

तीन नेत्रधारी (आध्यात्मिक, आधिदैविक, आधिभौतिक) हे महावीर हामी हजूरको हवन गर्छौं, बन्धनबाट काँक्रोको फल जेलोबाट छुट्टिए जस्तै गरी छुटौं। हे महावीर पतिको सम्बन्धबाट कहिल्यै पनि मुक्त हुनु नपरोस् ॥ ५ ॥

एतत्तेरुद्द्रावसन्तेनपरोमूजवतोतीहि ॥ अवं ततधन्वापिनाकावसः कृत्तिवासाऽअहिंसन्नः शिवोतीहि ॥ ६॥ (वेद : ३ । ६१)

अन्वय र अर्थ :-

हे रुद्र ! एतते (यो तपाईको) अवसमृत (हविको भाग हो) तेन (त्यसले) धन्वा (धनुको डोरी), अवतत (निकाल) पिनाकावसः (पिनाक धनुलाई वस्त्रमा लुकाएर) कृत्तिवास (चर्म पहिरिएर) नः अहिंसन् (हामीलाई नमारीकन) मूजवतः (हिमालयको मौजवान पर्वत भन्दा) परः (किनारामा) अतीहि (शान्तिपूर्वक गै विश्राम गर्नुहोस् हे प्रभो शिव !) ।

भावार्थ :-

हे रुद्रदेव ! यहाँ अब कुनै शत्रु छैनन् आफ्ना वस्त्र पहिरिएर पिनाक धनुलाई कपडामा वेरेर शान्तिपूर्वक मूजवान् पर्वत नामक आफ्ना वासस्थानतर्फ प्रस्थान गरिदिनोस् ॥ ६ ॥

त्र्यायुषञ्जमदग्नेः कश्यपस्य त्र्यायुषम् ॥ यद्देवेषुत्र्यायुषन्तन्नोऽअस्तुत्र्यायुषम् ॥ ७॥

(वेद : ३ । ६२)

अन्वय र अर्थ :-

जमदग्ने (जमदग्निऋषिको) त्र्यायुषम् (त्रिविध, वाल्य, यौवन, वार्द्धक्य आयु छ) कश्यपस्य (कश्यप ऋपिको) त्र्यामुषम् (त्रिविध आयु छ) यत् (जो) देवेषु (देवताहरूमा)

त्र्यामुषम् (त्रिविध आयु हुन्छ) तत् (त्यो) त्र्यायुषम् (त्रिविध आयु) नः (हामीलाई अस्तु प्राप्त होस्) ।

भावार्थ :-

जमदग्नि ऋषि, कश्यप ऋषिको र अग्नि देवताहरूको पनि जुन त्रिविध (वाल्य, योवन, वार्धक्य) आयु हुन्छ त्यस्तै त्रिविध आयु हामीलाई पनि प्राप्त होस् ॥ ७ ॥

शिवोनामासिस्वधितिस्तेपितानमस्ते ऽ अस्तु मामाहिंसीः ॥ निर्वर्त्तयाम्म्यायुषेन्नाद्यायप्प्रजननायरायस्पोषायसुप्प्रजास्त्वायसुवीर्य्याय ॥ ८ ॥ (वेदः ३ । ६३)

अन्वय र अर्थ :-

शिवः नमः असि (तपाईको नाम शिव हो) स्वाधितिः ते पिता (शास्त्र तपाईका पालन कर्ता हुन्) ते नमः अस्तु (तपाईलाई नमस्कार) मा (मलाई) मा हिंसीः (हिंसा नगर) आयुषे (दीर्घ आयु) अन्नाद्याय (अन्नादि प्राप्ति) प्रजननाय (असल प्रजाको प्राप्ति) सुप्रजास्त्वाय (उत्तम प्रजा वन्ने सामर्थ्य) रायस्पोषाय (धन सँगै पुष्टि) सुवीर्याय (सुवीर्य अथवा उत्तम पराक्रमका लागि) निवर्तयामि (म यत्नवान हुन्छु) ।

भावार्थ :-

तपाई शिव नामैले कल्याणकारी हुनुहुन्छ। धारिला छुरा आदि शस्त्रहरू तपाइका पिता समान हुन्। लामो आयु, खानपान, उत्तम सन्तान मैंले प्राप्त गर्नुछ म ती विध्वंसक कर्मलाई त्यागी सुकर्ममा लाग्छु। हे परमेशवर ! मलाई सफलता मिलोस्। अस्तु ॥ ८ ॥

॥ इति सप्तमोऽध्याय : ॥

शान्ति पाठ

हरिः ॐ ॥ उग्रश्च । भीमश्चद्ध्वान्तश्च धुनिश्चसासह्वाँश्चाभियुग्वाचव्विक्षिपः स्वाहा ॥ १ ॥

(वेद : ३९ । ७)

अन्वय र अर्थ :-

च, (र) उग्रः (आफ्ना शत्रुमा वायु समान प्रचण्ड वेगवाट आक्रमण गर्नाले उग्र) च (र), भीमः (शत्रुका लागि डराउने भएकाले भीम), ध्वान्तः (आफ्ना शत्रुतिर फर्कि हेर्दा अन्धकार समान हुनाले ध्वान्त), च (र) धुनिः (शत्रु कम्ति हुनाले ध्वान) च (र) सासव्हानू (शत्रुलाई वारंवार पराजित गर्न सामर्थ्यले सासव्हान) च (र) अभियुग्वा (पराक्रमी भै शत्रुसँग चढाई जाइलाग्नाले अभियुग्वा) च (र) विक्षिपः (ती शत्रुलाई पराक्रमी रूपले छिन्न भिन्न (तितर वितर) गर्नाले विक्षिप नामले प्रख्यात भएका छन्) स्वाहा (यो उत्तम कथन छ) ।

भावार्थ :-

उग्र र डरलाग्दाका लागि भंयकर शव्दद्वारा डर पैदा गरी त्यही डरले शरीर कँपाउने, शत्रु पराजित गर्न समर्थवान् अनि शत्रुसँग जाइलाग्ने तथा शत्रुलाई छिन्नभिन्न पार्ने वायुदेवताका लागि हवनका यी आहुतीहरू समर्पित छन् ॥ १ ॥

अग्निꣳ हृदयेनाशनिꣳ हृदयाग्रेणपशुपतिङ्कृत्स्नहृदयेनभवंय्यक्ना ॥ शर्वम्मतस्नाभ्यामीशानम्मन्युनामहादेवमन्तःपर्शव्येनोग्रंदेवंव्वनिष्ठुनाव्वसिष्ठहनुःशिङ्गीनिकोश्याभ्याम् ॥ २ ॥

(वेद : ३९ । ८)

अन्वय र अर्थ :-

हृदयने (हृदयमा) अग्निम् (अग्नि धारण गर्छन्) हृदयाग्रेण (हृदयकाअगाडिका भागले) अशनिम् (विद्युत धारण गर्छन्) कृत्स्नहृदयने (समस्तहृदयभागले) पशुपतिम्

(पशुहरूका पालक प्राणवायु धारण गर्छन्) यक्ना (कलेजोले) भवम् (सर्वत्र विद्यमान आकाश धारण गर्छन्) मतस्नाभ्याम् (छातीका अन्य भागहरू फोक्सोले) शर्वम् (जलधारण गर्छन्) मन्युना (रिसले) ईशानम् (सवैमा शासन गर्ने ऐश्वर्यवान ईशानलाई धारण गर्छन्) अन्तः पर्शव्येन (भित्री र मांसपेसीका भागले) महादेवम् (महेश्वरलाई धारण गर्छन्) वनिष्ठुना उग्रदेवः वशिष्ठ हुनुः (शत्रु वध गर्नलाई योग्य हुँदै) कोश्याभ्यम् (नसामा राख्न योग्य कीर्तिजनक गुणहरू) शिङ्गीनि (हृदयमा धारण गर्छन्) ।

भावार्थ:-

हृदयले अग्नि, छाती अग्रभागले विद्युत्लाई, समस्त हृदयले पशुपति प्राण वायुलाई, कलेजोले आकाश, फोक्सोले जल, रिस वा क्रोधले ईशान, भित्री भागले सबभन्दा ठूला परमेश्वर महादेव, यस्तै अन्य अंगले तीव्र अग्नि, कीर्तिजन्य गुणहरूलाई वायुरूपले पनि धारण गर्छन् ॥ २ ॥

उग्रँल्लोहितेनमित्रꣳसौव्रत्येनरुद्रन्दौर्व्रत्येने
न्द्रम्प्रक्रीडेनमरुतोबलेनसाध्यान्प्रमुदा ॥
भवस्यकण्ठ्यꣳ रुद्रस्यान्तःपार्श्व्यम्महादेव
स्ययकृच्छर्वस्यवनिष्ठुःपशुपतेः पुरीतत् ॥ ३ ॥

(वेद : ३९ । ९)

अन्वय र अर्थ :-

लोहितेन (हे राष्ट्रपति ! तपाई तताएको फलाम जस्तै तीखो स्वभावले) उग्रम (ज्यादै डरलाग्दो पुरुषलाई पनि अधीनमा गर्नेहरूको उग्र) सौव्रत्येन (उत्तम व्रत पालन गर्ने मित्रलाई वशमा राखी) दौर्बत्येन (कष्टप्रद कामले प्रजालाई दुःख दिने पुरुषलाई वश गरी) रुद्रम् (डरलाग्दो रौद्ररूप धारण गर्नुहुन्छ) प्रक्रीडेन (क्रीडा विनोदले ऐश्वर्यवान् धनाढ्य पुरुषलाई वशमा राखी) वलेन (वल वा सैन्यशक्ति निपुण कार्यले) मरुतः (युद्धमा शत्रुहरू मार्ने वीर सैनिकलाई वश गरी) प्रमुदा (सुखप्रद उपायबाट वशपार्न योग्य व्यक्तिलाई) साध्याम् (अधिनमा राखि) कण्ठम् (गलामा विद्यमान उत्तम स्वर, गायन आदि) भवस्य (प्रशंसायोग्य समर्थवान् प्राणको काम हो) रुद्रस्य (रौद्ररूप प्राणको

स्थान) अन्तः पाश्व्यम् (अगल वगल दुवै हातका पाखुराका भित्री ठाउँ हो) यकृत् (कलेजो) महादेवस्य (महादेवको स्थान हो) शर्वस्य (खाने अन्नलाई साना साना वनाई शरीरमा सम्पूर्ण भागमा पुऱ्याउने) वनिष्ठुः (जठराग्निको वल मुटु हो) पशुपतेः (पशुहरूका मालिक शिवका आत्माको स्थान) पुरीतत् ("परीतत्" नाम हृदयको धड्कन हो) ।

भावार्थ :-

हे वीर शम्भो ! तपाई उग्ररूप लिने, सज्जनलाई अधीनमा पार्ने, कष्ट दिनेलाई अधीन गर्ने, धनाढ्यलाई क्रीडा विनोदले आफूतिर तान्ने, वीर सैन्यहरूलाई अधीनमा राख्ने, तपाई आफू संपूर्ण शारीरिक अंग र नशा नशामा व्याप्त भै सम्पूर्ण शरीरको धड्कन नै हुनुहुन्छ ॥ ३ ॥

हरिंः ॐ ॥ वाजंश्च । मे॑प्रसवश्चं मे॒प्रयंतिश्च मे॒प्रसिंतिश्च मे॒धीतिश्चं मे॒ क्रतुंश्च मे॒ स्वरंश्च मे॒ श्लोकंश्च मे॒ श्रवश्चं मे॒ श्रुतिश्च मे॒ ज्योतिश्च मे॒ स्वश्च मे॒ यज्ञेनं कल्पन्ताम् ॥ ४ ॥ (वेद १८।१)

अन्वय र अर्थ :-

यो यज्ञमा, यज्ञेन (यज्ञद्वारा) मे (मेरा निमित्त) वाजः (अन्न) च (र) मे (मेरा निमित्त) चमे प्रसव (ऐश्वर्य) प्रयतिः (प्रयत्न गर्ने शक्ति) च (र) मे (मेरा निम्ति) धीतिः (वुद्धि) च (र) मे (मेरा निम्ति) क्रतुः (यज्ञ कर्मशक्ति) च (र) मे (मेरा निम्ति) स्वर (स्वर) च (र) मे (मेरा निम्ति) श्लोकः (श्लोक) च (र) मे (मेरा निम्ति) श्रवः (सुन्ने शक्ति) च (र) मे (मेरा निम्ति) श्रुति : (कानको शक्ति) च (र) मे (मेरा निम्ति) ज्योतिः (तेज, वल) च (र) मे (मेरा निम्ति) स्वः (उत्तम आत्मा शक्ति) यज्ञेन (यज्ञद्वारा) कल्पन्ताम् (प्राप्त हुन्) ।

भावार्थ :-

यही यज्ञद्वारा अन्न, ऐश्वर्य, सुन्ने शक्ति, वुद्धि, कर्मशक्ति स्वर श्लोक, कामशक्ति, उत्तम आत्मशक्ति वढ्दै जाउन् शक्ति प्राप्त होस् । यी शक्तिहरू मेरा अन्तः करणमा र तीनवाट म सामर्थ्यवान् वनूँ ॥ ४ ॥

प्राणश्चमेपानश्चमेव्यानश्चमेसुश्चमेचित्त
ञ्चमऽआधीतञ्चमेव्वाक्चमेमनश्चमेचक्षुश्चमे
श्श्रोत्रञ्चमेदक्षश्चमेबलञ्चमेयज्ञेनकल्पन्ताम् ॥ ५ ॥

(वेद : १८ । १)

अन्वय र अर्थ :-

च (र) मे (मेरा) प्राणः (प्राण उर्ध्व वायु) च (र) मे (मेरा) अपानः (अधोवायु) च (र) मे (मेरा सर्वशरीर संचारी वायु) च (र) मे (मेरा) असुः (मुख्य प्राणवायु) च (र) मे (मेरा) चिन्तम् (विचारशक्ति) च (र) मे (मेरा) आधीतम् (अध्ययवाट प्राप्त ज्ञान) च (र) मे (मेरा) वाक् (वाणी, वोली, वचन) च (र) मे (मेरा) मनः (मन) च (र) मे (मेरा) चक्षुः (आँखा) च (र) मे (मेरा) श्रोत्रम् (कान सुन्ने इन्द्रिय) च (र) मे (मेरा) दक्षः (दक्षता) च (र) मे (मेरा) बलम् (वल) यी सबै यज्ञेन (यज्ञले) कल्पन्ताम् (वढुन् म स्वयं अधिक शक्तिशाली वनूँ) ।

भावार्थ :-

प्राण, अपान, व्यान, प्रवृत्तिमान्, वायु, चित्त, वाह्य विषयज्ञान, वाक, मन, चक्षु, श्रोत्र, ज्ञानेन्द्रिय कौशल, कर्मेन्द्रिय कौशलआदि कुराहरू यज्ञद्वारा मलाई प्राप्त होउन् ॥ ५ ॥

इमामेऽ अग्नऽ इष्टकाधेनवः सन्त्वेकाचदशचद
शचशतञ्चशतञ्चसहस्रञ्चसहस्रञ्चायुतञ्चा
युतञ्चानियुतञ्चानियुतञ्चप्रयुतञ्चार्बुदञ्चन्य
र्बुदञ्चन्यर्बुदञ्चसमुद्रश्चमध्यञ्चान्तश्चपरार्द्ध
श्चैतामेऽ अग्नऽ इष्टकाधेनवः सन्त्वमुत्रा
मुष्मिँल्लोके ॥ ६ ॥ (वेद : ३९ । १०)

अभीषुणः । सखींनामविताजरित्तृणाम् । शत म्भवास्यूतिभिः ॥ १३ ॥ (वेद : ३६ । ५)

अन्वय र अर्थ :-

हे ईश्वर ! नः (हामी सवैका) सखीनाम् (मित्रहरूका) जरितृणाम् (उपासकहरूका) शतं ऊतिभिः (सयकडौं रक्षणद्वारा) अभि सु अविता (सव प्रकारले उत्तम रक्षक) भवासि (तपाई हुनुहुन्छ) ।

भावार्थ :-

हे प्रभो ! हजुर हामी, मित्र र उपासकहरूलाई तपाई सयकडौं प्रकारले उत्पन्न उत्तम संरक्षक कहिले वन्नुहुन्छ ॥ १३ ॥

कयात्वन्नऽऊत्याभिप्रमन्दसेवृषन । कयांस्तो तृभ्यऽआभंर ॥ १४ ॥ (वेदः ३६ । ७)

अन्वय र अर्थ :-

वृषन् (आनन्द वृष्टिगर्ने ऐश्वर्यवान् हे ईश्वर ! तपाई) कया (आनन्दकारक) ऊत्या (रक्षाका साथ) नः (हामीलाई) अभि प्रमन्दसे (सवैतिरवाट आनन्द पाछौं र) कया (त्यै आनन्दले) स्तोतृभ्यः (तपाईंको गुण कीर्तन गर्नेलाई) आभर (पुष्टि गर्दछौं) ।

भावार्थ :-

आनन्दवृष्टि गर्ने हे ईश्वर ! हामी सवैलाई सम्पूर्ण प्रकारवाट रक्षा गर्दै आनन्दयुक्त पार्नु हुन्छ र गुणगान वर्णन गर्नेलाई भरणपोषण पनि गर्नुहुन्छ ॥ १४ ॥

इन्द्रोविश्वस्यराजति ॥ शन्नोऽअस्तुद्विप देशञ्चतुष्पदे ॥ १५ ॥ (वेद : ३६ । ८)

अन्वय र अर्थ :-

इन्द्रः (परम ऐश्वर्यवान् ईश्वर) विश्वस्य (विश्वको, संसारको) राजति (राजा हुन् तिनी) नः (हामी) द्विपदे (दुईखुट्टेलाई) शम् (कल्याण गर्ने तथा) चतुष्पदे (चौपाया चारखुट्टेका लागि पनि) शम् (कल्याण गर्ने) अस्तु (होउन्) ।

भावार्थ :-

परम ऐश्वर्य सम्पन्न परमेश्वर सम्पूर्ण जगतका राजा हुन् । उनी नै मनुष्य र पशुपंक्षीका लागि कल्याण गर्ने पनि हुन् ॥ १५ ॥

शन्नो मित्रः शं वरुणः शन्नो भवत्वर्यमा ॥
शन्न इन्द्रो बृहस्पतिः शन्नो विष्णुरुरुक्रमः ॥ १६ ॥

(वेद : ३६ । ९)

अन्वय र अर्थ :-

मित्र (सवैका मित्र ईश्वर) नः (हामीहरूका) शम् (कल्याणकारी हुन्) वरुणः (सवभन्दा श्रेष्ठ ईश्वर) शम् (कल्याणकारी हुन्) अयमा (न्यायकारी ईश्वर) नः (हाम्रा) शम (कल्याणकारी) भवतु (हुन्) इन्द्रः (ऐश्वर्यवान ईश्वर) नः (हाम्रा) शम् (कल्याणकारी हुन्) वृहस्पतिः (वाणीका स्वामी) विष्णुः (व्यापक र) उरुक्रमः (ठूला पराक्रमी ती ईश्वर) नः (हामीलाई) शम् (कल्याणकारी होउन्) ।

भावार्थ :-

सवैसँग प्रेम गर्ने सर्वश्रेष्ठ न्यायकारी ऐश्वर्यशाली विश्वका मालिक सर्वव्यापी ईश्वरले हामी सवैको कल्याण गरून् ॥ १६ ॥

शन्नो वातः पवतां शन्नस्तपतु सूर्यः ॥
शन्नः कनिक्रदद्देवः पर्जन्यो अभिवर्षतु ॥ १७ ॥

(वेद : ३६ । १०)

अन्वय र अर्थ :-

वातः (वायु) नः (हामीलाई) शम् (कल्याणमय हुँदै) पवताम् (वहि रहुन्, चलिरहन्) सूर्यः (सूर्य) नः (हामीलाई) शम् (कल्याणमय वन्दै) तपतु (तताउन, न्यानो दिउन्) कनिक्रदद् (गर्जना गर्ने) पर्जन्यः देवः (वृष्टि गर्ने इन्द्र, पर्जन्यदेव) नः (हामीलाई) शम् (कल्याणकारी भै) अभिवर्षतु (वर्षा गरून्, वृष्टि गरून्) ।

भावार्थ :-

वायु, सूर्यको किरण मेघको दृष्टि यी सववाट हाम्रो कल्याण भै रहोस् ॥ १७ ॥

अहानि शम्भवन्तु नः शꣳ रात्रीः प्रतिधीयताम्।
शन्नऽइन्द्राग्नी भवतामवोभिः शन्नऽइन्द्रावरुणा
रातहव्या ॥ शन्नऽइन्द्रापूषणा वाजसातौ शमि
न्द्रासोमा सुविताय शंय्योः ॥ १८ ॥ (वेद : ३६ । ११)

अन्वय र अर्थ :-

नः (हामी सवैका लागि) अहानि (दिन) शम् (कल्याणकारक) भवन्तु (होउन्) रात्रीः (रात, राती, रात्री) शम् (कल्याण) प्रतिधीयताम् (धारण गरून्, दिउन्) अवोभिः (सवै रक्षाकासाथ) इन्द्राग्नी (ऐश्वर्यवान् इन्द्र र तेजस्वी अग्निले) नः (हामीलाई) शम् (कल्याण गर्ने) भवताम् (होउन्) रात हव्यौ (अन्न दिने) इन्द्रावरणौ (इन्द्र र वरुणले) नः (हामीलाई) शम् (कल्याण गरून्) इन्द्रापूषणौ (ऐश्वर्यवान् इन्द्र र पोषण गर्ने देवले) वाजसातौ (अन्नादि दानको समयमा) नः (हामीलाई) शम् (कल्याण गरून्) इन्द्रा सोमौ (इन्द्र र सोमले) सुविताय (सुसंतति प्राप्तिका लागि) शम् (कल्याण गरून्) योः (रोग र भय निवारण गर्न पनि) शम् (कल्याण गरून्) ।

भावार्थ :-

हरेक समयमा सम्पूर्ण शक्तिहरू हाम्रा लाभदायक होउन् हाम्रो लागि दिन र रातहरू सुखकारी रहुन् । इन्द्र, अग्नि, वरुण, सोमले हामीलाई कल्याण गरून् ॥ १८ ॥

शन्नोदेवीरभिष्टयऽआपोभवन्तुपीतये। शंय्योरभिस्रवन्तुनः ॥ १९ ॥ (वेद : ३६ । १२)

अन्वय र अर्थ :-

देवी (दिव्य) आपः (पानी, उदक) अभिष्टये (हाम्रो अभीष्ट सिद्ध गर्ने) नः (हामी सबैलाई) शम् (कल्याण र) पीतये (तीर्खा शान्त गर्ने, तिर्खा मेट्ने) भवन्तु (हुन्) त्यो दिव्य जलले, नः (हामी सबैलाई) शम् (कल्याण गरून्) योः (हाम्रो रोग निवारण र अनिष्ट हटाउन) अभि स्रवन्तु (वगीरहुन्) ।

भावार्थ :-

निर्मल र स्वच्छ जलद्वारा हाम्रो प्यास मेटियोस् हाम्रा रोग निर्मूल होउन् अनिष्ट नाश होस् र हाम्रा भोज्य पदार्थ अन्न आदि हामीलाई प्राप्त भै रहोस् ॥ १९ ॥

स्योनापृथिविनोभवानृक्षरानिवेशनी ॥ यच्छानः शर्म्मसप्प्रथाः ॥ २० ॥ (वेद : ३६ । १३)

अन्वय र अर्थ :-

पृथिवी (हे भूमि !) नः (हामी सबैलाई) स्योना (सुखदायक) अनृक्षरा (कष्टरहित र) निवेशनी (वस्नका लागि उत्तम स्थान दिने) भव (होउ) नः (हामीलाई) सप्रथाः (अत्यन्त विस्तीर्ण भै) शर्म (सुख) यच्छ (देउ) ।

भावार्थ :-

हामीलाई आफु वस्नें ठाउँ काँडा विहीन आरामदायी फाराकिलो सजिलो भै जाओस्, प्राप्त होस् ॥ २० ॥

आपोहिष्ठामयोभुवस्तानऽऊर्जेदधातन॥ महेरणायचक्षसे॥ २१ ॥ (वेद : ३६ । १४)

अन्वय र अर्थ :-

अग्ने (हे अग्नि !) इमाः (यी) इष्टकाः (इष्ट दाता) मे (मेरा लागि) धनेवः (गाईहरू) सन्तु (होउन्) एका (एक) दश (दश) शतम् (एकशय) च (र) सहस्रम (हजार हुन्छन्) अर्वुदम, न्युर्वदम, च, समुद्रः च, मध्यम च, अन्तः च, परार्द्ध, (यसलाई दुईगुणा गर्दै जाँदा दशकोटी हुन्छन् एवं क्रमवाट अर्व संख्या हुन्छ यसलाई दश गुणा गर्दा दशकोटी हुन्छन् अर्को दश गुणाले खर्व, अर्को दश गुणाले निखर्व एवं प्रकारले परार्द्ध संख्या हुन्छन्) अग्ने (हे अग्नि !) एताः (यी) इष्टकाः (कल्याणदाता गाईले) अमुत्र (यो लोक) च (र) अमुस्मिन् लोके (परलोकमा) मे (मेरा) धेनवः (गाईहरू) सन्तु (मेरा लागि यथेष्ट प्रकारले मनोकामना गर्ने कामधेनु गाई जस्तै पूर्ण होउन्)।

भावार्थ :-

हे अग्निदेव ! हे कल्याणदाता ! मेरालागि प्रशस्त गाई होउन् एक दश शय हजार दशहजार, लाख दशलाख करोड दशकरोड अर्व, दश अर्व खंव, दश खर्व परार्द्ध, दश परार्द्ध गरी अत्यधिक वढ्दै जान्छन् अनि यी गाईवाट यो लोक र परलोकमा मेरा मनोकामना पूर्ण हुँदै जान्छन्। कामधेनुले जस्तै मेरो पनि मनोकामना पूर्ण गराउने ज्ञान प्राप्त होस् ॥ ६ ॥

ॐ विश्वतश्चक्षुरुत विश्वतोमुखो विश्वतोबाहुरुत विश्वतस्पात् ॥ सम्बाहुभ्यान्धमति सम्पतत्रैर्द्यावाभूमी जनयन्देवऽएकः। ॐ नेत्रत्रयाय वौषट् ॥ ७ ॥

(वेद : १७ । १९)

अन्वय र अर्थ :-

तत् (ती परमेश्वर), विश्वतः (सर्वत्र सवैतिर) चक्षुः (आँखा भएका) उत विश्वतः(सवैतिर) मुख : (मुख भएका) विश्वतः (सवैतिर) वाहुः (हात भएका) उत विश्वतः (सवैपट्टि) पात् (पाउ भएका) तिनी, वाहुभ्याम् (दुवै हातले) एक देवः (एउटै देवताले) द्यावा (स्वर्ग र) भुमि (पृथ्वी आदि लोकलाई) जनयन् (प्रकट गर्दै/सृष्टिगर्दै) पतत्रैः (प्रगतिशील प्रकृतिका परमाणुहरूवाट) सम् (संसारलाई) धमति (सुव्यवस्थित वनाए)।

भावार्थ :-

चारैतिर आँखा मुख हात भएका ती परमेश्वरले स्वर्ग र पृथ्वीको सृष्टि गर्दै प्रकृति र परमाणुद्वारा संसारलाई सुव्यवस्थित बनाए ॥ ७ ॥

हरिः ॐ । ऋचंवाचम्प्रपद्ये मनोयजुः प्रपद्ये सामप्राणम्प्रपद्ये चक्षुः श्रोत्रम्प्रपद्ये ॥ वागोजः सहौजो मयि प्राणापानौ ॥ ८ ॥ (वेद : ३६ । १)

अन्वय र अर्थ :-

वाचम् (वाणी, वोलीवाट) ऋचम् (ऋग्वेदको) प्रपद्ये (शरण लिन्छु) मनः (मनले) यजुः (यजुर्वेदको) प्रपद्ये (शरण लिन्छु) प्राणम् (प्राणले) सामः (सामवेदको) प्रपद्ये (शरण लिन्छु) श्रोत्रम् (कान इन्द्रियले) चक्षुः (अथर्ववेदको) प्रपद्ये (शरण लिन्छु) मयि (म भित्र) वाक् (वचन् र) ओजः (वल) सह ओजः (ऐक्यवद्ध र वल) प्राण अपानौ (प्राण शक्तिको वल स्थिर होस्) ।

भावार्थ :-

हे परमात्मा ! हामी वचन रूप ऋग्वेद, मनरूप यजुर्वेद, प्राणरूप सामवेद, नेत्रले अथर्ववेद ग्रहण गर्छौं, वचन र वलद्वारा अनुशासनका लागि प्राण अपान सहित शारीरिक वल हाम्रा अन्तः करणमा स्थापना गरिदिनोस् ॥ ८ ॥

यन्मे छिद्रं चक्षुषो हृदयस्य मनसो वातितृण्णं बृहस्पतिर्मे तद्दधातु ॥ शन्नो भवतु भुवनस्य यस्पतिः ॥ ९ ॥

(वेद : ३६ । २)

अन्वय र अर्थ :-

यत् (जो) मे (मेरा) चक्षुषः (आँखा) हृदयस्य (हृदय) वा (अथवा र) मनसः (मनमा) अतिततृण्णम् (ज्यादै फाटेको) छिद्रम (प्वाल छ) तत् (त्यो) मे (मेरो दोषलाई) वृहस्पतिः (ज्ञान, वुद्धिका मालिक) दधातु (ठीक गरून्) यः (जो) भुवनस्य पति : (सृष्टिका स्वामी, मालिक छन् ती मालिकले) नः (हामी सवैको) शम् भवतु (कल्याणकर्ता हुन्) ।

भावार्थः-

मेरा आँखा, हृदय, मनमा फाटेको छिद्र वा प्वाल छ, त्यस छिद्रमा भएका दोषहरू सम्पूर्ण ज्ञान र वुद्धिका मालिकले हटाईंदिउन् र उनी हामी सवैको कल्याणकारी वनून् ॥ ९ ॥

भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यम्भर्गोदेवस्यधीमहि ॥ धियोयोनः प्रचोदयात् ॥ १० ॥

(वेद : ३६ । ३)

अन्वय र अर्थ :-

भूः (सत्) भुवः (चित्) स्वः (आनन्दस्वरूप) सवितुः (जगत उतपादक) देवस्य (ईश्वरको) तत् (त्यो) वरेण्यम् (श्रेष्ठ, उत्तम) भर्गः (तेजलाई) धीमहि (हामी सवै ध्यान गर्छौं) यः (त्यो तेजले) नः (हाम्रो) धियः (वुद्धिहरूलाई) प्रचोदयात् (विशेषप्रेरणा दिउन्) ।

भावार्थ :-

सद्, चित, आनन्दस्वरूप जगत सृष्टिकर्ता परमेश्वरको उत्तम तेजलाई ध्यान गर्दछौं अर्थात् हामी धारण गर्दछौं । ती तेजले हाम्रा वुद्धिलाई सत्मार्गतर्फ जान विशेष प्रेरणा दिउन् अर्थात् हाम्रो चित्तमा पवित्रताले प्रवेश गर्नुहोस् ॥ १० ॥

कयांनश्चित्रऽआभुंवदूतीसदावृंधः सखा ॥ कयाशचिंष्ठयावृता ॥ ११ ॥ (वेद : ३६ । ४)

अन्वय र अर्थ :-

सदा-वृधः (सधै महान्) चित्रः (आश्चर्यकारक ईश्वर) कया ऊती (कल्याणमय रक्षाद्वारा) कया शचिष्ठया (कल्याणमय महाशक्तिद्वारा) वृता (वारंवार गरिने कर्मवाट) नः (हामीहरूका) सखा (मित्र, साथी) आ भुवत् (हुन्छ) ।

भावार्थ :-

सदैव महान् विचित्र यी इन्द्र हाम्रा कुन स्तुतिद्वारा आफ्ना र क्षाशक्ति सहति हाम्रा मित्र बन्लान् ? उनलाई आफ्नो संरक्षक वनाउँन कुन चाहि सुगठित स्तुति गर्नु पर्ला ? ॥ ११ ॥

कस्त्वांसत्योमदानाम्मꣳहिष्ठोमत्सदन्धसः ॥ दृढाचिदारुजेवसु ॥१२॥ (वेद : ३६ । ५)

अन्वय र अर्थ :-

हे ईश्वर ! अन्धसः (तपाई अन्नादि भोगका) मदानाम् (आनन्दले पनि) मंहिष्ठ : (धेरै आनन्दकारक) सत्य : (त्रिकालमा एक समान हुनुहुन्छ यस कारण) कः (को) त्वा (तपाईंलाई) मत्सत् (आनन्द गर्न सक्छ ?) दृढा (तपाईं बलवान्) वसु (पृथ्वी आदि पदार्थलाई पनि) अहः रुजे (छिन्न भिन्न गर्न सक्नु हे मनुष्य त्यो) कः सत्यः (आनन्दस्वरूप तीनै कालमा एक समान) मदानाम (आनन्दका कारणले) मंहिष्ठः (महान् श्रेष्ठ ईश्वर) त्वा (तपाईंलाई) अन्धसः (अन्न आदिका भोगले) मत्सन् (आनन्दित गर्छ) दृढा वस (वलवान धन) आरुजे (दुःख हटाउन दिन्छन्) ।

भावार्थ :-

हे इन्द्र ! सोमरसको कुनचाहि अंशले तिमीलाई आनन्दित पार्छ ? जुन् पिएर तिमी हर्षित हुन्छौं र याजक (हवन गर्ने) लाई दुःख निवारण गर्न सुवर्णादि धन प्रदान गर्छौं ॥ ५ ॥

हे इन्द्र देव ! अन्न आदिका भोगले (खानाले) जुन आनन्द हुन्छ त्यो भन्दा अधिक आनन्द तिम्रो प्राप्तिले हुन्छ र तिमी सधै एक समान रहन्छौं तिमीमा कहिल्यै न्यूनता र अधिकता हुँदैन, तिमीलाई आनन्द दिने कोही छैन, परन्तु तिमी नै सवलाई आनन्द दिन्छौ, तिमी यति वलिष्ठ छौ कि पृथ्वी आदि अचल पदार्थ प्रलय कालमा छिन्न भिन्न पार्छौं ? त्यो आनन्दमय सत्य र महान् ईश्वर अन्न आदि भोग र वलयुक्त धन, आपत्ति नाश गर्न मनुष्यलाई दिएर तिनलाई आनन्दित पार्छौं । ॥ १२ ॥

अन्वय र अर्थ :-

हि (निश्चय नै) आपः (पानी, जल उदक) मयो-भुवः (सुख उत्पन्न गर्ने) स्थ (हो यसकारण) ताः (त्यो पानी) नः (हामी सवैको) ऊर्जा (वल अन्न आदि वृद्धि) दधातन (धारण गरून्) महे (महान्, ठूलो) रणाय (शव्दका लागि) चक्षसे (दिव्य दृष्टिका लागि त्यो पनि कारण वनोस्) ।

भावार्थ :-

पानीवाट सम्पूर्ण सुख प्राप्त हुन सक्छ । अतः जलवाट हामी सवैलाई अन्नप्राप्त भै हाम्रो वल वढोस् । ती जलहरू ठूलो शव्द-ज्ञान प्राप्त गराई दिव्य दृष्टि प्रदान गर्नमा सहायक वनुन् ॥ २१ ॥

यो वः शिवतमो रसस्तस्य भाजयतेह नः ॥ उशतीरिव मातरः ॥ २२ ॥ (वेद : ३६ । १५)

अन्वय र अर्थ :-

इह (यो संसारमा) यः (जो) वः (जल) शिवतमः (अत्यन्त कल्याण दायक) रसः (रस हो) नः (हामीलाई) तस्य (त्यो रस) भाजयत (पियाउनोस) इव (जसरी) उसतीः (इच्छा गर्ने) मातरः (आमाहरू आफ्ना छोरालाई आफ्नो स्तन पान गराउँछन्) ।

भावार्थ :-

जलभित्र आरोग्य वर्द्धक रस छ त्यसको सेवन सवैले गर्न योग्य छ । जसरी आमाले आफ्नो प्यारो छोरालाई दूध पियाउने इच्छा राख्तै छोरा नजिकमा गई दूध पियाउँछिन् ठीक त्यसै गरी उत्तम आरोग्यवर्धक जल हामीलाई नित्य प्राप्त होस् ॥ २२ ॥

तस्मा ऽअरं गमाम वो यस्य क्षयाय जिन्वथ ॥ आपो जनयथा च नः ॥ २३ ॥
(वेद : ३६ । १६)

अन्वय र अर्थ :-

हे जलसमूह ! वः (तपाईहरू) तस्माअरम् (तपाईंको गतिमान् रसलाई) यस्य क्षयाय जिन्वथ (पूर्णरूपले प्राप्त गर्नका लागि हामी सवै तपाईकहाँ आएका छौं) आपः जनयथाचन (हे जल ! हामी सवैलाई उन्नतिमा अगाडि वढाउनोस्) ।

भावार्थ :-

हे जल ! तपाईंको गतिमान् रस प्राप्त गर्न हामी सवै तपाई समक्ष उपस्थित छौं । हामी सवैलाई गतिमान् रसले नित्य उन्नतशील पार्नुस् । ॥ २३ ॥

द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः। वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्वं शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥ २४ ॥

(वेद : ३६ । १७)

अन्वय र अर्थ :-

द्यौः (स्वर्गवाट) शान्ति अन्तरिक्षम् (आकाशवाट) शान्ति पृथिवी (पृथिवीवाट) शान्तिः (हामीलाई शान्ति प्रदान गरून्) आपः (जल, पानी) शान्तिः (शान्तिदायक वनून्) ओषधयः (औपधीहरू) वनस्पतय (वनस्पति एवं वृक्षहरूले पनि) शान्तिः (शान्ति प्रदान गरून्) सर्वम् (सम्पूर्ण जगतलाई) शान्तिः (शान्ति प्रदान गरून्) शान्ति : एव (शान्तिले) सामा (हामी सम्पूर्णलाई पनि) शान्तिः एधि (परमशान्ति प्रदान गरून्) ।

भावार्थ :-

स्वर्ग, आकाश पृथ्वी, जल, औषधी, सम्पूर्ण देवगण र परमात्माले सम्पूर्ण जगत्लाई शान्ति प्रदान गरून्, सवैतिर शान्ति नै शान्ति व्याप्त होस् । शान्तिले हामीलाई पनि परमशान्ति प्रदान गरून् ॥ २४ ॥

दृतेदृꣳहमामित्रस्यमाचक्षुषासर्वाणिभूतानिस
मीक्षन्ताम् ॥ मित्रस्याहञ्चक्षुषासर्वाणिभूतानि
समीक्षे ॥ मित्रस्यचक्षुषासमीक्षामहे ॥ २५ ॥

(वेद : ३६ । १८)

अन्वय र अर्थ :-

हे परमात्मान् ! ह (तपाई) दृते (सामार्थ्यवाट) दृम् (वनाउनोस) सर्वाणि (सवै) भूतानि (प्राणीहरू) मित्रस्य चक्षुषा (आँखाले) म समीक्षन्ताम् (हामीलाई मित्रभावले हेरुन्) सर्वानि भुतानि (सवै प्राणीहरूलाइ) अहं मित्रस्य (मैत्री भावले) चक्षुषा (आँखाले) समीक्षे (हामी सवै देख्छौं) मित्रस्य (मित्र भावले) चक्षुषा (नेत्रले) समीक्षामहे (एक अर्कालाई हेरौं) ।

भावार्थ :-

हे ईश्वर ! तपाई हामीलाई सामर्थ्यवान् वनाउनोस्, सम्पूर्ण प्राणीले हामीलाई मित्रभावले हेरून्, हामी पनि सवै मित्रभावले हेर्छौं परस्परमा मित्र भावले हेर्ने गरौं ॥ २५ ॥

दृतेदृꣳहमा ॥ ज्योक्ते सन्दृशिजीव्यासञ्ज्यो
क्तेसन्दृशिजीव्यासम् ॥ २६ ॥ (वेद : ३६ । १८)

अन्वय र अर्थ :-

हे परमात्मान् म ! ह (तपाई) दृते (सामर्थ्यवान्) दृमे (वनाउनोस्) ते (तपाईका) ज्योक् (दिव्य दर्शनले) सन्दृशि (चिरकालसम्म) जीव्यासम् (वाँची रहौं) ते (तपाईका) ज्योक् (दर्शन गर्दै) सन्दृशि (चिरकालसम्म) जीव्यासम् (लामो आयु प्राप्त गरौं) ।

भावार्थ :-

हे परमात्मा ! हामीलाई सामार्थ्यवान् वनाउनोस् तपाईका दिव्यदर्शनले लामो समयसम्म हामी वाँचौं र दीर्घायु प्राप्त गरौं । ॥ २५ ॥

नमस्तेहरसेशोचिषेनमस्तेऽअस्त्वर्चिषे ॥ अन्याँस्तेऽअस्मत्तपन्तु हेतयःपावकोऽअस्मभ्यंशिवोभव ॥ २७ ॥

(वेद : ३६ । २०

अन्वय र अर्थ :-

अग्ने (हे अग्नि !) ते (तपाईको) हरसे शोचिषे (सम्पूर्ण रस आकर्षण गर्ने ज्वालालाई) नमः अस्तु (नमस्कार) ते (तपाईका) अर्चिसे (तेजलाई) नमः (नमस्कार) ते (तपाईका) हेतयः (ज्वालाले) अस्मत् अन्यात् (हामी वाहेक हाम्रा शत्रुलाई) तपन्तु (नाश गरून्) अस्मभ्यम .(हाम्रा निमित्त) पावक : (पवित्र गर्दै) शिवोभव (कल्याणदायी हुनुहोस्) ।

भावार्थ :-

हे अग्नि ! तपाईंको ज्वालालाई नमस्कार, ती ज्वालाद्वारा हाम्रा शत्रु नष्ट होउन्, हामीलाई पवित्र पार्दै कल्याणदायी तपाईं वन्नुहोस् ॥ २६ ॥

नमस्ते।अस्तुविद्युतेनमस्तेस्तनयित्नवे ॥ नमस्तेभगवन्नस्तुयतःस्वःसमीहसे ॥ २८ ॥

(वेद : ३६ । २१)

अन्वय र अर्थ :-

विद्युते (विशेष तेजस्वरूप) ते (तपाईलाई) नमः अस्तु (नमस्कार) स्तनयित्नवे ते (भयङ्कर ठूलो शव्द गर्ने तपाईलाई) नमः (नमस्कार) भगवान् (हे ईश्वर !) यतः (किन कि) स्व (आफ्ना निजी आनन्दमा) सम् (राम्रोसँग) ईहसे (विचार गर्नुहुन्छ) ।

भावार्थ :-

तेज र शव्दमय एवं ऐश्वर्यमय ईश्वरलाई नमस्कार, जो आफ्ना स्व आनन्दले सधै आनन्दित हुन्छन् र त्यस आनन्दलाई संसारमा सबैलाई दान गर्दछन् । ॥ २८ ॥

यतो॑यतः स॒मीह॑से॒ ततो॑ नो॒ऽअभ॑यङ्कुरु ॥ शन्न॑ः कुरु प्र॒जाभ्यो॒ऽभ॑यन्नः प॒शुभ्य॑ः ॥ २९ ॥ (वेद : ३६ । २२)

अन्वय र अर्थ :-

यतः यतः (जुन जुन ठाउँवाट) सम् (कर्म, कार्य, काम) इहसे (गर्दछौं) ततः (ती ती ठाउँवाट) नः (हाम्रा निम्ति) अभयम् (निडर, अभयदान) कुरु (गर्नोस) नः (हाम्रा) प्रजाभ्यः (प्रजाहरूका लागि) शम् (कल्याणकारक) अभयम् (अभय) कुरु (गर्नोस) नः (हाम्रा) पशुभ्यः (पशुहरूका निम्ति पनि) अभय (दिनोस्) ।

भावार्थ :-

हे ईश्वर ! जुन स्थानवाट तपाईंका कर्महरू हुन्छन् ती ठाउँवाट हामी, हाम्रा प्रजा र पशुहरूका लागि पनि कल्याणदायक अभय प्रदान गर्नोस् ॥ २९ ॥

सु॒मि॒त्रि॒या न॒ऽआप॒ऽओष॑धयः सन्तु दुर्मि॒त्रि॒यास्तस्मै॑ सन्तु॒ यो॒ऽस्मान्द्वेष्टि॒ यं च॑ व॒यं द्वि॒ष्मः ॥ ३० ॥

(वेद ३६ : २३)

अन्वय र अर्थ :-

आपः (जल, पानी उदक र) ओषधयः (औषधीहरू) नः (हामी सबैलाई) सुमित्रियाः (हितकारक) सन्तु (हुन्) तथा तस्मै (त्यो शत्रुका निम्ति) दुर्मित्रियाः (दुःखकारक) सन्तु (हुन्) किनक ? यः (जो एक्लो दुष्ट, शत्रु) अस्मान् (हामीलाई) द्वेष्टि (द्वेष, वैर भाव गर्छ) यम् च (र त्यो द्वेषि शत्रुलाई) वयम् (हामी सबै) द्विष्मः (द्वेष, वैरभाव राख्छौं) ।

भावार्थ :-

हामी सबैलाई जल र औषधी आदि पदार्थ हितकारक हुन् तर जसले हाम्रो द्वेष गर्छ हामी ती उपर वैरभाव राख्छौं त्यस्ता दुष्टलाई जल औषधीहरू हानिकारक होउन् ॥ ३० ॥

तच्चक्षुर्देवहितम्पुरस्ताच्छुक्रमुच्चरत् ॥ पश्येमश
रदः शतञ्जीवेमशरदः शत ँ शृणुयामशरदः
शतम्प्रब्रवामशरदः शतमदीनाः स्याम
शरदः शतम्भूयश्चशरदः शतात् ॥ ३१ ॥

(वेद : ३६ । २४)

अन्वय र अर्थ :-

तत् (त्यो) देवहितम् (ज्ञानिहरूको हित गर्ने) शुक्रम् (शुद्ध, पवित्र) चक्षुः (ज्ञानरूपी आँखा) पुरस्तात् (पहिले नै) उत्चरत् (उत्पत्ति भयो ज्ञानचक्षुका सहायताले) शरदः शतम् (सयवर्ष पर्यन्त) पश्येम (देखौं) शरदः शतम् (सयवर्ष पर्यन्त) जीवेमः (बाँचौ) शरदः शतम् (सयवर्षतक) श्रृणुयामः (सुनौं) शरदः शतम् (सयवर्ष पर्यन्त) पब्रवामः (बोल्न, प्रवचन गर्न, सकौं) शरदः शतम् (सयवर्ष पर्यन्त) अदीना स्याम (गरीवी) नभै (रहौं) शरदः शतात् (सयवर्ष भन्दा पनि वढी) भूय च (आनन्दले रहौं) ।

भावार्थ :-

जहिले सवैको कल्याण हुन्छ त्यो ज्ञान पहिलो लिनुपर्छ । त्यसैले हाम्रो ज्ञान वढ्छ, आयु वढ्छ, हाम्रा इन्द्रियहरूको शक्ति मृत्यु पर्यन्त राम्रो अवस्थामा रहन्छन् र सयवर्ष भन्दा पनि वढी आयु प्राप्त हुन्छ ॥ ३१ ॥

॥ इति शान्तिपाठ ॥

हरिः ॐ ॥ स्वस्तिनऽइन्द्रोवृद्धश्रवाः स्व
स्तिनः पूषाविश्ववेदाः ॥ स्वस्तिनस्तार्क्ष्योऽअ
रिष्टनेमिः स्वस्तिनोबृहस्पतिर्दधातु ॥ ३२ ॥

(१९)

अन्वय र अर्थ :-

बृद्धाश्रवा (महान ऐश्वर्यशाली) इन्दः (इन्द्र) नः (हामीहरूलाई) स्वस्ति (कल्याण गरून्) विश्ववेदाः (जगतका ज्ञाता) पूषा (पूषदेव) नः (हामीलाई) स्वस्ति (कल्याण गरून्) अरिष्टनेमिः (अनिष्टनाश गर्ने) तार्क्ष्यः (गरुड देवले) नः (हामीलाई) स्वस्ति (कल्याण गरून्) वृहस्पति (गुरु वृहस्पतिले) नः (हामीलाई) स्वस्ति (कल्याण) दधातु (दिउन्, राखुन्) ।

भावार्थ :-

ऐश्वर्यशाली इन्द्र जगत्का ज्ञाता पूषदेव, अनिष्ट नाश गर्ने गरुड र गुरु वृहस्पतिले हामीलाई कल्याण गरून् चिरायु गरून् ॥ ३२ ॥

विष्णो॑ र॒राट॑मसि॒ विष्णोः॑ श्न॒प्त्रे॑ स्थो॒ विष्णोः॒ स्यूर॑सि॒ विष्णो॑र्ध्रु॒वो॑ऽसि ॥ वै॒ष्ण॒वम॑सि॒ विष्ण॑वे त्वा ॥ ३३ ॥

(वेद : ५ । २१)

अन्वय र अर्थ :-

विष्णोः (व्यापक परमात्माको) ररटाम् (प्रकाश) असि (फैलिरहेछ) विष्णोः (विष्णुवाट) धुवा असि (यो विश्व थिर छ) विष्णोः (विष्णुवाट) स्यूः (यो जगत, यो संसार) असि (विस्तृत छ) वैष्णवम् असि (यो सवै संसार परमात्माले व्याप्त छ) विष्णोः (परमात्मादेखि) श्नप्त्रे स्थः (जड र चेत यी दुई प्रकारको जगत् सृष्टिभयो) त्वा. विष्णवे (जगत उत्पत्ति गर्ने तिमीव्यापक परमात्मालाई प्रार्थना गर्छौं) ।

भावार्थ :-

परमात्माको प्रकाश व्यापक रूपले फैलिएको छ । तिनै परमात्मावाट यो जगत स्थिर र विस्तृत छ । परमात्मावाटै जड र चेतनको सृष्टि भयो । त्यस्ता जगत् उत्पत्ति गर्ने परमात्मालाई हामी वन्दना गर्छौं ॥ ३३ ॥

अ॒ग्निर्दे॒वता॒ वातो॑ दे॒वता॒ सूर्यो॑ दे॒वता॑ च॒न्द्रमा॑ दे॒वता॒ वस॑वो दे॒वता॑ रु॒द्रा दे॒वता॑दि॒त्या दे॒वता॑ म॒रुतो॑ दे॒वता॒ विश्वे॑ दे॒वा दे॒वता॒ बृह॒स्पति॑र्दे॒वतेन्द्रो॑ दे॒वता॒ वरु॑णो दे॒वता ॥ ३४ ॥

(वेद : १४ । २०)

अन्वय र अर्थ :-

अग्निः देवता (हे अग्निदेव !) वातः देवता (हे वायुदेव !) सूर्यः देवता (हे सूर्यदेव !) चन्द्रमा देवता (हे चन्द्रदेव !) वसवो देवता (हे अष्ट वसुदेव !) रुद्राः देवता (हे एकादश गण रुद्रदेव !) आदित्याः देवताः (हे आदित्य देव सूर्य !) मरुवः देवताः (हे मरुत् गण

देव !) विश्वेदेवाः देवताः (हे विश्वेदेव देवता !) वृहस्पतिः देवता (हे वृहस्पति देव !) इन्द्रः देवता (हे इन्द्रदेव !) वरुणः देवता (हे वरुण देव !) यी सम्पूर्ण देवगण व्रह्माण्डमा परमेश्वरको शक्ति स्वरूपमा विद्यमान छन् यी सवै देवलाई मनमा राखी स्थापना गर्दछु ।

भावार्थ :-

अग्नि, वायु, सूर्य, चन्द्रमा, अष्टवसु, एकादश रुद्र, सूर्य मरुतगण, विश्वेदेव, वृहस्पति, इन्द्र वरुण, यी सम्पूर्ण देवगण व्रह्माण्डमा शक्ति स्वरूप भै व्याप्त छन् । यिनलाई हृदयले आराधना गरी आफ्नो हृदयभित्र स्थापना गरेर राख्तछु ॥ ३४ ॥

विश्वानिदेवसवितर्दुरितानिपरासुव ॥ यद्भद्र न्तन्नऽआसुव ॥ ३५॥ (वेद : ३० । ३)

अन्वय र अर्थ :-

हे सवित देव ! (सूर्यदेव हे भगवान्) विश्वानि दुरिवानि (संसारमा रहेका खराव कार्य) परासुव (धोइदिनोस्, निर्मल गरि दिनोस्) यत भद्रम् (जो शुभ कार्य छन्) तत् (त्यो) नः (हामी सवैमा) आ-सुव (प्रवेश नगराउनोस्) ।

भावार्थ :-

खराव आचरण त्याग्न र असल आचरण ग्रहणमा संधै प्रयत्नरत हुनुपर्छ । असल चरित्र प्राप्तिको लागि ईश्वरसँग सहायता लिन प्रार्थना गर्नुपर्छ ॥ ३५ ॥

एततकर्म श्री साम्बसदाशिवार्पणमस्तु

॥ इति ॥

सन्दर्भ ग्रन्थहरु :-

(१) **पूजाविधि सहित रूद्राष्टाध्यायी नामसरी टीका**
टीकाकार एवं संकलन कर्ताः ब्रहमचारी दुगल किशोर
प्रकाशनः श्री विन्ध्यंवासिनी वैदिक विद्याश्रम, शिव मन्दिर पोखरा, नेपाल

(२) **शुक्ल यजुर्वेदीय रूद्राष्टाध्यायी**
लेखक : पं. वेणीराम गौड वेदाचार्य,
प्रकाशन : व्यास प्रकाशन, मान मन्दिर वाराणसी

(३) **बालबोधनी रूद्राभिषेक पद्धतिः**
लेखकः यशोदा प्रकाशन, वाराणसी

(४) **पूजाविधि सहित रूद्रपद्धति : -**
लेखक : बुद्धिसागर पराजुली
प्रकाशनः रत्न पुस्तक भण्डार र भोटाहिटी, काठमाण्डौं, नेपाल

(५) **यजुर्वेद संहिता** (सरल हिंदी भावार्थ सहित)
लेखकः सं. पं. श्रीराम शार्मा आचार्य, माता भगवती देवी शर्मा
प्रकाशनः ब्रहम वर्चस्, शान्ति कुन्ज, हरिद्वार (उ. प्र.)

(६) **यजुर्वेदका सुवोध भाष्य** (भाग १ र २)
लेखकः ले. पद्मभूषण ब्रहमर्षि / पं. श्रीपाद दामोदर सातवलेकर
प्रकाशन : वसन्त श्रीपाद सातवलेकर, स्वाध्याय गण्डल, पारडी जि. वलसांड

(७) **यजुर्वेद / सामवेद भाषा भाष्य संपूर्ण**
दयानन्द संस्थान, नईदिल्ली – ५

(८) **शिव महिम्नः स्तोत्रम्**
अनुवादकः हेमराज ज्ञवाली
प्रकाशनः गीता सभुदय प्रकाशन काठमाण्डौं

(९) **बाल प्रबोधनी रूद्राभिषेक** (नेपाली टीका सहित)
प्रकाशनः जयनेपाल प्रकाशन, कंचौडीगली, वाराणसी

पुस्तक पाइने ठेगाना

(१)	दुर्गा पुस्तक भण्डार, देवपाटन,	फोन नं. ४४६१११६
(२)	सव-वे पुस्तक, रत्नपार्क	फोन नं. ४२३०१९०
(३)	रत्न पुस्तक भण्डार, माइतीघर	फोन नं. ४२४०८५०
(४)	रत्न पुस्तक भण्डार, बागबजार,	फोन नं. ४२२३०२६
(५)	नेशनल बुक सेन्टर, भोटाहिटी,	फोन नं. ४२२१२६९
(६)	हरेक पुस्तक भण्डार, भोटाहिटी,	फोन नं. ४२५२९००
(७)	पैरवी प्रकाशन, रामशाहपथ	फोन नं. ४२२९२३३
(८)	पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर, पुतलीसडक	फोन नं. ४४३०८२३
(९)	लुम्बिनी पुस्तक भण्डार, रत्नपार्क	फोन नं. ४२३१४८५
(१०)	समता बुक एण्ड स्टेशनरी, भोटाहिटी	फोन नं. ४२२३७०६
(११)	पाटन बुक सप, पाटन ढोका	फोन नं. ५५५५२५६
(१२)	विश्व नेपाली पुस्तक सदन, बागबजार	फोन नं. ४२२४२२६
(१३)	उन्नति बुकस एण्ड स्टेशनरी, प्रर्दशनी मार्ग	फोन नं. ४२१९०७०
(१४)	राई बुक्स एण्ड स्टेशनरी, जाउलाखेल	फोन नं. ५५५०३६०
(१५)	समन बुक्स एण्ड स्टेशनरी, पुतलीसडक	फोन नं. ४४२४८९५

रचनाकारको परिचय

नाम र ठेगाना : **मदनप्रसाद अर्याल**

बालाजु बाइपास, काठमाडौं
(एभरेष्ट गीता निकेतन, पुराण घर)
फोनः ४३५१०१२, ४३५००८२, पो. ब. ८५२२

जन्ममिति : २४ फरवरी १९४६ (२००२ फागुन ९ गते)

पिता माता : स्व. पं. तुलसीराम / भक्तकुमारी

शिक्षा : साहित्याचार्य द्वितीयखण्ड (सं.वि. वाराणसी) एम. ए. (नेपाली) बी. एल. (त्रि.वि. काठमाडौं) जन प्रशासनमा एम. ए. (चण्डीगढ)

विभूषण : गोरखा दक्षिण बाहु (तेस्रा) र विरेन्द्र ऐश्वर्य सेवा पदक र अन्य पदकहरू

पेशा : श्री ५ को सरकारको प्रशासन सेवा राजपत्रांकित विशिष्ट श्रेणी (सचिव, रक्षा मन्त्रालय)

प्रकाशित कृतिहरू :

(१) एभरेष्ट गीता (गीतको अंग्रेजी, हिन्दी र नेपाली भाषाहरूमा अनुवाद)
(२) भर्तृहरिका नीति श्रृंगार र वैराग्य शतक
(३) व्यवहार नीति, सेवा नीति र कूटनीति (विदुर धौम्य र कणिक नीति)
(४) सजिलो गीता (गीताको सरल नेपालीमा पद्यानुवाद)
(५) चाणक्यको जीवनी र नीतिशास्त्र
(६) रूद्रिको किताब (शिव पूजा विधि मन्त्रको अन्वयार्थ र भावार्थसहित नेपाली अनुवाद)
(७) नेपालीमा चण्डी

महत्वपूर्ण सामाजिक योगदान :

(१) तरुण मा.वि. बालाजुको संस्थापक सचिव – २०२७
(२) वरुण क्याम्पस खाँदवारी; संखुवासभाको संस्थापक – २०४३
(३) संस्थापक सदस्य ग्रामीण बहुमुखी क्याम्पस मनमैजु, काठमाडौं – २०५२
(४) संस्थापक सदस्य मकवानपुर बहुमुखी क्याम्पस पालुङ – २०५३
(५) मनकामना आश्रम सेवा कोष तुम्लिङ्टार संखुवासभाको २०४३ सालमा स्थापना गर्नुका साथै २०४६ सालमा सिन्धुली जिल्लास्थित कालीमाई र कमलामाई नित्य पूजा व्यवस्था कोषको स्थापना गर्नुका अतिरिक्त आजीवन सदस्यको हैसियतले धेरै सामाजिक र धार्मिक संस्थाहरूमा योगदान पुर्‍याउँदै रहेको ।

तब तत्वं नं जानामि किदृशो ऽ सि महेश्वर !
याद‍ृशो ऽ सि महादेव ! तादृशाय नमोनमः

हे महेश्वर ! कस्तो छौ
तिम्रो तत्व म बुझ्दिन
जस्तो जे छौ महादेव !
त्यस्तैलाई नमोनमः

शिलाकार अफसेट प्रेस, ४२५०४९८